CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट बक्सेका अन्तर्वार्ता

२०२९–२०४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट बक्सेका अन्तर्वार्ता

संकलन तथा सम्पादन

भरत कुमार प्रसाई

प्रकाशकः–

भरत कुमार प्रसाई

घट्टेकुलो, डिल्लीबजार

काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम संस्करणः– १००१ प्रति

मिति २०४१ जेठ ३१

मूल्यः–

रु. २६.५० मात्र

विद्यार्थीका लागिः–

रु.

१३५७६

मुद्रकः–

गोरखापत्र संस्थानको छापाखाना
धर्मपथ, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो भनाई

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वि. सं. २०२८ सालमा राज्यारोहण गरिबक्सेपछि राष्ट्र र जनताकै सर्वाङ्गिण उन्नति, समृद्धि गर्ने हेतुले राष्ट्रिय विकास परिषद्को गठन, विकास क्षेत्रको विभाजन, शान्ति क्षेत्रको प्रस्ताव, राष्ट्रिय जनमतसंग्रह, संविधानको तेस्रो संशोधन जस्ता स्तुत्य कार्यहरू गरिबक्सि विकास एवं शान्तिप्रतिको नेपाली आकांक्षालाई मूर्तरूप दिइबक्सिएको छ ।

यही प्रसंगमा, मौसूफ सरकारबाट समय समयमा स्वदेशी तथा विदेशी पत्रकारहरूलाई अन्तर्वार्ता बक्सिएर राष्ट्रिय जीवनका विविध पक्षबारे अवगत गराउँदै आइबक्सेको छ । श्री ५ बाट बक्सिएका ती अन्तर्वार्तामा नेपाल तथा सम्पूर्ण नेपाली कै विचार, भावना, आकांक्षा तथा दृष्टिकोणले एक सजिव अभिव्यक्ति पाएका छन् भन्ने कुरामा दुईमत नहोला ।

मौसूफ सरकारबाट वि. सं. २०२९ सालदेखि वि. सं. २०४० सालको अवधिमा बक्सिएका विचारोत्तेजक अन्तर्वार्ताहरू यस पुस्तकमा प्रस्तुत गरिएका छन् ।

पुस्तक प्रकाशनमा गोरखापत्र संस्थानका अध्यक्ष तथा महाप्रबन्धक श्री नगेन्द्र शर्मा तथा प्रा. मोहन सिटौलाबाट प्राप्त प्रेरणाका लागि उहाँहरू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

भरत कुमार प्रसाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूचि

सि. नं.		पेज
१.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट अंग्रेजी दैनिक "द मदरलैण्ड" लाई धनकुटामा बक्सिएको अन्तर्वार्ता...............	१
२.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नर्वेजियन ब्रोडकाष्टिङ कर्पोरेशनका सम्पादकलाई बक्सिएको अन्तर्वार्ता	२
३.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट न्यूज विकलाई बक्सिएको अन्तर्वार्ता..................................	४
४.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट भारतीय पत्रकारहरूको समूहलाई काठमाडौंमा बक्सिएको अन्तर्वार्ता	७
५.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट न्यूवर्क टाइम्स, हिन्दुस्तान टाइम्स तथा स्टेट्सम्यानका प्रतिनिधिहरूलाई बक्सिएको अन्तर्वार्ता	९
६.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट समाजका सम्पादक श्री मणिराज उपाध्याय र नयाँ सन्देश तथा न्यू हेरल्डका सम्पादक श्री रमेश नाथ पाण्डेलाई बक्सिएको अन्तर्वार्ता.....................	१४
७.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट युगोस्लाभियाको समाचार समिति तान्जुगलाई बक्सिएको अन्तर्वार्ता.............	१८
८.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट फार इष्टर्न इकोनोमिक रिभ्यूका समाचारदातालाई बक्सिएको अन्तर्वार्ता	२२
९.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट रूपरेखाका सम्पादक उत्तम कुँवरलाई बक्सिएको अन्तर्वार्ता....................	२७
१०.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट इजिप्टको अरवी भाषाको दैनिक अल अहरामका मोहम्मद आइसालाई बक्सिएको अन्तर्वार्ता	३०
११.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट अरवियाको अरव न्यूज जेद्दाका समाचारदातालाई बक्सिएको अन्तर्वार्ता.............	३३
१२.	श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट चीनियाँ पत्रकारहरूलाई बक्सिएको अन्तर्वार्ता........	३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट फार इष्टर्न इकोनोमिक रिभ्यूका सम्बाददाता श्री सलामत अलीलाई बक्सिएको अन्तर्वार्ता... ४१

१४. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट फ्रेञ्च समाचार समिति (ए. एफ. पी.) का दक्षिण एशियाली विभागका निर्देशक जोएल हेनरीलाई बक्सिएको अन्तर्वार्ता........................ ४५

१५. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट एसोसिएट प्रेस अफ पाकिस्तानका समाचारदाता सज्जाद कुरेसी तथा पाकिस्तान ब्रोडकाष्टिङ्ग कर्पोरेशनका समाचार नियन्त्रक रफी जुवेरीलाई बक्सिएको अन्तर्वार्ता.... ५१

१६. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट स्पेनी सम्बाद समिति का प्रतिनिधि श्री फ्रान्सिस्को ओसवालाई बक्सिएको अन्तर्वार्ता...... ५५

१७. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट पब्लिक ब्रोडकाष्टिङ्ग सिस्टमको टेलिभिजनका सम्बाददातालाई बक्सिएको अन्तर्वार्ता...... ६२

१८. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट कोलम्बिया ब्रोड काष्टिङ्ग सर्भिसका श्री जर्ज हर्मोन क्वेरिङलाई बक्सिएको अन्तर्वार्ता.... ६४

१९. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट संयुक्त राज्य अमेरिकी पत्रकारको प्रश्नमा उत्तर बक्सिएको ६६

२०. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट भ्वाइस अफ अमेरिका का सम्बाददातालाई बक्सिएको अन्तर्वार्ता................ ६८

२१. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट न्यूज विकका श्री जेन ह्विटमोरलाई बक्सिएको अन्तर्वार्ता...................... ७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवर्तित समयको माँग पूरा गर्न प्रशस्त अवसर उपलब्ध हुने

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट एउटा सुधार कार्यक्रम क्रमिक रूपमा छिटै कार्यान्वित हुने कुराको संकेत बक्सेको छ ।

श्री ५ महाराजाधिराज सरकारबाट उक्त कुरा स्थानीय अंग्रेजी दैनिक द मदरलैण्डलाई धनकुटा सवारी शिविरमा हालै बक्सेको विशेष अन्तर्वार्तामा हुकुम भएको कुरा आज प्रकाशित उक्त दैनिकमा जनाइएको छ ।

मौसूफ सरकारबाट हुकुम भयो– उक्त सुधार कार्यक्रमको मसौदालाई अन्तिम रूप दिइँदैछ ।

उक्त कार्यक्रम अन्तंगत पञ्चायत व्यवस्थाको ढांचामा कुनै हेरफेर नहुने कुरा संकेत गरिबक्संदै मौसूफ सरकारबाट हुकुम भयो, तर परिवर्तित समयको माँग पूरा गर्न प्रशस्त अवसरहरू उपलब्ध हुने छ । आमूल परिवर्तन हुनु पर्छ भन्नेहरूका सम्बन्धमा मौसूफ सरकारबाट हुकुम भयो, उनीहरू के चाहन्छन् भन्ने कुरा स्पष्ट छन ।

विकासका सम्बन्धमा श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो विकास आयोजनाहरूलाई द्रुतगति दिने साधारणतया विभिन्न विभागहरू र खास गरी केन्द्र र जिल्लाहरूका बीच बढी र राम्रो समन्वय हुनु पर्दछ ।

यसै सन्दर्भमा मौसूफ सरकारबाट हुकुम भयो, प्रशासनलाई बढी सक्षम र विकासोन्मुख तुल्याउन सम्बन्धित सबैलाई समय समयमा आवश्यक निर्देशनहरू दिइएको छ ।

प्रेसको कार्य बारे श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो, प्रेसले सरकारको स्वस्थ रूपमा आलोचना गर्न डराउनु हुँदैन तर समाचार र सम्पादकीय टिप्पणी तथ्यपूर्ण र जिम्मेवारीपूर्ण हुनु पर्दछ ।

गोरखापत्रमा प्रकाशित चैत्र १७, २०२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यवस्थाको मुख्य लक्ष्य अधिकारको विकेन्द्रीकरण

श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भएको छ– आर्थिक, क्रान्तिको मुख्य उद्देश्य देशको सबै भागमा लगानीको वितरण गर्नु हो। मौसूफ सरकारबाट उक्त कुरा आज बिहान नर्वेजियन ब्रोडकास्टिङ्ग कर्पोरेशनका सम्पादकलाई दिइबक्सेको अनौपचारिक अन्तर्वार्तामा हुकुम भएको हो। मौसूफबाट हुकुम भएको छ– जनता लाभान्वित हुने गरी लगानीको विस्तृतीकरणमा जोड दिइएको छ।

सामाजिक व्यवस्थामा विवेचना गरिबक्संदै श्री ५बाट हुकुम भयो– समाज, व्यवस्थामा परिवर्तन ल्याउन समय लाग्ने छ। यो तुरून्तै परिवर्तन गर्न सकिने कुरा होइन। परिवर्तन त माथिबाट लादेर पनि ल्याउन सकिएला, तर त्यसरी ल्याएको परिवर्तन खोक्रो खालको हुने छ। त्यसैले समाज व्यवस्थामा ल्याइने कुनै पनि परिवर्तन जगैदेखि उठाएर ल्याइएको हुनु पर्छ। तसर्थ परिवर्तन क्रमिक गतिमा हुनुपर्छ। यो ढीलो हुन्छ तापनि यसमा निरन्तर दवाव दिइरहनु पर्दछ।

एउटा सानो स्वतन्त्र राष्ट्रको हैसियतले नेपाललाई पनि आउने समस्याबारे सोधिएको एक प्रश्नमा मौसूफबाट हुकुम भयो– वास्तवमा यो समस्या सामान्य हो र नेपालीहरू यसै स्थितिमा इतिहासको शुरू देखि बांच्दै आएका छन्। हाम्रो उत्तर र दक्षिणमा संधै ठूला शक्तिहरू छन्। श्री ५ महाराजाधिराजबाट हुकुम भयो– नेपालले बेहोर्नु परिरहेको एउटा समस्या आज के छ भने यो भू–परिवेष्ठित छ। यसका धेरै वेफाइदाहरू छन्, खास गरेर आयात, निर्यात र आवागमनका अप्ठ्यारा क्षेत्रमा असुविधा परिरहेको छ।

अर्कापट्टि हाम्रो परराष्ट्रनीति कस्तो छ भने हामी आफ्ना छिमेकीहरूसित मित्रता कायम राख्न चाहन्छौं। पक्ष लिनुको कुनै अर्थ रहँदैन हामीलाई थाह छ– हामीले कुनै एकको पक्ष लियौं भने अर्को चाहिं वैरी हुने छ। यसबाट नेपाललाई कुनै सहयोग पुग्ने छैन। यो अदूरदर्शी नीति हो र हामी निश्चितरूपले अझ बढी दूरदर्शी नीतिमा बिश्वास गर्दछौं–एक अझ बढी दूरदर्शी नीतिमा विश्वास गर्दछौं। यसैबाट हामी आफ्ना दुवै छमेकीहरूसित र विश्वका अरू देशहरूसित यथासम्भव मित्रता कायम राख्न समर्थ हुनेछौं।

श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– यो परराष्ट्रनीति नेपाली जनताको सहयोगबाट नै सम्भव हुन गएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली जनता यो कुरा बुझ्दछन् किन भने नेपालको निम्ति सबभन्दा ठूलो कुरा यसको स्वतन्त्रता र सार्वभौमिकता कायम राख्नु हो भन्ने कुरा उनीहरूलाई थाहा छ। यस विषयमा स्वर्गीय श्री ५ महेन्द्र सफल होइबक्सन्थ्यो भन्ने उल्लेख गरिबक्संदै श्री ५ बाट यस क्षेत्रमा पनि केही गर्न सकिबक्सने आत्मविश्वास प्रकट गरिबक्स्यो।

राजतन्त्रको पूर्णाधिकारबारे सोधिएको एक प्रश्नको उत्तरमा श्री ५ बाट हुकुम भयो–यो प्रश्नलाई दुई भिन्न भिन्न तरीकाबाट व्याख्या गर्न सकिन्छः तिनमध्ये एउटा राजा हुनु नै हो। यो उत्तरदायित्व बहन गर्न नै हामी हुर्केका हौं। यो संघर्ष गरेर प्राप्त हुने कुनै चीज होइन, तपाईलाई थाहा छ, यो एउटा कांध थाप्ने कुरा हो र यो थाहा हुनु पर्छ कि एकदिन जनताको समस्याको सामना गर्नु पर्छ। यो जन्मै देखि लिएर आउने कर्तब्य हो, यसलाई पालना गर्नै पर्छ र दायित्वको पालना र चुनौतीको सामना गर्न पनि क्रमशः इच्छुक हुँदै आइन्छ। अर्कोतिर, राजपूर्णाधिकार आफैंले मात्र प्रयोग गर्न सक्ने कुरा होइन, यो बांडिनु पर्छ। यसमा जनताको सहयोग पनि हुनै पर्छ। आफैंले मात्र गर्नु बुद्धिमानी हुँदैन। पञ्चायती व्यवस्थाले गर्न खोजेको कुरा पनि यही हो। हामी सबभन्दा तल्लो तहसम्मलाई अधिकार दिने प्रयत्न गरिरहेका छौं। हामी ग्रामीण जनतालाई पनि अधिकार दिन चाहिरहेका छौं, ताकि उनीहरूले आफ्नै खुट्टामा उभिएर आफ्ना समस्याहरू सुल्झाउन र आफ्नै तहबाट आफ्ना समस्याहरूमा निर्णय लिन समर्थ हुनेछन्।

गोरखापत्रमा प्रकाशित जेष्ठ १२, २०३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा आधारभूत समस्याहरू विकास र हाम्रो राष्ट्रिय व्यक्तित्वको संरक्षण गर्नु

प्रश्नः– सरकारको अधिराज्यमा मुख्य समस्याहरू के के छन् सरकार ?

उत्तरः– हाम्रा आधारभूत समस्याहरू विकास र हाम्रो राष्ट्रिय व्यक्तित्वको संरक्षण गर्नु हो । नेपाल सबभन्दा कम विकसित देशहरूमध्ये एउटा हो । यो एउटा सानो देश पनि हो, जो विश्वका सबभन्दा बढी जनसंख्या भएका दुई देशहरूका बीचमा रहेको छ । तसर्थ कुनै स्थिति र अवस्थामा पनि हाम्रो सार्वभौमिकतामा खतरा आउन नदिनलाई हामी तयार रहनु पर्दछ ।

प्रश्नः– भारत र चीनका बीचको "बफर" राज्य भनी प्रायः भनिने देशका नेताको हैसियतले सरकार यी दुई शक्तिहरूबाट कुनै खतरा महसूस गरिबक्सन्छ कि ? एकातिरबाट आउने खतरा हटाउन सरकारबाट अर्कातिरबाट सहायता लिइबक्सने हो कि ?

उत्तरः– "बफर" राज्यको सिद्धान्त पुरानो भइसकेको छ । विश्वका ५० भन्दा बढी देशहरूसंग स्वतन्त्र सम्बन्ध भएको नेपाल एक स्वाधीन देश हो । नेपाल उपमहाद्वीपको भाग होइन, चीन र भारत दुवैलाई छुने एशियाको भू–भाग हो । हामी यी दुवै देशहरूसंग मैत्रीपूर्ण सम्बन्ध कायम राख्न सक्छौं भन्ने तथ्य हाम्रो ऐतिहासिक अनुभवले सिद्ध गर्दछ । एउटालाई अर्कोसंग जुधाउनु हामी अदूरदर्शी नीति ठान्दछौं ।

प्रश्नः– नेपाललाई राजनीतिक रूपमा आधुनिक पार्न सरकारबाट कस्ता कदमहरू चालिबक्संदै छ ?

उत्तरः– प्रत्येक मानव समुदायका विश्वास, मान्यता तथा जीवन पद्धति बेग्ला बेग्लै हुन्छन् तसर्थ कुनै पनि राजनीतिक पद्धतिलाई पूर्णतया अनुकरण गर्नु पनि कुनै आवश्यकता छैन । हामी आफ्नो प्रतिभा अनुरूप विकास गर्न चाहन्छौं । हाम्रा परम्परा समृद्ध छन्– त्यसैले नेपालले अपनाएको दलबिहीन पञ्चायती व्यवस्था सबै राजनीतिक प्रणालीका असल कुराहरू समावेश गर्ने आकांक्षाले प्रेरित छ ।

प्रश्नः– पञ्चायती व्यवस्थाबाट जनता कसरी लाभान्वित भएका छन्, सरकार ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरः— यसबाट देशमा स्थायित्व आएको छ । नेपालका जनता ४ हज्जार गाउँ पञ्चायतका माध्यमबाट आफ्ना समस्याहरू प्रस्तुत गर्न सक्षम भएका छन् । यस व्यवस्थाले गर्दा भूमिपति र किसानहरूका बीच संघर्ष हुन पाएन । यस व्यवस्थाले गर्दा महिलाहरू बोल्ने भए, किसानहरू बढी समृद्ध भए, मजदूरहरू बढी चेतनशील बने, युवकहरू बढी स्पष्टवादी भए तथा भूतपूर्व सैनिकहरू पनि सक्रिय बने ।

प्रश्नः— राजगद्दीमा आसीन होइबक्से पछि सरकारबाट शोषण मुक्त प्रजातान्त्रिक एवं प्रगतिशील समाजको स्थापना गर्ने संकल्प गरिबक्सेको थियो । तथापि नेपालमा अझै राजनीतिक बन्दी छन् तथा प्रेस स्वतन्त्र छैन भन्ने आरोपहरू सुनिन्छ ?

उत्तरः— समानतावादी समाज एउटा आदर्श हो जसको स्थापना गर्न हामीले प्रयास गर्नु पर्छ, तर वर्णाश्रममा आधारित सामाजिक बनौटलाई परिवर्तन गर्नु सजिलो कुरा होइन— यो काम एक दिनमै गर्न सकिन्न ।

मेरो सरकारले कसैलाई पनि थुनामा राख्न चाहेको छैन । यो थुनिनेहरूको इच्छामै निर्भर गर्दछ । हाम्रा लोकप्रिय संस्थाहरूलाई बिगार्ने प्रयासमा कोही लाग्छन् भने उनीहरूले नै त्यसको परिणाम भोग्नु पर्छ । प्रेस परिपक्व होस् र यसले तथ्यपूर्ण समाचारहरू देओस् भन्ने इच्छा राखिएको हो । म विभिन्न बिचारधाराहरूलाई स्वागत गर्दछु तर यिनबाट हाम्रो सार्वभौमिकतामा आंच पुऱ्याउने वा नेपाली जनताले हृदयदेखि नै अंगीकार गरेका मान्यता खल्बल्याउने जस्ता कामहरू कुनै हालतमा हुनु हुँदैन ।

प्रश्नः— अधिराज्यमा भ्रष्टचार भएका समाचार पनि सुनिन्छन्, सरकार ?

उत्तरः— हो ! हामीले माथिल्लो तहका धेरै कर्मचारीहरूलाई अवकाश दिएका छौं, तर यति मात्र प्रर्याप्त छैन । जनतामा जागृति ल्याएर जनताको जीवनस्तर उठाएर तथा जनभावनामा परिवर्तन ल्याएर मात्र भ्रष्टचारलाई उन्मूलन गर्न सकिन्छ ।

प्रश्नः— सिक्किम्म वा अफगानिस्तानका जस्ता घटना नेपालमा पनि हुन सक्छन् कि सरकार ?

उत्तरः— मेरो बिचारमा जनतालाई वास्तविक मर्का पऱ्यो भने असन्तोष देखाउँछन् । जन आकांक्षालाई ध्यानमा राखी जनताका मूलभूत आवश्यकताहरूको पूर्ति गर्नु नेतृत्वको कर्तब्य हो । मेरो सरकारले ठीक यही नै गरिरहेको छ भन्ने मलाई विश्वास छ ।

प्रश्नः— सरकार, बेलायत जस्तै नेपाल संवैधानिक राजतन्त्र हुन सक्ला ?

उत्तरः— मेरो देश संवैधानिक राजतन्त्र हो किन कि मेरो सरकार र जनता संविधान अन्तर्गत छन् । नेपालमा राजा र प्रजाले हिन्दू धर्म अनुसार आचरण गर्नुपर्छ । राजाबाट यो मान्यता परिवर्तन हुन सक्तन । राजाका पनि नैतिक मर्यादाहरू हुन्छन् । यस मान्यता अनुसार जनताको रक्षा गर्नु, न्याय दिनु तथा खराब गर्नेहरूलाई सजांय दिनु नै राजाको कर्तव्य हो । वास्तवमा राजामा जनताको सामूहिक व्यक्तित्व प्रतिबिम्बित छ र जनताका इच्छा अनुकूल नै राजाबाट संविधान दिइन्छ तथा त्यसको संशोधन हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः– ईश्वरको रूपमा मानिंदा सरकार कस्तो अनुभव गरिबक्सिन्छ ?

उत्तरः– यसबारेमा म कस्तो अनुभूति गर्छु भन्ने प्रश्न होइन । स्थानीय रीति–रिवाज तथा परम्पराहरू हुन्छन् र यो कुरा हाम्रा धार्मिक पृष्ठभूमिसंग सम्बद्ध छ । जनतालाई अन्यायबाट बचाउनु वेद अनुसार मेरो दायित्व हो । राजा ईश्वर हो भन्ने विश्वास जनतामा छ ।

प्रश्नः– पश्चिमी शिक्षाबाट मौसूफका कार्यहरूमा कत्तिको प्रभाव परेको छ, सरकार ?

उत्तरः– पश्चिमी शिक्षाले गर्दा मेरो सोचाई वस्तुवादी बनेको छ । यसले गर्दा विश्लेषणात्मक दृष्टिकोणले हेर्ने गर्दछु र म समस्याहरू भावुक नभैकन केलाउँदछु, तर पश्चिमी शिक्षा निकै उपयोगी भएता पनि पर्याप्त छैन । यसमा जनताका बीच रहेर प्राप्त अनुभवहरू थपिनु पर्दछ र यो नः गर्न मैले कोशिश गरेको छु ।

प्रश्नः– सरकार कुन समस्याहरूलाई प्राथमिकता दिइबक्सन्छ ?

उत्तरः– म नेपाली जनताको जीवनस्तर माथि उठाउने कार्यलाई सबभन्दा बढी प्राथमिकता दिने छु । यसको अर्थ तुरून्तै समृद्ध भइहाल्छन् भन्ने होइन तर अधिकांश नेपाली जनतामा विद्यमान गरीबीको दुखद अवस्था घट्तै जानेछ ।

गोरखापत्रमा प्रकाशित भाद्र २१, २०३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल–भारत मैत्री सम्बन्ध संयमपूर्ण हुनु आवश्यक

श्री ५ महाराजाधिराज सरकारबाट नेपाल भ्रमणमा आएका भारतीय पत्रकारहरूको टोलीलाई काठमाडौंमा दर्शन भेट बक्सेको थियो ।

श्री ५ महाराजाधिराज सरकारबाट त्यस अवसरमा हुकुम भएका कुराहरू टाइम्स अफ इण्डिया, इण्डियन एक्सप्रेस र स्टेटसम्यान जस्ता प्रमुख दैनिक पत्रहरूले मुख पृष्ठमा महत्वपूर्ण समाचारका रूपमा प्रकाशित गरे ।

"नेपालका राजा भारतसंग परिपक्व सम्बन्ध चाहिबक्सन्छ" भन्ने शीर्षकमा टाइम्स अफ इण्डियामा प्रकाशित समाचारमा समाचारदाता श्री दिलीप मुखर्जीले "अगाडि हाम्रा बीच मनोमालिन्य भए तर अब दोहोरिन दिनु हुँदैन" भनी श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भएको कुरा उधृत गर्नु भएको छ ।

यस समाचारमा मौसूफबाट हुकुम भएको भनी श्री दिलीप मुखर्जी उदृत गर्नु हुन्छ– "सम्बन्ध परिपक्व र संयमपूर्ण आधारमा हुनु पर्छ । हामीले साना कुरा कोटचाएर ठूलो बनाउनु हुँदैन । कुनै खलल पार्ने कुरा छन् भने यिनको निराकरण गरौं ।"

पञ्चायत व्यवस्थाको भविष्य बारे सोधिएको प्रश्नमा श्री ५ महाराजाधिराज सरकारबाट मौसूफका स्वर्गीय बूबाज्यूबाट हेरफेर गर्न प्रशस्त ठाउँ छ भनी हुकुम भएको कुरा दोहोराइबक्स्यो भनी श्री मुखर्जी लेख्नु हुन्छ ।

"यसको लागि समय लाग्छ । परिवर्तनको लागि तदनुरूप संस्था तयार हुनुपर्छ, यसको लागि चाहिने सम्पूर्ण अरू कुरा पनि जुटाउनु पर्छ" भनी उक्त प्रसंगमा मौसूफबाट हुकुम भयो भनी उहाँ लेख्नु हुन्छ ।

श्री मुखर्जीका अनुसार भारत–नेपाल आर्थिक सम्बन्धका प्रश्नहरूको चर्चामा श्री ५ महाराजाधिराज सरकारबाट नेपाल–भारतका बीच सम्पन्न ब्यापार तथा पारवहन सन्धिको निरन्तर सिहा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलोकन गरिनु पर्छ भनी हुकुम भयो । "यस किसिमको व्यवस्था बद्लिंदो आवश्यकता एवं आकांक्षा अनुरूप हेरफेर भइरहनु पर्छ" भनी श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो । उहाँ लेख्नु हुन्छ– सन्धिका सम्बन्ध सिंहावलोकन भइरहेका कुराका साथै मौसूफबाट भारतले विकास सामग्रीका लागि नेपालको बढ्दो आवश्यकता बढी रूपमा हृदयंगम गर्नेछ भन्ने आशा व्यक्त गरिबक्स्यो ।

श्री ५ महाराजाधिराज सरकारबाट दर्शन भेटका अवसरमा हुकुम भएका कुराहरूको पूर्ण बिवरणको चर्चा क्रममा स्टेट्सम्यान दैनिकका प्रतिनिधि श्री एस. विश्वमद्वारा प्रेषित समाचारमा भनिएको छ– श्री ५ महाराजाधिराज सरकारबाट नेपाल–भारत सम्बन्धलाई खलल पार्ने कुराहरू बारे बिस्तारमा केही हुकुम भएन तर मौसूफबाट हालैको विमान अपहरण घटना (जसमा एउटा नेपाली विमानलाई भारतीय विमान स्थलमा उतारी रूपियां लुटिएको थियो) का सम्बन्धमा बक्सेका प्रत्युत्तर-मा नेपालको असन्तोष एवं अपराध अनुसन्धानमा भारतीय प्रहरीले विलम्ब गऱ्यो भन्ने काठमाडौंको भावना प्रतिबिम्बित हुन्थ्यो ।

"राजा वीरेन्द्र भारतसंग राम्रो सम्बन्ध चाहिबक्सन्छ" भन्ने शीर्षकमा इण्डियन एक्सप्रेसमा प्रकाशित समाचारमा पत्रका प्रतिनिधि श्री ए. एन. धर लेख्नु हुन्छ– नेपालका श्री ५ महाराजाधिराज बीरेन्द्र दुई देशका बीचको सम्बन्धलाई खलल गर्ने कुराहरू निराकरण गर्ने स्पष्ट उद्देश्य लिएर यही शुक्रबार भारतको पहिलो राजकीय यात्रामा सवारी होइबक्सदैछ ।

श्री धरले भूपरिवेष्ठित देशका रूपमा नेपालले सामना गर्नु परिरहेका कठिनाईहरूलाई यस्ता खलल पार्ने तत्वका रूपमा उल्लेख गर्नु भएको छ ।

उहाँ लेख्नु हुन्छ श्री ५ महाराजाधिराज वीरेन्द्रबाट नेपालले समुन्द्र सम्मको पारवहन अधिकार पाउनु पर्दछ भनी हुकुम भयो। मौसूफबाट नेपालले भारतसंग खराब सम्बन्ध छ जस्तो गरी यो अधिकार मांगेको छैन भनी हुकुम भयो । यो एउटा दृष्टिकोणगत समस्या हो । मौसूफका निकट-वर्ती सूत्रहरूले भारतको दृष्टिकोण असहयोगी नभए तापनि नयाँ दिल्लीले नेपालको कठिनाई दुर गर्न जति गर्नु पर्थ्यो त्यति गरेको छैन भनी बताए । श्री धरले नेपालको चीनसंग राम्रो सम्बन्ध रहेको चर्चा गर्दै श्री ५ महाराजाधिराज सरकारबाट भारतसंग जस्तै यो छिमेकीसंग हाम्रो अविछिन्न सम्पर्क हुनुपर्छ भनी हुकुम भयो भनी यी धरले उद्दृत गर्नु भएको छ ।

गोरखापत्रमा प्रकाशित असोज २५, २०३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै नेपालीलाई अन्न वस्त्र र वासको व्यवस्था गर्नु नै मुख्य उदेश्य

श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भएको छ– विकासको आधारभूत तथा व्यापक अर्थमा हामीले जोड दिन लागेको कुरा सम्पत्तिलाई देशको एकभागमा केन्द्रीत राख्नुको सट्टा सबै भागमा राम्रो अनुपातमा पुनः वितरण गर्नु हो ।

श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– यथासम्भव मुख्य आवश्यकताहरू पूरा गर्नका लागि सम्पत्तिको देशका सबै भागमा वितरण हुनेछ । यो कुनै महत्वाकांक्षी योजना होइन, यद्यपि हाम्रो जस्तो पहाडी देशमा विशेषतः विकासका वर्तमान चरण, साधन र हाम्रो क्षमताबाट यो कार्य कठिन हुन गएको छ । यो कार्य ठूलो चुनौती हुन गएको छ ।

एक प्रश्नको उत्तरमा श्री ५ महाराजाधिराज सरकारबाट सम्पूर्ण नेपालीका लागि भोजन, वस्त्र र वासको व्यवस्था गर्नु मौसूफबाट नेपालका लागि हासिल गर्न खोजिबक्सेका उपलधि हुन् भन्ने प्रत्युत्त बक्स्यो ।

दुई विशाल छिमेकीहरूका बीचको नेपाल जस्तो, सानो राष्ट्रको असंलग्नता र विश्वमा आफ्नो स्थान प्रति कुन किसिमको दृष्टिकोण छ भन्ने प्रश्नको उत्तरमा श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– मेरो बिचारमा मुख्य कुरा के छ भने नेपालले शताब्दीयौंदेखि उत्तर र दक्षिण दुवै विशाल छिमेकीहरूका बीचमा रहेर आफ्नो अस्तित्व जोगाएर आएको कुरा सम्झनु पर्दछ । यो आजको कुरा मात्र होइन । मुगलहरू, ब्रिटिश, चिनियांहरू र अरू पनि आए । हाम्रा छिमेकीहरू संधै उदार रहेका पायौं । हामी यही स्थितिमा संधै बाँच्न सकेका छौं र हाम्रो विश्वासमा यसको मुख्य कारण दुवै प्रति स्वतन्त्र नीति अपनाउनु हो । दुवैसंग स्वतन्त्र रूपले राम्रो सम्बन्ध कायम राख्न सक्नु लाभदायक पनि बनेको छ । एउटा संग अर्कोलाई जुधाउनु मेरो बिचारमा ज्यादै अदूरदर्शी नीति हो र मेरो बिचारमा मित्रहरू पनि यसमा सहमत होलान् ।

विश्वव्यापी रूपमा भइरहेका परिवर्तनको सन्दर्भमा नेपालको नीतिमा पनि परिवर्तन भइरहेका छन् कि भन्ने प्रश्नको उत्तरमा श्री ५ महाराजाधिराज सरकारबाट आजको विश्व सन्दर्भमा प्रत्येक राष्ट्रले शान्तिलाई स्थिर राख्न योगदान दिनु मुख्य कुरा हुन आएको छ । प्रत्येक राष्ट्रले यस आदर्श-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई साकार पार्न छिमेकीसंग राम्रो समझदारी राख्नु पर्दछ जुन क्षेत्रीय शान्ति प्रयासमा योगदान वा भूमिका बन्न गई ब्यापक क्षेत्रमा शान्ति स्थापना गर्ने योगदान हुन आउनेछ ।

श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– यस उद्देश्यका लागि नेपालबाट पनि सक्दो योगदान भइरहेको छ भन्ने हाम्रो विश्वास छ ।

मौसूफ सरकारमा नेपाल उप–महाद्विपको भाग होइन भनी न्यूज विकलाई बक्सेको अन्तर्वार्ता बारे बिन्ती चढाउँदा मौसूफ सरकारबाट त्यो कुरा बफर राज्यको सन्दर्भमा आएको थियो भनी हुकुम भयो ।

भारतीय महासागरमा प्रस्तावित अमेरिकी अखडाका सम्बन्धमा मौसूफ सरकारबाट हुकुम भयो– हामी तनाव बढ्ने कुनै कुराको पक्षमा छैनौं । विशेषतः स्थितिले विस्फोटक रूप लिने संसार-को जुन सुकै भागमा पनि तनाव नहोस् भन्ने हामी चाहन्छौं । हामीले यस किसिमको स्थितिको उन्मूलन गर्नु पर्दछ ।

नेपाल एशियाली उप–महाद्विपको एशियाली राष्ट्र हो भन्ने अधिराज्यको भौगोलिक स्थिति-का सम्बन्धमा बिन्ति गरिएको एक प्रश्नको उत्तरमा मौसूफ सरकारबाट हुकुम भयो– दक्षिणका सम्म मैदान भारतका सम्म मैदान जस्तै छन्, उत्तरी भागमा चीनको तिब्बत क्षेत्र जस्तै हाम्रा क्षेत्रहरू छन् तिब्बतको जस्तै हाम्रा पनि शितोष्ण मरूभूमि छन् । आधारभूत रूपमा नेपालको भूगोलमा यो दुईको संमिश्रण छ । हिमालयको दक्षिणमा मात्र होइन उत्तरमा पनि नेपालको भू–भाग छ । हामीले यी सबै कुरालाई दृष्टिगत गर्नु पर्दछ ।

हावर्डमा शिक्षा र अमेरिकाको आवासलाई लिएर पाश्चात्य शिक्षा र त्यसबाट प्राप्त योग-दानको धेरैले प्रश्न गरेको कुरा उल्लेख गरिबक्संदै मौसूफ सरकारबाट हुकुम भयो– यसबाट मलाई सही दृष्टिकोणबाट तथ्यहरूको विवेचना गर्न योगदान मिलेको छ । विश्लेषणात्मक दृष्टिकोण त्यहाँ बढी तिव्र छ । यसले धेरै मद्दत गरेको छ, तर यति मात्र पर्याप्त छैन किनकि हाम्रो समाजमा अवस्थित परम्परा धारणाहरू, एशियाली सामाजिक ढांचा र सामाजिक चालचलन युक्त एशियाको सन्दर्भमा तथ्यहरूलाई हेरिनु पर्दछ । यी तथ्यहरूलाई पनि बिचार गरिनु पर्दछ ।

यस दृष्टिले हेर्दा पाश्चात्य वातावरणले केही हदसम्म मद्दत पुऱ्याएको छ तर फेरि त्यतिमात्र पर्याप्त छैन । कसैले केही ठोस कार्य गर्नु पर्दा एशियाली बिचारधारा र एशियाली दृष्टिकोणले गरिनु पर्दछ भन्ने म ठान्दछु ।

इस्लामिक शीर्षस्थ सम्मेलनबारे प्रतिक्रिया व्यक्त गरिबक्संदै मौसूफबाट यसले मूलभूत रूपमा हाम्रा निकटतम छिमेकी, बंगलादेश र पाकिस्तानका बीच राम्रो सम्बन्ध कायम गर्न योगदान गरेको छ भनी हुकुम भयो। "यो निश्चय नै शुभ लक्षण हो । यस क्षेत्रमा यसले निश्चय नै योगदान गरेको छ । तिनीहरूको आफ्ना समस्याहरू छन्, जसलाई उनीहरू मन्थन गर्न र सुल्झाउन चाहन्छन् । तर हाम्रा दृष्टिकोणमा, के यसबाट यस क्षेत्रमा शान्ति स्थापना गर्न सहयोग पुऱ्याएको छ वा पुऱ्याउने छ भन्ने प्रश्न उपस्थित हुन्छ । मेरो बिचारमा, एक दृष्टिले यसबाट योगदान भएको पनि छ, यसकारण हामी यस्तो गतिविधिबाट धेरै सन्तुष्ट छौं ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल–भारत सम्बन्धको वर्तमान अवस्थामा टिप्पणी गर्न बिन्ती चढाइएको एक प्रश्नको मौसूफ सरकारबाट हुकुम भयो– दुई देशका नेताहरूको भ्रमणको आदान प्रदानबाट नेपाल र भारतको सम्बन्ध अहिले सुध्रिसकेको छ, निश्चय नै सम्बन्धमा सुधार आएको छ । हाम्रो बिचारमा आपसी समझदारीमा धेरै वृद्धि भएको छ । हामीले भारत संगको सम्बन्धमा जोड दिएको आधारभूत कुरा परिपक्व र संयमपूर्ण सम्बन्ध हो र हामीलाई लाग्छ हामी सही बाटोमा छौं ।

यो सम्बन्ध सही बाटोमा नहुँदा कुन किसिमको थियो भन्ने एक प्रश्नको उत्तरमा मौसूफ सरकारबाट हुकुम भयो– यो सर्वविदित नै छ । पहिले हामी २००७ सालको क्रान्तिकै कुरा गरौं क्रान्तिमा नेपालीहरूको कुन किसिमको भूमिका थियो, भारतीयहरूको कुन किसिमको भूमिका थियो, यो सबैबाट क्रान्ति सफल भएको हो । क्रान्तिपछि ठूलो दाजुको दृष्टिकोण र यस्तै अरू कुरा देखा परे । संभवतः यो अवश्यंभावी पनि थियो । यस्तो विश्वमा सर्वत्र भएको पनि छ । हामीले यो चरणलाई पनि पार गर्‍यौं । त्यसपछि दोस्रो चरण आयो, जब मेरा बूबाज्यूबाट दलगत परिपाटीको अन्त्य गरिबक्स्यो । त्यस कदम पछि भारतीय पक्षबाट भएको टीका टिप्पणी र प्रतिक्रियाको नेपालीहरूले अपेक्षा गरेका थिएनन् । यसबाट मनोमालिन्यको सिर्जना भयो। साथै नेपालीहरू कोशी र गण्डक जस्ता योजना बारे चिन्तित हुन लागे ।

नेपालीहरू आफू ठगिएको महसूस गर्न लागेका छन् । यी अप्रिय कुराहरू हुन जसलाई हामीले दोहरिन दिन हुन्न । मलाई लाग्छ हामी सही बाटोमा लागेका छौं । हाम्रा बीच बढी समझदारी हुनु शुभ संकेतको कुरा हो । हामीले यसलाई निरन्तर कायम राख्नु पर्दछ ।

कर्णाली योजनाको कार्यान्वयनमा पनि यस्तै कुराहरू उठ्न सक्छन् कि भनी बिन्ती चढाइएको एक प्रश्नको उत्तरमा श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– मलाई यस्तो होला जस्तो लाग्दैन । कर्णाली नेपाल र भारत दुवैका लागि फाइदाजनक छ । हामी यस आयोजनालाई संचालन गराउन चाहन्छौं । खास गरेर तेल संकट र वर्तमान आर्थिक सन्दर्भले विद्युत शक्ति माथि बढी महत्व दिइन लागेको छ । यसकारण जलविद्युतको विकास संभावना बढी राम्रो भएको छ, जस्तो हामीलाई लागेको छ । नेपाल र भारतका बीच वार्तालापहरू भइरहेका छन् र हामी दुवै यस आयोजनाको कार्यान्वयन गर्न चाहन्छौं ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुरूङ्गको भारत भ्रमणका सन्दर्भमा दुवै देशका बीच संयुक्त रूपमा सरकारी स्तरमा अथवा भारतीय उद्योगपतिहरूद्वारा नेपालमा उद्योग विकासमा लगानी हुने संभावनाहरूबारे बिन्ती बचढाइएको एक प्रश्नको उत्तरमा श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– हामीलाई प्राप्त समाचार अनुसार डा. गुरूङ्गको भारत भ्रमण धेरै सफल भएको छ । अन्तिम निर्णय श्री ५ को सरकारद्वारा हुनेछ । त्यसपछि मात्र संयुक्त आयोजनाहरू एवं अरू विषयमा वार्तालाप हुन सक्नेछन् ।

दुई देशका बीच जलविद्युत आयोजना बाहेक अरू सहयोगका सम्भावनाहरू छन् कि भनी बिन्ती चढाइएको अर्को प्रश्नका उत्तरमा श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– हामीले पहिले आफूसंग भएकोले नै पूरा गरिसक्नु परेको छ । हामी धेरै कुराहरू गरेर सुन्दर कल्पनाहरू खडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी प्रत्येकलाई बाटो भुलाउन सक्छौं। हामीसंग भएका कुरा नै पहिले पूरा गर्नु परेको छ। त्यसपछि मात्र हामी अरू आयोजनाहरूको बिचार गर्न सक्छौं। अरू नयां आयोजनाहरूका कुरा गर्नु भन्दा पहिले थालेका आयोजनाहरू पूरा गर्नु राम्रो हुनेछ।

श्री ५ महाराजाधिराज सरकारबाट गरिबक्सेको चीन भ्रमण र अध्यक्ष माओत्से तुङसंग मौसूफबाट गरिबक्सेको वार्तालापका सम्बन्धमा सोधिएको एक प्रश्नको उत्तरमा मौसूफ सरकारबाट हुकुम भयो– चीनको भ्रमण सद्भावना भ्रमण र चिनियां नेताहरूसंग सम्पर्कको नवीकरण थियो। अध्यक्ष माओसंग विभिन्न विषयहरूमा वार्तालाप भए।

अध्यक्ष माओसंग वार्तालाप हुँदा भारत बारे पनि चर्चा चलेको थियो कि भनी बिन्ती चढाइएको एक अर्को प्रश्नको प्रत्युत्तरमा मौसूफ सरकारबाट हुकुम भयो– हाम्रो आपसी सम्बन्धमा कुराकानी भए। यसमा भारतको चर्चा उठ्ने प्रसंग नै छैन।

पञ्चायती व्यवस्था परिवर्तनको संभावना बारे बिन्ती चढाइएको प्रश्नको उत्तरमा मौसूफ-सरकारबाट हुकुम भयो– हामीले गर्न खोजेको परिवर्तन यही हो भनी भन्न ज्यादै गाह्रो हुन्छ। यस सम्बन्धमा प्रशस्त बिचार गरिएको छ। केही वर्ष यता यस सम्बन्धमा निकै बिचारहरू पनि देखिएका छन्। यी आधार कुराहरू हुन् र ग्राह्य हुनु पर्छ भनी भन्नु र निर्णय गर्न मुख्य कुरा हुन आउँछ। जनताको आकांक्षाहरूको राम्रो अभिव्यक्ति हुनुपर्ने कुरा हो भनी मैले यसमा बराबर जोड दिइरहेको छु र यी आधारभूत कदमहरू हामीले निरन्तर सोचिरहेका पनि छौं। तर हामी व्यवस्थाका आधारभूत कुराहरूमा परिवर्तन गर्न चाहंदैनौं।

राष्ट्रिय पञ्चायतको बैठक खुला गर्न तथा निर्वाचनको दायरा फराकिलो पार्ने सम्बन्धमा बिन्ती गरिएको एक प्रश्नको उत्तरमा मौसूफ सरकारबाट हुकुम भयो– राष्ट्रिय पञ्चायतमा भएका कुराहरू बाहिर प्रकाशमा आउँछन्। यी बिचार गर्न सकिने कुरा हुन्।

भारतमा बसेका नेपालीहरूलाई आम माफी दिने विषयको प्रश्नमा श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– उनीहरूलाई माफी दिने कुराहरू भईरहेको जस्तो हामीलाई लाग्छ। वास्तवमा यो कुरा भइरहेकै पनि छ। नेपालीहरूको भावना र बिचार स्पष्ट बुझ्न पर्दछ। प्रथमतः नेपाली कांग्रेसलाई बाहिरी समर्थन नभए सम्म आफै कुनै शक्ति नहुनाले नेपालको विरूद्ध उनीहरू केही गर्न सक्ने छैनन्। दोश्रो कुरा के छ भने उनीहरू एकातिर ध्वंसात्मक कार्य र लूट गर्दछन् र अर्कोतिर "हामी फर्किन चाहन्छौं माफी पाउँ" भन्ने दुईटा राग अलाप छन्। यी दुवै कुरा एकसाथ हुँदैन। यस-कारण उनीहरूलाई नै आफूले खोजेका स्पष्ट हुनु पर्दछ।

राजतन्त्रको भूमिका सम्बन्धी प्रश्नमा मौसूफ सरकारबाट हुकुम भयो– खास कुरा के छ भने जो सुकै नेता भए पनि उसले जनतासंग सम्पर्क राख्नु पर्दछ। उसले उनीहरूको आकांक्षा बुझ्नु पर्छ, उनीहरूको समस्या थाहा पाउनु पर्छ अनि यिनको पूर्ति गर्ने साधन वा संयन्त्र जुटाउनु पर्छ। अहिले प्रत्येक देशले आफ्नो इतिहास, परम्परा र अरू विभिन्न कारणले गर्दा आफ्नै किसिमको बाटो रोजेको छ। यही भावनाले अनुप्रेरित भएर नेपालीहरूले आफ्नै किसिमको व्यवस्था अपनाइएका छन्। जसमा राजाको भूमिका लगभग स्पष्ट छ र यही भित्र रहेर राजाले कार्य गर्नु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा राजतन्त्र र मौसूफ सरकारको भूमिकामा परिवर्तन गर्नु पर्ने आवश्यकता महसूस गरिबक्सेको छ कि भनी बिन्ती चढाइएको एक प्रश्नको उत्तरमा श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– मेरो बिचारमा म अहिले जतिको सक्रिय रहेको छु पनि समय बित्दै जाँदा कम अगाडि आउने र मेरा मन्त्री र सरकार बढी सक्रिय हुने समय आउने संभावना जरूर छ। यसमा कुनै शंका छैन। हामीसंग यातायातका साधन, स्रोत र बढी संचार सुविधाहरू जुटेपछि यी सबैले यस कुरामा मद्दत हुन आउने छन्।

इन्धन संकटबाट नेपालमा परेको असर बारे सोधिएको प्रश्नकोउत्तरमा मौसूफबाट स्पष्ट शब्दमा यसबाट हरेक व्यक्तिलाई छोएको तथा सर्वसाधारण मानिसले पनि यसको असर अनुभव गरेको कुरा हुकुम भयो। श्री ५ महाराजाधिराज सरकारबाट सर्वसाधारणको जीवन बढ्दो मूल्य र विकास आयोजनाहरूमा यसबाट पर्न गएको प्रभावलाई दृष्टिगत गर्दै सबैले आफ्ना पटुका कस्नु पर्ने आवश्यकता माथि जोड दिइबक्सियो।

मादक पदार्थ र त्यसको खेती गर्न नेपालमा लगाइएको प्रतिबन्धको प्रभावकारिताबारे सोधिएको प्रश्नमा मौसूफबाट यस किसिमको खपत हुने वस्तुहरूमा पूर्ण प्रतिवन्धलाई कार्यान्वयन गर्दा आइपर्ने कठिनाहरूलाई उल्लेख गरिबक्संदै एशिया होइन, पाश्चात्य मुलुकमा ज्यादा बिक्ने मादक पदार्थहरूको खपत घटाउने किसिमले गाँजा खेती माथि नियन्त्रण गर्न श्री ५ को सरकारद्वारा उठाइएका कदमहरू माथि प्रकाश पारिबक्स्यो।

नेपाल तराईका जनतालाई रोजगारको अवसरबारे मौसूफ सरकारबाट स्पष्ट रूपमा तिनी-हरूलाई मौका प्राप्त नभएको भन्ने कुरा ठीक होइन किनकि नेपालमा महत्वका र मर्यादापूर्ण पदहरूमा तराईका मानिसहरू छन् भन्ने कुरा हुकुम भयो। मौसूफबाट हुकुम भयो– अरू विकासशील देशहरूमा झैं यहाँ पनि यस्ता प्रश्नहरू सम्बन्धित क्षेत्रको कुनै व्यक्ति विशेषको स्वार्थपूर्ति गर्न वा कुनै राजनैतिक उद्देश्यका परिपूर्तिका लागि उठाइन्छन्।

यस सन्दर्भमा श्री ५ महाराजाधिराज सरकारबाट कुनै किसिमको अन्याय नभएको कुरा व्यक्त गरिबक्संदै मुख्यतया जति विकास कार्यहरू भएका छन् ती सबैजसो दक्षिण मै भएका छन्, हुकुम भयो।

विकास कार्यमा तराईको जन संलग्नताको चर्चा गरिबक्संदै मौसूफ सरकारबाट यो कुरा सम्बन्धित क्षेत्रका पञ्चायतहरूमा निर्भर रहेको, पञ्चायतका प्रतिनिधिहरू जनताद्वारा चुनिएका र तिनीहरूका आफ्नै विकास आयोजनाहरू हुने गरेको कुरा हुकुम भयो।

अन्त्यमा मौसूफ सरकारबाट यो कुरा धेरै मात्रामा जनतामा पञ्चायतद्वारा चुनिएका व्यक्तिहरूमा र जनतासितको सम्बन्धमा उनीहरू कतिको सक्रिय छन भन्ने कुरामा निर्भर गर्दछ भन्ने हुकुम भयो।

गोरखापत्रमा प्रकाशित फागुन २६, २०३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पंचायती व्यवस्था जनताद्वारा जनताको निम्ति आएको

नयाँ सन्देशः– सरकारबाट गत ५ वर्षदेखि लगातार विकास क्षेत्रहरूको भ्रमण गरिबक्सेको छ । यसमा आधारित सरकारको अनुभवबारे केही थाहा पाउन सक्छु कि ?

श्री ५ :– देशको विभिन्न क्षेत्रमा के के समस्याहरू छन्, तिनको कसरी समाधान गर्न सकिन्छ, हामीमा समाधान गर्ने क्षमता के कति छ, यी कुरा बुझ्ने र खासगरी आफ्ना देशवासी-सित राम्ररी परिचित भई वास्तविक जन आकांक्षा के रहेछ यिनै कुरा बुझ्ने मनसुवाले मैले यो भ्रमणक्रम चलाई आएको छु । जहाँसम्म यस्तो भ्रमणको अनुभवको कुरा छ मैले यसबाट दुई किसिमको अनुभव पाएको छु । समस्याको रूपमा हेर्ने हो भने एउटा हो– आर्थिक विकासको गतिभन्दा जनसंख्या वृद्धिको दर बढी हुनु र अर्को हो हामीमध्ये धेरै जसोमा स्वदेशको वास्तविकताबारे ज्ञान र सीपको अझै अभाव हुनु ।

समाजः– विकास क्षेत्र घोषित गरिँदाको धनकुटाको अवस्थामा र आजको धनकुटाको अवस्थामा मौसूफ सरकारबाट पाइबक्सेको परिवर्तनमा सेवक केही प्रकाश पाउँछु कि सरकार जो हुकुम ?

श्री ५ :– ३ वर्षपछि यसपल्ट फेरि धनकुटा आउँदा पहाडी क्षेत्रमा रहेको यस जिल्लालाई विकास गर्ने जुन चुनौतीको मुकाबिला गर्न हामी अघि सरेका छौं, त्यसबाट जनतामा आएको विकासप्रतिको चेतना र सहयोगको भावना नै मुख्य परिवर्तनको रूपमा मैले देखेको छु ।

समाजः– मौसूफ सरकारबाट यस क्षेत्रमा कुनै परिवर्तनको अनुभव गरिबक्सेको छ भने त्यो परिवर्तन मात्र मौसूफ सरकारको सवारीमा सवारी शिविर रहुन्जेल देखा पर्ने हो र जनसाधारणले अरू बेला महसूस गर्न नपाउने खालको छ भन्ने स्थानीय गुनासो पाउमा जाहेर छ कि ? सरकार जो हुकुम ।

श्री ५ :– धनकुटा विकास केन्द्र घोषित हुनु अघि यस क्षेत्रको अधिकांश भागमा हाम्रो राम्रो ध्यान पुगेको थिएन । अहिले यी भ्रमणहरूबाट यहाँ विकासको राम्रो लक्षण निश्चय नै देखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परेको छ– यो हो जन चेतनामा वृद्धि । धनकुटा क्षेत्रको आर्थिक विकास हुनु हो भन्ने भावना यहींकै निवासीहरूमा रही रहे हामीले गर्न खोजेको कुरा पूरा हुन्छ जस्तो हामीलाई लाग्छ । त्यसैले हामीले गर्न खोजेको कुरामा भर पर्छ ।

समाजः– सरकार, यसै प्रश्नसित सम्बन्धित एउटा अर्को प्रश्नमा सेवक प्रकाश पाउने आशा राख्दछु, सरकार जो हुकुम । विकास केन्द्रहरूका निर्माण स्थल, निर्माण योजनाहरू र प्रदर्शनी स्थलहरूमा बिना पूर्व घोषणा पूर्व योजना मौसूफ सरकारबाट आकस्मिक निरीक्षण गरिबक्सने कार्यक्रमहरू रहनु योजनाहरूको उपलब्धिको पक्षमा हुन जाने थिए कि भन्ने सर्वसाधारणको धारणामा मौसूफ सरकारको बिचार ? सरकार जो हुकुम ।

श्री ५ :– पूर्व घोषणाबिना निरीक्षण गर्ने व्यवस्था नभएको होइन । तर सबै योजना र निर्माण स्थलहरूको आकस्मिक निरीक्षणबाट मात्र योजनाको उपलब्धि प्राप्त हुन्छ भन्न सकिंदैन । यसलाई पनि उपलब्धिको एक पूरक मात्र मान्न सकिन्छ । साँच्चै भन्ने हो भन्ने आकस्मिक निरीक्षण हुनु पर्ने अवस्था नपरोस् भन्ने म चाहन्छु ।

समाजः– सरकार, पारिवारिक सुख समेतका ख्याल नगरिबक्सेर रातको निद्रा र दिनको भोकलाई पन्छाएर मौसूफ सरकारबाट विकास र निर्माणको निम्ति जसरी समय बक्सेको छ, बेला बेलामा यस सम्बन्धी आवश्यक निर्देशनहरू बक्सेको छ, त्यस अनुरूप प्रशासनिक क्षेत्र, अनि विकास योजनाहरूमा देखा पर्नु पर्ने लगनशीलता कार्य प्रगति आदि बारे मौसूफ सरकारमा कस्तो अनुभव छ, सरकार जो हुकुम ।

श्री ५ :– मेरो बिचारमा प्रशासनको जन–आकांक्षा पूर्ति गर्ने क्षमता पहिले पहिले भन्दा अवश्य बढेको छ ।

समाजः– धनकुटा विकास केन्द्रका विभिन्न क्षेत्रको तराई भेकसित सम्पर्क रहने राजमार्गहरूको तयारी पछि तलबाट भारी लादेर आउने ट्रक बसहरू यताबाट रित्तो फर्कने स्थितिमा रह्यो भने उल्टो अरू शोषण यस क्षेत्रको हुन जान्छ कि भन्ने सेवकलाई लागेकोले त्यस्तो स्थिति आउन नदिन श्री ५ को सरकारले यस क्षेत्रमा अपनाउनु पर्ने ठोस योजनाहरूबारे मौसूफ सरकारबाट केही प्रकाश बक्सन्छ कि ? सरकार जो हुकुम ।

श्री ५ :– यो वास्तविक राष्ट्रिय समस्या हो र यस्तै प्रश्नहरू समाधान गर्ने उद्देश्यले नै हामीले पहाडी भेकको विकासमा बढी जोड दिने नीति अपनाई आएका छौं ।

समाजः– सरकारी कार्यालयहरूमा बाहिरबाट नोकरीमा आएका कर्मचारीहरू तीन हजार समेत गरी सात हज्जार जनसंख्या रहेको यस केन्द्रले विकास र निर्माणमा कस्तो गति लिने आशा राख्न सकिन्छ ? सरकार जो हुकुम ।

श्री ५:– धनकुटालाई, एकातिर यस विकास क्षेत्रको केन्द्र बिन्दुको रूपमा विकास गर्नु छ भने अर्कातिर धनकुटा लगायत यस क्षेत्रको विकास गरी यहाँका जनताको तल झर्ने प्रवृत्ति हटाउन परेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयाँ सन्देशः– सरकारबाट घोषित नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्तावको विश्वव्यापी समर्थन शीघ्र प्राप्तिको लागि सरकारको विचार जान्न पाउँछु कि ?

श्री ५:– शान्ति क्षेत्रको प्रस्तावमा मेरो सरकारले पहिले छिमेकी राष्ट्रहरूको समर्थन प्राप्त गर्ने प्रयास गर्ने नीति लिएको छ । यसै अनुरूप यी राष्ट्रहरूसंग विभिन्न तहका कुराकानी भइरहेछ । जुन जुन राष्ट्रले यस प्रस्तावमा समर्थन गरेका छन् ती प्रति हामी आभारी छौं ।

नयाँ सन्देशः– सरकारको सवारीबाट जनताको चेतना तथा विकास कार्यहरूमा संलग्नतामा अभूतपूर्व वृद्धि भएको छ, यसलाई जोगाएर कसरी उत्पादनशील क्षेत्रमा लगाउने बारे सरकारबाट केही हुकुम हुन्छ कि ?

श्री ५:– राष्ट्रिय योजना आयोग लगायत हाम्रा प्राविधिज्ञहरूले जनशक्ति परिचालन गर्ने कुरा समेत दृष्टिगत गरी योजना तर्जुमा गर्नु पर्छ । मेरो बिचारमा जलशक्ति हाम्रो देशमा अपार प्राकृतिक देन हो भने जनशक्ति देशको अगाध मानवीय साधन हो । जलशक्ति र जनशक्ति यी दुई कुराको राम्रो परिचालन गर्न सक्नु आजको एक मुख्य चुनौती नै हो भने हुन्छ जस्तो लाग्छ । यस परिप्रेक्ष्यमा नेपालमा संचालन हुने विकास आयोजनाहरूमा सकेसम्म बढी जनपरिचालन गरी स्थानीय जनश्रम उपलब्ध गर्न सके विकास आयोजना-हरू कम खर्चिलो हुनुका साथै स्थानीय जनतामा आफ्नो श्रम र पसीनाबाट निर्माण भएको आयोजना भन्ने ममता पैदा भई जनसहभागिताको भाग बढ्ने थियो । यसै कुराको खाँचोलाई लिएर गाउँफर्क राष्ट्रिय अभियानमा संशोधन गरिएको हो र विकासको निम्ति राजनीति भएमात्र पञ्चायती व्यवस्था जनताद्वारा जनताको निम्ति आएको व्यवस्था हो भन्न सकिंदो हो ।

नयाँ सन्देशः– चुनावमा सर्वसम्मतिको सिद्धान्त अपनाएपछि पञ्चहरू जन मुखी हुने सट्टा गाउँफर्कमुखी भए भन्ने सार्वजनिक गुनासो छ । यसबारे केही हुकुम हुन्छ कि ?

श्री ५:– सर्वसम्मतिको नीति प्रयोगमा आएको केही समय मात्र भएको छ । यो व्यवस्था पनि अवश्य नै केही उद्देश्य र आधार भएर नै अपनाइएको होला । केही व्यक्तिको यस्तो बिचार छ भने पञ्चभेला वा पञ्च सम्मेलनमा यस विषयमा कुरा उठाई बुझ्ने प्रत्येक पञ्चको हक छ ।

नयाँ सन्देशः– विभिन्न आयोगहरूको प्रतिवेदन तथा विभिन्न कदमहरू पछि पनि सरकारको सदिच्छा अनुसार प्रशासन जनमुखी तथा विकास पक्षीय हुन सकेको छैन, यसमा अझै पनि ढीला-सुस्ती र भ्रष्टाचार छ भन्ने सार्वजनिक गुनासो छ । यसबारे केही हुकुम हुन्छ कि ?

श्री ५:– केही वर्ष अघिसम्म विशेष गरी शान्ति सुरक्षा मात्र हेर्ने हाम्रो प्रशासनलाई विकासमुखी बनाउने हाम्रो प्रयास जारी छ । जनमुखीको कुरा त, जनमुखी पञ्चायती व्यवस्थामा प्रशासन पनि जनमुखी हुनै पर्छ । ढीलासुस्ती, भ्रष्टाचार इत्यादि निर्मूल गर्ने कुरामा पत्रकार जगतले पनि ठूलो सघाउ पुऱ्याउन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयां सन्देशः– हाम्रो व्यवस्था विरूद्ध गत निकै वर्षदेखि संलग्न नेपाली राष्ट्रियताका दुश्मनहरू पनि अब घरतिर आमुख भएका छन् । सरकारको महान् नेतृत्वमा एकताबद्ध जनशक्ति तथा निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको यो विजय हो भन्ने जनभावना सुनिन्छ । यसबारे केही हुकुम हुन्छ कि ?

श्री ५:– यो प्रश्न आम जनता अझ खास गरेर पञ्चहरूलाई नै सोध्नु उचित होला । कारण पञ्च-हरूको रायको पनि हाम्रो व्यवस्थामा कदर हुनु पर्छ ।

समाजः– सरकारको यस प्रकारको भ्रमण स्थानीय जनताको लागि एक अपूर्व अवसर हो । त्यसैले उनीहरूले आफ्ना विभिन्न मागहरू सरकारमा बिन्ती चाढाउनु स्वाभाविकै हो । यी मागहरूको पूर्ति गर्ने निर्देशक बक्संदा सरकारबाट कुन मागलाई बढी प्राथमिकता बक्सेको छ ?

श्री ५:– पहाडी क्षेत्रमा खानेपानीकै बढी माग भएको यस भ्रमणको साथै पोखरा विकास क्षेत्रको भ्रमणमा मैले पाएँ । त्यसैले पश्चिमाञ्चलमा कास्की जिल्ला र पूर्वाञ्चलमा धनकुटा जिल्लाको सबै गाउँ पञ्चायतहरुमा सम्भाव्यता हेरी जनश्रम समेत लिन लगाई खानेपानी पुऱ्याउन निर्देशन दिइएको छ । पहाडी क्षेत्रको अर्को माग झोलुङ्गे पुलको पनि हो र बिगत केही वर्ष यता हामीले यस्ता पुल निकै बनाएका छौं । फलस्वरूप, कयौं अञ्चल तथा जिल्ला सदरमुकाममा डुङ्गा वा टुइनको प्रयोग नगरी पुग्न सकिने भएको छ ।

समाजः– सरकार, धनकुटामा नै हामीले के गर्नु पर्ला ?

श्री ५:– मेरो बिचारमा अहिलेको स्थितिमा परिवर्तित धनकुटा नगर योजना लागू गर्दै धनकुटा-लाई सुन्तलाको नगरको रूपमा विकास गर्न बाँस र सुन्तला रोप्ने कुरामा जोडदिने र जलाधार क्षेत्रको सर्वे गरी पानीको बढीभन्दा बढी प्रयोग गरिनु राम्रो हुनेछ ।

समाजः– सरकार, सरकारबाट अरू केही हुकुम हुन्छ कि ?

श्री ५:– पहाडी क्षेत्र र तराईका बीच भएको असन्तुलन हटाउनु पर्ने एक मुलभूत समस्या छ । यो असन्तुलनलाई हामी जति हटाउँदै जान सक्छौं उत्तिनै मात्रामा वन मास्ने, पहाडबाट तराई झर्ने अथवा बसाइँ सर्ने जस्ता समस्या कम हुँदै जान्छन् । यही उद्देश्यले हामीले चार विकास क्षेत्रको स्थापना गर्नुको साथै पहाडी भेकको विकासमा जोड दिनु परेको हो र आज देशको मैदान भाग र पहाडी भागलाई एक अर्काका पूरकका रूपमा गाँस्ने गरी एकीकृत विकास गर्नु पर्ने कुरा अरू बढी स्पष्ट भएको छ ।

□

अन्तर्वार्ता प्रकाशित २०३३ फागुन २२ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्ति क्षेत्रको प्रस्ताव वस्तुतः नेपालको शान्ति र विकासको चाहनामा प्रतिबिम्बित

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट हुकुम भएको छ– शान्ति, न्याय एवं एकतामा आधारित मानव जातिले देखेको भोलिको विश्वको सपना साकार पार्न सर्वसम्मतिबाट व्यावहारिक तथा प्रभावपूर्ण उपायहरू पत्ता लगाउन आगामी कोलम्बो शिखर सम्मेलन समर्थ हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

सरकारबाट एक प्रश्नको उत्तरमा हुकुम भयो– बहुसंख्यक मानव समाजलाई संधैको दरिद्रताबाट मुक्त गर्ने हो भने आर्थिक समृद्धिको प्रतिफलको हिस्सा न्यायोचित एवं समान रूपले विकासोन्मुख मुलुकहरूलाई उपलब्ध गराउने खालको एउटा अन्तरराष्ट्रिय आर्थिक व्यवस्थाको आवश्यकता छ । मौसूफबाट हुकुम भयो– विकासोन्मुख देशहरू कच्चा पदार्थ र जनशक्तिमा सम्पन्न छन् तर आफ्ना श्रोतहरूलाई वास्तविक सम्पदामा परिणत गर्ने बारे तिनीहरूमा आवश्यक ज्ञानको अभावले गर्दा विकासोन्मुख देशहरू अन्याय पूर्ण तथा पक्षपातपूर्ण शोषणको शिकार भएका छन् र यसको अन्त हुनु पर्छ असंलग्न आन्दोलनको यसमा प्रभावशाली भूमिका हुनु पर्छ र यस न्यायोचित कार्यको लागि नेपालले संधै नै आफ्नो दृढ समर्थन बनाउने छ । मौसूफबाट हुकुम भयो– असंलग्न राष्ट्रहरूले आपसमा सहयोग नगरेमा उनीहरूको सबै प्रयास खोक्रो तथा उत्साहहीन मात्र भएर रहनेछन् ।

असंलग्न देशहरूको बीच सहयोग बढाउँदै लाने आवश्यकता बारे असंलग्न देशहरूको प्रत्येक सम्मेलनमा मुख्य रूपले जोड दिन थालिएका कुरा मौसूफ सरकारबाट अर्को एक प्रश्नको रूपमा हुकुम भयो यसै प्रश्नको उत्तरमा मौसूफ सरकारबाट हुकुम भयो–यस प्रसंगमा केही कदमहरू पनि चालिएका छन् र यिनमा "परस्पर सहयोग र एकताको लागि लिमा कार्यक्रममा" उल्लेख भएको प्राविधिक ज्ञान बिनिमय केन्द्र तथा असंलग्न राष्ट्रहरूको आर्थिक एवं सामाजिक विकासको लागि स्थापित एकता कोष सानो भएतापनि सही तथा महत्वपूर्ण कदमहरू हुन् । यस्ता कदमहरूको सही कार्यान्वियनमा सम्बन्धित मुलुकहरूद्वारा इमान्दारी तथा लगनशिलताका साथ प्रयास गरिएमा यस्ता कार्यक्रमबाट निकै सहयोग पुग्न सक्ने कुरामा विश्वास व्यक्त गरिबक्सियो । त्यस्ता सबै प्रयासहरूमा नेपालले सकेको योगदान गर्ने कुरा पनि मौसूफबाट हुकुम भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुरू देखि असंलग्नताको नीति अपनाउँदै आएको सैनिक गुटबन्दीको बिरोधको साथसाथै अन्तर्राष्ट्रिय सम्बन्धमा नयां उपायहरू पत्ता लगाउनमा संलग्न पहिलो देशहरू मध्ये नेपाल एक भएकोले असंलग्न अभियानको महत्वपूर्ण उपलब्धि बारे मौसूफको कस्तो प्रेरणा रहेको छ भनी सोधिएको प्रश्नको उत्तरमा मौसूफ सरकारबाटहुकुम भयो– मेरो बिचारमा असंलग्न आन्दोलनको महत्वपूर्ण उपलब्धिहरूको निचोड यस प्रकार गर्न सकिन्छ– असंलग्न अभियानका सबभन्दा महत्वपूर्ण उपलब्धिहरू मध्ये अन्तर्निर्भरताको साथै स्वतन्त्रताको आवश्यकता बारे चेतनशील विश्व राजनैतिक ढांचा स्थापना गर्नमा असंलग्नताको आन्दोलनका प्रभावपूर्ण योगदान गरेको छ। मौसूफ सरकारबाट हुकुम भयो– अन्तर्राष्ट्रिय सम्बन्धमा पहिले एकनास आफू प्रति सबैलाई आकर्षित गर्दै आएका ठूला शक्ति राष्ट्रहरूले आजको विश्व परिस्थितिमा असंलग्न समुदायको साना तथा ठूला देशहरूको आवाजको उपेक्षा गर्न सक्दैनन्। मौसूफ सरकारबाट स्पष्ट रूपमा हुकुम भयो– असंलग्न आन्दोलनहरूको फलस्वरूप आजको अन्तर्राष्ट्रिय राजनीतिमा शक्तिशाली केही देशहरूको भन्दा बहुसंख्यकको अकांक्षा एवं आशा बढी यथार्थ ढंगले प्रतिबिम्बित भएको छ। तर असंलग्न आन्दोलनको लक्ष्यमा पुग्न अझै लामो बाटो तयार गर्नु पर्ने कुरा पनि श्री ५ महाराजाधिराज सरकारबाट औंल्याई बक्सियो।

मौसूफ सरकारबाट अर्को प्रश्नको उत्तरमा हुकुम भयो सन् १९६१ को बेल्ग्रेड शिखर सम्मेलन पश्चात परिवर्तित विश्व परिस्थितिको बाबजूद पनि असंलग्नताका सिद्धान्तहरू पहिले जतिकै प्रभावपूर्ण छन् र बिगत वर्षहरूमा असंलग्नतामा बढी शक्ति एवं परिपक्वता आएको छ। श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– पाँचौं शिखर सम्मेलनमा पनि हामी बिगत वर्षहरूमा झैं न्याय र स्वतन्त्रता हाम्रा पक्षमा छन् भन्ने पूर्ण बिश्वास एवं सजगताका साथ भाग लिनेछौं।

नेपाललाई शान्ति क्षेत्र घोषित गर्ने मौसूफको प्रस्तावको मतलब स्वीज्रल्याण्डको जस्तो तटस्थता होइन भन्ने कुरा हुकुम भएको बारे प्रकाश पारी बक्सन सोधिएको प्रश्नको उत्तरमा मौसूफ सरकारबाट हुकुम भयो– मलाई लाग्छ गत २०३१ साल फागुन १३ गते नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव गर्दा मेरो भाषणमा नै यस प्रस्तावलाई स्पष्टसंग व्याख्या गरिएको छ र प्रस्तावका उद्देश्य माथि यथेष्ट प्रकाश पनि पारिएको छ। श्री ५ महाराजाधिराज सरकारबाट विश्वका सबै मुलुकहरूसंग नेपालले मित्रता राख्दै आएको छ र छिमेकी राष्ट्रहरूसंग नेपालको निकटको समझदारी रहेको छ भन्न पाउँदा प्रशन्नताको अनुभव भएको छ। संक्षेपमा नेपालको दुश्मन कोही छैन, यसले कुनै अर्को देश वा क्षेत्रबाट उत्पन्न डर वा धम्कीको कारण ले नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भनी प्रस्ताव राखिएको होइन। मौसूफबाट हुकुम भयो– वस्तुतः यसले शान्ति र विकासको हाम्रो उत्कृष्ट चाहनालाई प्रतिबिम्बित गरेको छ र शान्ति बिना विकास अथवा विकास बिना शान्ति संभव छैन भन्ने हाम्रो धारणालाई स्पष्ट गरेको छ। नेपालको अबाध तथा तीव्रतर आर्थिक विकासका लागि हाम्रो देशमा मात्र होइन यस क्षेत्र र विश्वनै शान्ति होस् भन्ने हामी चाहन्छौं। यसैले नेपालमा शान्तिलाई संस्थागत गर्न र यस क्षेत्रका साथै विश्व शान्तिलाई नै योगदान गर्ने हार्दिक अभिप्रायबाट मैले उक्त प्रस्ताव राखेको छ र यसै परिप्रेक्ष्यमा यसलाई बुझिने छ भन्ने आशा राख्छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्दलीय पञ्चायत व्यवस्थाको जगलाई मजबूत पार्न गाउँ फर्क अभियानलाई व्यवस्थित गरिएको र देशले प्राप्त गर्दै गइरहेको उपलब्धि बारेमा प्रकाश पारिबक्सन सोधिएको एक प्रश्नको उत्तरमा मौसूफ सरकारबाट हुकुम भयो– स्व. बूबाज्यूबाट करीब दश वर्ष अघि गाउँफर्क राष्ट्रिय अभियान बक्सेको हो। व्यवस्थाका कार्यकर्ताहरूको मूल्यांकन गर्ने, तिनलाई परिचालन गर्ने राजनीतिक प्रविधिको रूपमा गाउँफर्कलाई सन् १९७३ मा नयां एकरूप प्रदान गरिएको थियो। गत वर्ष पुस महीनामा नेपालको संविधानमा दोस्रो संशोधन भएपछि गाउँफर्कलाई संवैधानिक अंग बनाइएको हो। मौसूफबाट हुकुम भयो– यस व्यवस्थाबाट गाउँ फर्कलाई अब पञ्चायत दर्शनको व्याख्या गर्ने, राजनीतिक कार्यक्रमको तर्जुमा गर्ने, पञ्च भेलाको आयोजना गर्ने र पञ्चायतका कार्यकर्ताहरूको छनौट, परिचालन र मूल्याँकन गर्ने संवैधानिक अख्तियार प्राप्त भएको छ। संक्षेपमा विकासको निमित्त राजनीतिलाई परिचालन गर्ने लक्ष्य प्राप्तिका लागि सबल अनुशासित र पञ्चायत दर्शनबाट उत्प्रेरित कार्यकर्ताहरू तयार गरी गाउँफर्क राष्ट्रिय अभियानद्वारा विकासको निमित्त राजनीतिक परिचालन गरी हाम्रो लक्ष प्राप्त गर्ने हो।

नेपालका उपलब्धिहरू बारे सोधिएको प्रश्न बारे श्री ५ महाराजाधिराज सरकारबाट नेपालका उपलब्धिहरू चमत्कारपूर्ण नहोलान् तर महत्वपूर्ण भने अवश्य छन् हुकुम भयो। नेपालले गरेको उपलब्धिबारे बिचार गर्दा दुई कुरा माथि ध्यान दिइनु पर्ने कुरा औंल्याइबक्सी मौसूफबाट हुकुम भयो– पहिलो कुरो हामीले हरेक कुराको थालनी गर्नु परेकोले आर्थिक रूपले तत्कालन प्रतिफल प्राप्त हुन नसक्ने पूर्वाधारहरू बनाउन ठूलो लगानी गर्नु परेको छ र दोस्रो कुरा देशका सबै क्षेत्रका जनताले विकासका फल न्यायोचित रूपले उपभोग गर्न सकुन् भन्ने उद्देश्यले हामीले सन्तुलित क्षेत्रीय विकासको नीति अपनाएका छौं।

देशको सामाजिक तथा आर्थिक क्षेत्रमा चालू योजनाको खास उद्देश्यहरू बारे सोधिएको प्रश्नको उत्तरमा मौसूफ सरकारबाट हुकुम भयो– पाँचौं योजनाले पञ्चायत व्यवस्थाले निर्दिष्ट गरेको सामाजिक तथा आर्थिक लक्ष्यहरू सकेसम्म छिटो प्राप्त गर्ने कुरामा जोड दिइएको छ। हाम्रो विकास योजनामा एकातिर प्राप्त जनशक्तिको अधिकतम उपयोग गर्ने उद्देश्य रहेको छ भने अर्को तर्फ उत्पादनलाई जनमुखी बनाउँदै जाने उद्देश्य रहेको छ। यी दुवै उद्देश्यहरू हाम्रो जनशक्ति र प्राकृतिक सम्पदालाई उपयोग गरी विकासका कार्यक्रमहरूलाई व्यापक रूपमा फैलाउन सकेमा मात्र प्राप्त हुन सक्छन् यिनै उद्देश्य अनुरूप वर्तमान पाँचौं योजनाका कार्यक्रमहरूको तर्जूमा प्राथमिकता निर्धारण र आर्थिक स्रोतको बांडफांड गरिएको कुरा हुकुम हुँदै मौसूफ सरकारबाट– कृषि, सिचाई, यातायात, संचार, उद्योग र विद्युत् उत्पादन जस्ता मुख्य आर्थिक क्षेत्रले योजनाबद्ध कार्यक्रमको ठूलो अंश ढाकेको छ र सार्वजनिक क्षेत्रका निमित्त निर्धारित गरिएको स्रोतको झण्डै एक चौथाई भाग शिक्षा स्वास्थ्य र परिवार नियोजन तथा मातृ शिशु कल्याण जस्ता सामाजिक क्षेत्रको बिस्तारको लागि छुट्याइएको कुरा हुकुम भयो।

युगोस्लाभिया र नेपाल बीच रहि आएको परम्परागत मैत्रीपूर्ण सम्बन्ध बारे श्री ५ महाराजाधिराज सरकारबाट नेपाल र युगोस्लाभिया बीचको अति मैत्रीपूर्ण सम्बन्ध आपसी समझदारी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वास एवं सम्मानको भावनाले परिपूर्ण छन् हुकुम भयो। मौसूफ सरकारबाट हुकुम भयो– गतवर्ष सम्पन्न भएको वैज्ञानिक एवं प्राविधिक सहयोग सम्बन्धी सम्झौताले हाम्रा दुई देश बीचको मैत्रीपूर्ण सम्बन्धलाई अझ बढी मजबूत तुल्याएको छ। दुवै देशका सरकारहरूले विशेष गरी आर्थिक क्षेत्रमा निकटतम सहयोग गर्ने, अनुकूल परिस्थिति भएको कुरा महसूस गरेका भन्ने कुरा पनि मौसूफ सरकारबाट हुकुम भयो। साथै श्री ५ महाराजाधिराजबाट जडीबुटी उद्योग, तारपिनको तेल निकाल्ने र पर्यटन उद्योगको विकासको क्षेत्रमा संयुक्त सहयोगका संभावना रहेको कुरामा प्रकाश पारिबक्सियो।

मौसूफ सरकारबाट द्विपक्षीय ब्यापारको वृद्धिले दुवै देशलाई पारस्परिक लाभ हुने कुरा व्यक्त गरिबक्सियो।

गोरखापत्रमा प्रकाशित असार २५, २०३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्थिक विकासका लागि गरिएका संपूर्ण प्रयास नेपालीकै हित र कल्याणका लागि

प्रश्नः– सरकारबाट हालै मात्र नेपालका गाउँले भेगहरूको भ्रमण गरिबक्सेको थाहा पाएको छु। उक्त भ्रमणबाट देशको प्रशासनिक यन्त्रको संचालनमा देखा परेका समस्याहरू तथा त्यसका सकारात्मक उपलब्धिहरू के के हुन् भन्ने सरकारमा जाहेर भएका छन् ?

उत्तरः– सामान्यतया, यी भ्रमणहरूको निश्चित उपलब्धिहरूका रूपमा विकास प्रति जनताको दृष्टिकोणमा आएको परिवर्तनलाई लिन सकिन्छ। मुलुकका कुनै भाग पनि विकासका प्रयासबाट ओझेल नहोउन् भन्ने कुरा सबै नेपालीले बुझ्दै आएका छन्। आर्थिक विकासका लागि गरिएका सबै प्रयासहरू उनीहरूकै हित तथा कल्याणका लागि गरिएका हुन् भन्ने कुरा सर्वसाधारण जनताले देखिसकेका छन्। त्यसको फलस्वरूप, नयां पाराको सोचाईलाई अवलम्बन गर्न उनीहरू बढी अघि सर्न थालेका छन् र आफूले जो सकेको सघाउ तथा योगदान पुऱ्याउन जनता बढी तत्पर भएका देखिन्छन्। योजना तथा नीति निर्माणको दृष्टिकोणबाट भन्ने हो भने, जनताका वास्तविक आवश्यकता र भित्री अकाँक्षा बुझ्न यी भ्रमणहरू निकै नै उपयोगी सिद्ध भएका छन् भन्ने मैले ठानेको छु। हाम्रा समस्या तीन किसिमले उत्पन्न भएका छन्। ती हुन् पहाडी र सम्म भूमिमा असन्तुलन भईदिदा जनसंख्या पहाडबाट ओर्झदै फांटतिर बसाई सरेर परेको चाप, दोस्रो, कुरा आर्थिक वृद्धिले जनसंख्या वृद्धिलाई उछिन्न नसक्नु र तेस्रो कुरा आफ्नो देशबारे तथा आफ्ना समस्याहरू सुल्झाउने क्षमताबारे हामीमा ज्ञानको कमी हुनु।

प्रश्नः– सरकारबाट भोलिको नेपालको विकासबारे आज सोचि बक्सेका कुराहरूको रूपरेखा थाहा पाउन सक्छु कि ?

उत्तरः– पहिलो प्रश्नको उत्तरमा मैले उल्लेख गरेका समस्याहरूले विकास प्रति मेरो सोचाईलाई खास गरी औंल्याएको छ। देशमा चार विकास क्षेत्रको स्थापना तथा उत्पादित वस्तुको सबै क्षेत्रमा न्यायोचित वितरणमा विशेष ध्यान दिइएको कुराले पनि यस सम्बन्धमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो सोचाईको दिशाबोध गराउँछ । हाम्रो विकास प्रक्रिया अनुसार, हाम्रो उद्देश्य विकासका लागि आधारभूत पूर्वाधारको तयारी गर्ने मात्र नभई विकासद्वारा सम्पूर्ण देशकै एकीकरण हासिल गर्नु हो ।

प्रश्नः– नेपालको विदेश व्यापारमा भारतको भूमिका सम्बन्धी समस्याहरूको सामाधान गर्ने दिशामा केही प्रगति भएको छ भने त्यसबारे पनि सरकारबाट केही हुकुम हुन्छ कि ?

उत्तरः– हाम्रो धेरै जसो व्यापार भारतसंग हुन्छ भन्ने कुरा सत्य हो । हाम्रा उत्पादनहरूले भारतमा बजार पाउन र नेपालमा भारतिय मालहरू आउन नरोकिऊन् भन्ने नै हामीले भारतसंग खोजेका हौं । सन् १९७१ को नेपाल भारत वाणिज्य तथा परिवहन सन्धीको म्याद गत अगष्ट महिनामा सकिएको भए पनि अर्को सन्धि नहुन्जेल त्यसलाई कायमै राखिएको त तपाईलाई थाहै होला । सन्धिको लागि दुवै सरकारका बीच विभिन्न तहमा वार्ता भइराखेको छ ।

हाम्रा दुवै देशका बीच रहेको खुला सीमानलाई ध्यानमा राखेर आपसी सहयोग तथा हितमा आधारित भइकन दुवै थरीलाई चित्त बुझेको समाधान पहिल्याउनु छ । हाम्रा दुई देश बीच रहिआएको परिपक्व र संयमपूर्ण सम्बन्धको सन्दर्भमा यो सम्भव छ भन्ने कुरामा म विश्वस्त पनि छु ।

प्रश्नः– समुद्री कानूनको सन्दर्भमा भूपरिवेष्ठित देशहरूको हक बारे सरकारबाट केही हुकुम हुन्छ कि ?

उत्तरः– मेरो बिचारमा यो प्रश्न प्रगतिको दौडमा भूपरिवेष्ठित राष्ट्रहरूलाई पछि छाड्न हुन्छ त (?) भन्ने व्यापक समस्याको एक अंश मात्र हो । हाम्रो जस्तो नराम्रो स्थितिमा परेको मुलुकलाई व्यापार तथा अन्य श्रोतहरू फेला पार्ने काममा आई पर्ने बाधाहरू मार्मिक हुन्छन् र ती स्वतः सिद्ध पनि छन् । यस सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायले नै गंभीरता-पूर्वक सोची निर्णय नगरेसम्म हाम्रा स्थितिका मुलुकहरूले सबै सीमित आर्थिक विकास को स्थितिमा बांचिरहनु पर्नेछ । समुन्द्रसम्मको निर्वाध आवागमनको अधिकार यस समस्याको एउटा पक्ष हो । हामीले विश्व समुदायसंग मागेको कुरा नै नयां अन्तर्राष्ट्रिय ढांचाको कुरो भनेर मानिएको हक इन्साफ हो ।

प्रश्नः– नेपालको राजनीतिमा अराष्ट्रिय तत्वहरूले विदेशी समर्थन पाउलान् भनेर सरकार चिंतित त होइबक्सन्न ?

उत्तरः– यस सम्बन्धमा हाम्रो भनाई पहिलेदेखिनै स्पष्ट छ र यो नीति राष्ट्र राष्ट्रका बीचको सम्बन्धलाई पथप्रदर्शन गर्ने अन्तर्राष्ट्रिय मान्यता अनुकूल छ । हामी अर्काको भित्री मामलामा हस्तक्षेप नगर्ने सिद्धान्तलाई पूर्णतया अंगालेर देखाउनु पर्छ भन्ने कुरामा विश्वास गर्छौं र त्यस अवस्थामा हामीले अरूबाट पनि त्यही व्यवहार चाहनु न्यायसंगत हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः– सरकारबाट केही अघिमात्र तिब्बतको भ्रमण गरिबक्सेको हुनाले त्यहाँको परिस्थिति र बौद्धमार्गीहरूको स्थिति बारे सरकारमा जाहेर भएका कुरा पनि सुन्न पाउँछु कि ?

उत्तरः– हामीबाट चीनको स्वशासित तिब्बती क्षेत्रमा भएको भ्रमण हाम्रो छिमेकमा भइकन प्राचीनकाल देखि हामीसंग प्रशस्त ब्यापारिक तथा साँस्कृतिक सम्बन्ध रहि आएको क्षेत्रको सद्भावना भ्रमण थियो । त्यस भेगका सबैलाई असर पार्ने त्यहाँको नयाँ शान्तिपूर्ण तथा प्रगतिशील अर्थ व्यवस्था हेर्दा नेपाल पारस्परिक हित तथा आदरका सिद्धान्तसंग मेल खाने गरी तिब्बतसंग ब्यापार तथा सहयोगको बलियो ढांचा तयार पार्न चाहन्छ ।

प्रश्नः– सरकारका बिचारमा नेपाल र मध्यपूर्वका तेल उत्पादक राज्यहरूको बीच कस्तो सम्बन्ध विकास हुन सक्छ भन्ने लागेको छ ?

उत्तरः– विश्वको त्यस भेकका देशहरूसंग हाम्रो सम्बन्ध निरन्तर विकसित हुँदैछ । आपसी हितका लागि दोहोरो समझदारी र सहयोगको भावना हामीमा छँदैछ । हामी आफ्नो यो सम्बन्ध बिस्तार स्वतन्त्रतापूर्वक गर्न चाहन्छौं । यसको लागि हामी कुनै तेस्रो मुलुकको मुख हेर्ने पक्षमा छैनौं । नेपालको विकासको लागि कुवेत तथा साउदी अरेबियाबाट हामीले प्राप्त गरेको सुलभ ऋणको नेपालले सराहना गरेको छ ।

प्रश्नः– नेपालको चीनसंग वर्तमान ब्यापार सम्बन्ध बारे पनि केही हुकुम हुन्छ कि ?

उत्तरः– नेपाल र चीनको तिब्बती क्षेत्रका बीच परम्परागत ब्यापार ब्यापक रूपमा हुने गर्दथ्यो । एक त, हामी हाम्रो देशका उत्तरी क्षेत्रहरूमा दक्षिणका देशहरूबाट मात्र मालसामानहरू पुन्याउन सक्दैनौं । किनभने त्यसो गर्दा ओसार पसारमा लाग्ने खर्च नै धान्न असंभव हुन्छ । यसले गर्दा चीनसंगको हाम्रो सीमावर्ती तथा राष्ट्रिय ब्यापार बढेको छ । सीमा क्षेत्रमा केही नयां मार्गहरू पनि खोलिएका छन् र चीनसंग समुद्रको बाटो गरिने ब्यापारमा समेत वृद्धि भएको छ ।

प्रश्नः– संयुक्त राज्य अमेरिका र सोभियत संघले नेपाललाई कुन खालका सहायताहरू दिइराखेका छन् वा भविष्यका लागि दिने भएका छन् ? तिनका सहायता कार्यक्रमहरू नेपालको लागि कतिका रूचिकर तथा सुहाउँदो छन् ? यसबारे पनि संक्षेपमा सरकारबाट केही हुकुम हुन्छ कि ?

उत्तरः– संयुक्त राज्य अमेरिकाले नेपालको विकास प्रयासमा धेरै समयदेखि साथ दिंदै आएको छ । शुरूमा संयुक्त राज्य अमेरिकाले यातायात र उद्योगको समेत गरी हाम्रो अर्थ व्यवस्थाको विभिन्न पक्षमा सहायता गरेको थियो । अहिले खास गरी स्वास्थ्य, परिवार नियोजन र कृषिमा सहयोग पुऱ्याई राखेको छ । सुदूर पश्चिमाञ्चलमा एउटा उत्तर दक्षिण राजमार्ग पनि केही समयदेखि अमेरिकाको सहयोगबाट बनिराखेको छ । यी बाहेक, अमेरिकी सरकारले नेपाली नागरिकहरूलाई विभिन्न तालीमको व्यवस्था गरिराखेको पनि उल्लेखनीय छ । भविष्यमा अमेरिकी सहायताले ग्रामीण विकासमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेष जोड दिने देखिएको छ। हाम्रो इच्छा पनि त्यस्तै भएकोले हामी यसको स्वागत गर्दछौं। किनभने नेपालको सन्दर्भमा आर्थिक तथा सामाजिक विकास भन्नु नै वास्तवमा ग्रामीण विकास हो। त्यो नेपाललाई सुहाउने किसिमले हुनु पर्छ भन्ने मात्र कुरा हो। यसमा हाम्रा मित्रहरूबाट हुनसक्ने जुनसुकै सहयोग पनि सराहनीय हुनेछ।

सोभियत सङ्घले पनि नेपाली विद्यार्थीहरूलाई उपयुक्त तालीमको मौका दिइराखेको छ। यो बाहेक, सन् १९६० ताक सोभियत सहायताबाट केही उद्योग एउटा महत्वपूर्ण राजमार्ग, एउटा अस्पताल निर्माण गरियो। ती उद्योगहरूले नेपालको आयातलाई केही अंशमा घटाए पनि अहिले दुवै देशका बीच आर्थिक सहयोग बिस्तार गर्दै जाने उपायहरू पत्ता लगाउन विभिन्न तहमा छलफल चल्दैछ र सोभियत संघको उपयोगी आर्थिक सहयोग भविष्यमा पनि चालू रहने छ भन्ने आशा नेपालले लिएको छ।

यी सहायता कार्यक्रमहरू कति सम्म नेपाललाई रूचिकर र सुहाउँदा छन् भन्ने प्रश्नको हकमा, नेपाल आफूले प्राथमिकता दिएका विकास कार्यक्रमलाई चाहिने अर्थको व्यवस्था गर्न आफ्ना सबै मित्र राष्ट्रहरूबाट पाउन सकिने सहयोगको स्वागत गर्दछ। नेपाललाई सहयोग पुऱ्याउने मुलुकहरू मध्ये कुनै कुनै आफ्नै हिसाबले प्राथमिकता बारे निर्णय लिन्छन्। एक त, नेपाललाई सबभन्दा पहिले के चाहिएको छ भन्ने उनीहरूले लिइराखेको धारणा र अर्को कुरा कुनै खास किसिमको प्राविधिमा उनीहरूमा भएको विशेष योग्यताले पनि उनीहरूले त्यसो गरेका हुन्। कतिपय क्षेत्रमा ज्यादै पछाडि परेका आफ्नो अर्थ व्यवस्थाले गर्दा यसबाट नेपाललाई खास अप्ठ्यारो परेको छैन। यसमा मुख्य कुरो के छ भने यस्ता सहायताका शर्तहरू नरम हुनु पर्छ र नेपालका खास खास आवश्यकताको परिपूर्ति गर्ने र समस्याहरू सुल्झाउने खालका हुनुपर्छ।

प्रश्नः– चीनका सहायता कार्यक्रमहरू कसरी चलिरहेका छन् र चल्ने भएका छन् भन्ने कुरामा पनि केही हुकुम हुन्छ कि ?

उत्तरः– चीनले नेपाललाई आर्थिक पूर्वाधारहरू तयार पार्ने काममा सहायता गरेको छ। उदाहरणको लागि राजमार्गहरू र जल विद्युत्‌लाई लिन सकिन्छ। यी बाहेक केही उत्पादनका इकाईहरू पनि चीनीयां सहयोगबाट नेपालमा स्थापना गरिएका छन्। पोखरालाई सुर्खेतसंग जोड्ने ४०० किलो मिटर भन्दा लामो बाटो चीनको सहायताबाट बनाइने सम्झौतामा हस्ताक्षर सम्पन्न भइसकेको छ। पहाडी भागबाट मात्र तलमाथि गर्दै जाने यो बाटो बनिसकेपछि यसले हाम्रो चारै विकास क्षेत्रको स्वीकृत विकासमा ठूलो भूमिका खेल्नेछ। हाललाई चीनको सहायताबाट एउटा कपडा कारखानाको स्थापना भइराखेको छ। जसको उत्पादन शुरू भएपछि केही अंशमा कपडाको आयात पनि घट्नेछ। त्यस्तै एउटा ईंटा कारखाना पनि काठमाडौं उपत्यकामा बनाइदैछ। चीनले पोखरामा सिंचाई र जल संरक्षण आयोजनाको लागि पनि हामीलाई सहयोग गर्ने बचन दिएको छ। केही अंशमा सिंचाई र केही अंशमा जल विद्युत् उत्पादन गर्ने यस आयोजनाको नेपालका पहाडी भेगको विकासमा दिगो प्रभाव पर्न सक्छ। कसरी भने, यस्ता सानातिना आयोजनाहरू अन्यत्र पनि चलाउन सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः— बिगत केही वर्षको अन्तर्राष्ट्रिय आर्थिक संकटले नेपालमा कस्तो असर पर्‍यो भन्न सरकार ठानिबक्सन्छ ?

उत्तरः— नेपाल सबभन्दा कम विकसित राष्ट्रहरूमध्ये एक हो । त्यसमाथि यसको भौगोलिक कठिनाई समेत थपिंदा सामान्य अवस्थामा पनि नेपालका आर्थिक समस्याहरू चर्कै हुन्छन् । यस्ता समस्याहरू हामीले हालै भोगिआएको जस्तो विश्वव्यापी आर्थिक भुइंचालो जाँदा अझ चर्किनु त स्वाभाविकै छ । नेपाल कोरा माल वा कच्चा पदार्थ उत्पादन गरेर निर्यात गर्दछ तथा सम्पूर्ण भने जस्तो तयारी माल आयात गर्दछ । यसले गर्दा ब्यापारमा अवान्छनीय शर्तहरू र असन्तुलनको स्थायी समस्याबाट नेपाल सधैं पीडित छ । विश्वव्यापी मूल्यवृद्धिको साथ साथै केही अघिसम्म अनुभव गरिएको आर्थिक मन्दीले गर्दा हाम्रा समस्याहरू झन बल्किए । उदाहरणको लागि सन् १९७०।७१ र १९७४।७५ का बीच नेपालको घाटाको व्यापार चौगुना बढ्‍यो । यस सम्बन्धमा रासायनिक मल जस्ता अरू पनि उत्पादन हेतुका वस्तुहरू बढी मूल्यमा किनेर आफ्नो उपजको परल मूल्य समेत पाउन कठिनाई परेबाट हाम्रा उत्पादकहरूलाई मर्का परेको बताइरहन परोइन् । विश्वव्यापी मूल्यवृद्धिले गर्दा देश भित्रको मूल्य स्थितिमा पनि नराम्रो असर पर्न गयो । सन् १९७२।७३ र १९७५।७६ बीच सरदर चालीस प्रतिशत मूल्यवृद्धि भइदियो र यसले गर्दा सर्वसाधारणलाई निकै सास्ती भयो । यस सम्बन्धमा एउटै उल्लेखनीय कुरा के छ भने हाम्रा सीमित स्रोतहरू र अन्य बाध्यता भइकन पनि हामीले उपर्युक्त कठिनाईहरूको सीमित सामना गर्‍यौं र विकासको गति शिथिल हुन दिएनौं । हाललाई त आन्तरिक मूल्य स्थिति नियन्त्रण छ र ब्यापारिक सन्तुलन हाम्रो पक्षमा हुन नसके पनि सरदर भुक्तानीको स्थिति फेरि सुध्रिसकेको छ । यातायातमा लाग्ने बढी खर्च र बेहोर्नु पर्ने अन्य खर्चहरू समेतले गर्दा सामान्यतया विकास खर्चको समस्याले हामीलाई चापिराखेकै छ ।

प्रश्नः— नेपालमा जल विद्युत् शक्तिको विकास गर्ने र त्यसलाई भारतमा बेच्ने सम्बन्धमा कस्ता सम्भावनाहरू सरकारबाट नजर गरिबक्सेको छ ?

उत्तरः— प्राविधिज्ञहरूको भनाई अनुसार, सैद्धान्तिक हिसावले लगभग आठ करोड तीसलाई किलोवाट जल विद्युत शक्ति उत्पादन गर्ने क्षमता नेपालको छ । निश्चित थलाहरूमा सम्पन्न भैसकेका अनुसन्धानात्मक अध्ययन अनुसार एक करोड पचास लाख किलोवाट जल विद्युतको संभावना देखिन्छ र त्यसमा सत्तरी लाख किलोवाट चाहिं उत्पादन गर्न सकिने ठहर भइसकेको छ । भारतलाई जल विद्युत शक्ति बेच्न त सजिलो पर्छ तर विद्युत शक्तिको मात्र बिचार गरेर जलस्रोतका आयोजनाहरू चलाउन आर्थिक दृष्टिकोणबाट उति सारो फाइदाजनक होला भन्न सकिन्न । मेरो विचारमा बहुउद्देश्य भएका कार्यक्रमहरूको कार्यान्वयनबाट लाभ उठाउन सक्ने गरी आयोजनाहरूको तर्जुमा गरिनु पर्छ । यस्ता आयोजनाहरूको कार्यान्वयनमा कसले कति र कसरी खर्च बेहोर्ने भन्ने बन्दोबस्त पनि दोहोरो समझदारी र सहयोगको आधारमा बढी फाइदा जनक दृष्टिबाट गरिनु पर्दछ । अनि नेपालबाट जल विद्युतको निर्यात गर्ने संभावनाको क्षेत्र विस्तार हुन सक्नेछ ।

गोरखापत्रमा प्रकाशित वैशाख ७, २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्य जीवनमूलक हुनु पर्छ

प्रश्नः– नेपालको चौमुखी विकासका लागि मौसूफ सरकार पूर्ण सक्रिय होइबक्सेको छ। सरकार, राष्ट्रको भौतिक विकासमा साहित्य र संस्कृतिको विकास कार्यको भूमिका रहन्छ भन्ने सेवकको बिचार छ। यस बारेमा सरकारको धारणा जान्न पाउँ ?

उत्तरः– राष्ट्रको भौतिक विकासमा साहित्य र संस्कृतिको आधारभूत भूमिका रहन्छ भन्ने कुरा मलाई ठीक लाग्छ। विकास भनेको भौतिक विकास मात्र होइन, यो एक मानसिक, नैतिक, आध्यात्मिक लगायत सम्पूर्ण मानवीय विकास हो। साहित्यले मानव जातिको सम्पूर्ण वैचारिक पक्षलाई समेट्ने भएकोले यसको विकास बिना भौतिक विकास दिगो रहन गाह्रै पर्छ।

प्रश्नः– यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगका प्रस्तावित योजनाहरूमा भाषा, साहित्य र संस्कृतिको विकास गर्ने खालका योजनाहरू पनि समावेश हुन सम्भव होला ? अर्को शब्दमा, साहित्य र भाषाको विकास बिनाको भौतिक विकासले मात्र देशको चौमुखी विकास गर्न सक्ला र?

उत्तरः– यस सम्बन्धमा राष्ट्रिय योजना आयोगले बिचार नगरेको त होइन होला तर एकपटक यसबारे आयोगको ध्यान आकर्षित गर्नु राम्रै होला

प्रश्नः– हालै सम्पन्न भएको साहित्य मेलामा सरकारबाट बक्सेको सन्देश अत्यन्त, प्रेरणाप्रद थियो। साहित्यिकहरू उत्साहित थिए। त्यस मेलाको उपलब्धिबारे सरकारको के धारणा छ ?

उत्तरः– यस मेलाबाट के कस्तो उपलब्धि भयो यसबारे म आफैं जान्न खोजिरहेछु। यसको मूल्यांकन साहित्यकारहरूबाटै हुनु राम्रो होला कि ?

प्रश्नः– नेपाली साहित्य जीवनमूलक हुन सकेको छैन। त्यसका लागि नाटक विधामा बढी जोड दिनुपर्ने कुरामा मौसूफ सरकारबाट हुकुम भएको हो। तर मन्चको व्यवस्था काठमाडौं बाहेक नेपालका अन्य भागमा नभएकोले त्यस कार्यमा व्यवधान आउने देखिन्छ। यस बाहेक जनरूचि स्तरमा जाँदा नाटकीय विधामा हाम्रो साहित्यले पाईसकेको उच्चता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा ह्रास आउने डर छ । यसबारे मौसूफसरकारबाट केही धारणा व्यक्त गरिबक्सन्छ कि ?

उत्तरः– साहित्य जीवनमूलक हुनुपर्छ भन्ने मेरो पनि धारणा छ । यसैले राजकीय प्रज्ञा प्रतिष्ठान-ले आयोजना गरेको साहित्य मेलाको उद्घाटनमा मैले यसतर्फ जोड दिएको हुँ । नाटक देखाउन हाम्रो जस्तो मुलुकमा सुसज्जित मन्च हुनै पर्छ भन्ने धारणा गलत हुन्न र ? शायद, नाटक खुला मन्चमा देखाउन सकिन्छ । यसमा गाउँ र नगर पंचायतले पनि योगदान गर्ने ठाउँ छ ।

जहाँसम्म नाटकको स्तरको प्रश्न छ, प्राचीन ग्रीसमा र बेलायतकी महारानी एलिजावेथ (प्रथम) को पालामा लेखिएका नाटकहरूमा सरलता र स्तरको संमिश्रण छ भन्ने म सुन्छु । भारतको गुप्तकालीन नाटकहरूमा पनि त्यस्तै संयोग छ भन्ने कुरा पनि सुनिन्छ । नेपाली साहित्यमा देवकोटाको मुना मदनमा सरलता र भावात्मक गहनता दुवै छन् । त्यसो हुनाले सरलता र गहनता परस्पर विरोधी होइनन्, संगै बस्न सक्छन् । अर्को कुरा, राजनीतिमा जस्तै साहित्यमा पनि जन सहभागिता खोज्ने हो भने साहित्यिक कृतिमा जनताको मन र जनताको भावना लिने प्रयास हुनै पर्छ ।

प्रश्नः– नेपाली भाषा शुद्ध लेखिनु पर्दछ, र अड्डा अदालतको लेखाइमा पनि व्याकरण शुद्ध हुन पर्दछ भन्ने बारे सरकारको के दृष्टिकोण छ । यस कार्यलाई कसरी सफल कार्यान्वयन गर्न सकिन्छ ?

उत्तरः– यसबारे भाषाविद्, शिक्षाविद्, पत्रका र साहित्यकार जस्तो चेतनशील वर्गले सोच्नु परेको छ । अड्डा अड्डामा काम गर्ने कर्मचारीहरूले जे जस्तो शिक्षा र तालीम पाए सोही अनुसार लेख्नु स्वाभाविकै हो । त्यसैले अब नेपाली भाषाको शिक्षा र तालीममा राम्रो ध्यान पुग्न गयो भने भविष्यमा यो समस्या आउँदैन कि ?

प्रश्नः– गोरखापत्र र रेडियो नेपालको भाषा जनसाधारण, पहाड र तराईका समेतले बुझ्ने हुनपर्छ भन्ने बारे सरकारको केही निर्देशन छ कि ?

उत्तरः– गोरखापत्र र रेडियो नेपालको भाषा मात्र होइन कि सबै ठाउँमा प्रयोग गरिने भाषा जति सक्यो सबैले बुझ्न सकिने किसिमको हुनुपर्छ । यसमा दुई बिचार होला जस्तो लाग्दैन ।

प्रश्नः– नेपाली भाषा अब नेपालको राष्ट्रिय भाषा मात्र नरहेर पश्चिम बंगाल, सिक्किम र भुटान-को पनि राजकीय भाषा पनि हुन पुगिसकेको छ । अतः नेपाली भाषाको बनोट र व्याकरण तथा साहित्यबारे सम्बर्द्धन र विकास गर्न एक अन्तरराष्ट्रिय स्तरको समिति हुनु पर्छ भन्ने बारे सरकारको के बिचार छ ?

उत्तरः– यो प्रश्नमा कति कुरा सत्य छ, मलाई यकिन थाहा भएन । मलाई लागेको के छ भने नेपाली नेपालको राष्ट्र भाषा हो । यो भाषा नेपाली जातिले, जहाँ बसेपनि बोल्ने र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेख्ने गरिआएका छन् तर स्वदेशमा हामीले हाम्रो राष्ट्र भाषाको उत्थान र विकास बारे काम गर्दै गरे पनि विदेश बारे बोल्नु म उचित ठान्दिन ।

प्रश्नः– त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षाको माध्यम २०४० सम्ममा नेपाली भाषा हुनु पर्छ भनी गरेको निर्णय कार्यरूपमा परिणत हुन सक्दैन भन्ने बारे निकै चर्चा भएको सुनिन्छ । त्रिभुवन विश्वविद्यालयको कुलपति सरकारमा त यस बारेमा कुनै शंका छैन होला ?

उत्तरः– उच्च शिक्षाको माध्यमको कुरा गर्दा हामीले व्यवहारवादी दृष्टिकोणको साथै के गरे हाम्रो देशको जनतालाई फाइदा हुन्छ यसबारे सोच्नु पर्छ । नेपालको राष्ट्रियतालाई नेपाली भाषाले बल दिन्छ भने नेपालको अन्तर्राष्ट्रिय अस्तित्वलाई अन्तर्राष्ट्रिय भाषाले पनि मद्दत पुऱ्याएकै हुन्छ । त्यसैले राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै भाषालाई परस्पर विरोधीको रूपमा नलिई एक अर्काको परिपूरकको रूपमा हामीले प्रयोग गर्नु पर्छ जस्तो मलाई लाग्छ ।

प्रश्नः– आजको नेपाली साहित्यकारहरूलाई खास गरी युवा साहित्यकार वर्गलाई सक्रिय लेखनबारे मौसूफ सरकारबाट केही निर्देशन सन्देश निगाहा हुन्छ कि ?

उत्तरः– म साहित्यकार होइन, मलाई लागेका कुराहरू साहित्य मेलाको उद्घाटन समयमा भनिसके कै छु ।

प्रश्नः– नेपाली साहित्यकारले परम्परावादी साहित्य सिर्जना गर्नु ठीक होला कि पश्चिमको आधुनिकता पछ्याउनु ठीक होला केही निर्देशन मौसूफ सरकारबाट निगाह हुन्छ कि ?

उत्तरः– कोरा नवकलबाट मात्र कुनै देशले नाम कमाएको छैन भने परम्परा मात्र भनेर पनि नयाँ कुरा आउने होइन । नौलोपन बिना अब रचना हुने साहित्यमा मौलिकता हुँदैन र मौलिकता नभएमा साहित्य विकास भएको ठहर्दैन ।

प्रश्नः– साहित्यलाई राजनीतिबाट अलग राख्ने र संमिश्रण गर्ने भन्ने विवाद पुरानै हो यसबारे मौसूफबाट केही धारणा व्यक्त गरिबक्सन्छ कि ?

उत्तरः– यदि साहित्य मानव अनुभूतिको अभिव्यक्ति हो भने त्यसमा राजनीति मात्र होइन मानव जीवनका सबै पक्षहरूसंग सम्बन्धित कुराहरू समावेश हुनु स्वाभाविकै हो । त्यसैले, समाज र देशप्रति साहित्यकारको पनि कसैको भन्दा कम जिम्मेवारी र कर्तव्य हुँदैन ।

रूपरेखामा प्रकाशित पौष २०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असंलग्न राष्ट्रलाई स्वाधीनताको रक्षा गर्ने प्रयास नवीकरण गर्न आग्रह

श्री ५ महाराजाधिराज सरकारबाट अरबी भाषाको दैनिक पत्र अल अहरामका वरिष्ट केन्द्रीय समाचार सम्पादक मोहम्मद आइसालाई बक्सेको अन्तर्वार्तामा असंलग्न राष्ट्रहरूलाई आफ्नो स्वाधीनताको रक्षा गर्नका लागि बढी चनाखो भई आफ्ना प्रयासहरूलाई नवीकरण गर्न आग्रह गरिबक्सेको छ ।

नेपालले संधै नै अस्थिरता सिर्जना शक्तिहरू तथा हस्तक्षेपको विरोध गर्ने नीति अपनाएको कुरा उल्लेख गरिबक्संदै मौसूफ सरकारबाट हुकुम भयो– "यो नीति असंलग्न सिद्धान्त अनुकूल छ ।"

श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– यस दृष्टिकोणबाट हेर्दा आज असंलग्न आन्दोलन दबावरहित भएको हामी देख्दैनौं । वर्तमान स्थितिले असंलग्न राष्ट्रहरूलाई उनीहरूको स्वतन्त्रताको लागि बढी सतर्क हुनुका साथै नयां प्रयासहरूको आवश्यकता स्पष्ट देखाउँछ ।

एक प्रश्नको उत्तर बक्संदै मौसूफ सरकारबाट उत्तर तथा दक्षिण बीचको बढ्दो असमानतालाई हटाउन अन्तर्राष्ट्रिय सम्मेलनहरूले नसके पनि समस्याहरू पहिल्याउनमा चाहिं तिनीहरू सफल भएका छन् हुकुम भयो । समाधानहरू चाहिं, मौसूफ सरकारबाट हुकुम भयो– औद्योगिक राष्ट्रहरूको बढी राजनीतिक अठोटमा भर गर्नुका साथै विकासोन्मुख राष्ट्रहरू बीच नै बढी आर्थिक एवं प्राविधिक सहयोगद्वारा निकालन सकिन्छ । अर्को एक प्रश्नको उत्तरमा श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– सम्बन्धित राष्ट्रहरूको सार्वभौमिकता एवं क्षेत्रीय अखण्डता माथि भएको सैनिक आक्रमण गम्भीर चिन्ताको विषय भएको छ र यसबाट अन्तर्राष्ट्रिय शान्ति एवं सुरक्षामाथि खतरा पुगेको छ ।

समस्याहरूको पहिचान भइ सकेको कुरा उल्लेख गरिबक्संदै मौसूफ सरकारबाट हुकुम भयो– संयुक्त राष्ट्र सङ्घको साधारण बैठकले पारित गरेको प्रस्तावहरूमा यिनको समाधानकालागि उपायहरू पनि निर्दिष्ट भइसकेका छन् । ती कुराहरूलाई हामी पूर्ण रूपमा स्वीकार गर्दछौं हुकुम हुँदै मौसूफ सरकारबाट हुकुम भयो– विदेशी सेनाहरू हट्नु पर्छ र मानिसलाई आफ्नो भाग्य आफ निर्धारण गर्ने दिनका निमित्त सबै मुलुकको सार्वभौमिकता, स्वाधीनता र प्रादेशिक अखण्डताको उचित सम्मान गरिनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने प्रस्तावको उल्लेख गरी बक्सदै श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– इजिप्ट लगायत हामीले सम्पर्क राखेका प्रायजसो देशहरूबाट यसप्रति समर्थन पनि प्राप्त भइसकेको छ। श्री ५ बाट हुकुम भयो– विकासका लागि देशमा निर्विघ्न शान्तिको वातावरण रहोस् भन्ने हाम्रो गहिरो चाहनाबाट उक्त प्रस्ताव प्रेरित भएको छ। एक प्रश्नको उत्तरमा मौसूफ सरकारबाट हुकुम भयो– नेपालको शान्ति क्षेत्रको प्रस्ताव संयुक्त राष्ट्र सङ्घको आदर्श र असंलग्नताको सिद्धान्त अनुकूल पनि छ। नेपाललाई शान्ति क्षेत्र बनाएर हामीले आफ्नो राष्ट्रिय विकासलाई सुनिश्चित गर्ने मात्र होइन यस क्षेत्रमा शान्तिको वातावरण, असल छिमेकीपना तथा समझदारीका लागि पनि योगदान मिल्नेछ। श्री ५ बाट हुकुम भयो– हाम्रो लक्ष्य स्थिरता कायम गर्नु हो र यो हाम्रो संविधानमा समावेश भएको दीर्घगामी राष्ट्रिय नीति पनि हो। मौसूफ सरकारबाट हुकुम भयो– वैदेशिक नीति निर्धारणमा कुनै पनि देशको भौगोलिक स्थिति स्वभावतः एक तत्व रहेको हुन्छ। उत्तरको छिमेकी चीन र दक्षिणको छिमेकी भारतसंग हाम्रो घनिष्ट र प्राचीन मैत्री सम्बन्ध रही आएको छ। हामीले ती राष्ट्रप्रति मैत्रीको नीति अपनाएको मात्र होइन कि ती दुवैका बीच पनि मैत्री रहनु पर्ने कुराको पक्षमा आवाज उठाउँदै आएका छौं। सार्वभौमसत्ता सम्पन्न राष्ट्रहरू बीचको यस्तो मैत्रीपूर्ण भावनाहरू विश्व शान्तिका निमित्त नै सहायक हुने छन्।

श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो–आफ्नै साँस्कृतिक परम्पराहरू भएकोएक असंलग्न एवं विकासोन्मुख राष्ट्रको हैसियतले हामी नेपाल–इजिप्ट सम्बन्धहरू सबै क्षेत्रमा विकास गर्ने संभावनाहरू खोजी गर्नेछौं। यस सन्दर्भमा दुई देश बीच साँस्कृतिक एवं ब्यापार सम्झौता भइसकेको कुरा उल्लेख गरिबक्सदै मौसूफ सरकारबाट हुकुम भयो– "दुई देशका उद्योगीहरू बीच सम्पर्क बढाउनमा ब्यापार सम्झौता सहयोगी हुने आशा हामीले लिएका छौं। श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– मध्यपूर्वको पछिल्लो स्थितिलाई हामीले आशा एवं चिन्ताको भावले हेरेका छौं। राष्ट्रपति सादातको प्रयासबाट शुरू भएका शान्तिको क्रम बदलिने छैन भन्ने पनि हामीले आशा राखेका छौं। सो प्रयास मध्यपूर्वको सम्पूर्ण समस्याहरूको समष्टिगत समाधानका लागि प्रारम्भिक कदम हो भन्ने हाम्रो धारणा छ, मौसूफ सरकारबाट हुकुम भयो। मौसूफ सरकारबाट हुकुम भयो– यसबाट सन् १९६७ देखि अधिनस्थ इलाकाहरूबाट विदेशी सैनिकहरू फिर्ता गर्नुका साथै त्यस क्षेत्रका सबै राष्ट्रहरूलाई निर्धारित एवं स्वीकृत सीमा प्रदान गर्न र प्यालेष्टिनी राज्य खडा गर्नमा समेत सघाउ हुने विश्वास पनि हामीले लिएका छौं।

मौसूफ सरकारबाट हुकुम भयो– यस्तो अवस्था शान्तिपूर्ण उपाय, प्यालेष्टिनी जनताको प्रतिनिधित्व गर्ने प्यालेष्टिनी मुक्ति संगठन लगायत सबै सम्बन्धित पक्षको सहभागिता र सहमतिबाट प्राप्त गर्न सकिन्छ। मौसूफ सरकारबाट यसका लागि सर्वत्र इमान्दारी र सबैलाई समेट्ने भावना हुनु पर्दछ हुकुम हुँदै शान्ति अविभाज्य हुन्छ तर खास गरी एशियाका अन्य भागमा विद्यमान अस्थिरता र तनावले गर्दा मध्यपूर्वको शान्तिको संभावना स्वभावतः घट्न गएको छ हुकुम भयो। अन्तराष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न समष्टिगत दृष्टिकोण आवश्यक पर्छ हुकुम हुँदै श्री ५ बाट विश्वका कुनै पनि भागमा शान्ति प्राप्त गर्नका लागि हाम्रा अभिप्रायः र उपायहरू पनि शान्तिपूर्ण नै हुनु पर्छ भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो दृढ विश्वास छ हुकुम भयो। श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो– व्यापक अन्तर्राष्ट्रिय मामिलाहरूमा इजिप्टका राष्ट्रपतिसंग उपयोगी दृष्टिकोणहरूको आदान प्रदान गर्न वर्तमान भ्रमणलेएक अवसर प्रदान गरेको छ। मौसूफ सरकारबाट राष्ट्रपति सादातको नेतृत्वमा इजिप्टका जनताले हासिल गरेको प्रगति स्वयं अवलोकन गर्ने अवसर प्राप्त भएकोमा प्रसन्नता पनि व्यक्त गरिबक्स्यो। मौसूफ सरकारबाट हुकुम भयो, गौरवपूर्ण सभ्यताका उत्तराधिकारी इजिप्टका जनताका लागि हामीले नेपाली जनताका शुभेच्छा र अभिबादन ल्याएका छौं।

श्री ५ महाराजाधिराज सरकारबाट वर्तमान भ्रमणले विगत केही वर्षहरूमा बढ्दै गइरहेको नेपाल इजिप्ट सम्बन्धको इतिहासमा एक नयां अध्याय थपेको छ भन्ने विश्वास व्यक्त गरिबक्स्यो।

, गोरखापत्रमा प्रकाशित माघ २४, २०३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकास कार्यक्रमहरूमा लगानी गर्न द्विपक्षीय एवं बहुपक्षीय स्रोतबाट सहायताकोखाँचो

प्रश्न:– नेपालका समस्याहरू के के हुन् र तिनको समाधान कसरी गर्न सकिन्छ ?

उत्तर:– मेरो बिचारमा विश्वमा कुनै पनि यस्तो मुलुक छैन जो समस्याहरूबाट मुक्त छ। नेपाल यसको अपवाद छैन। शताब्दियौंदेखि एक्लिएर रहेको नेपालको स्थिति विरोधाभासपूर्ण छ। यो गरीबीको विरूद्ध संघर्षरत सुसम्पन्न मुलुक हो। आफूसंग भएका साधानहरूको उपयोगको असमर्थता नै हाम्रो समस्याहो। अल्प विकसित मुलुकको रूपमा हामीले एकातिर जनसंख्या विष्फोट जस्ता समस्याहरूको सामना गर्नु परेको छ भने अर्को तर्फ उत्पादन केही मात्रामा भए पनि बढाउन उत्तिकै प्रशस्त कठिनाईहरू बाटामा तेर्सिन्छन। जनताका आधारभूत आवश्यकता पूरा गर्न पनि हामीले प्रशस्त व्यवधानहरू भोग्नु परेको छ यद्यपि ज्ञान, सोप औजार प्रविधि र व्यवस्थापनको मद्दत पाए जनता कडा परिश्रम गर्नतयार र इच्छुक छन्।

सामाजिक सेवाको बिस्तार र यसको सुलभताको साथै आधारभूत पूर्वाधारहरूको सृजना गर्ने जस्ता केही क्षेत्रहरूमा हाम्रा बिगत प्रयासहरूको सफलता उत्साहजनक रहेको छ। तर पनि जनतामा बढदो यी उपलब्धिहरू अपर्याप्त भइसकेका छन्। शुरूमा वाह्य सहायताको प्रवाहले हाम्रा बिगत प्रयासहरूलाई सहायता गरेका थिए भने अन्तर्राष्ट्रिय अर्थतन्त्रको आजको बिग्रंदो स्थितिले अवस्था चिन्ताजनक तुल्याई दिएको छ। त्यसकारण हाम्रो मुख्य उद्देश्य द्रुततर आर्थिक वृद्धितर्फ बढी प्रयास गर्नु रहेको छ। हाम्रा विकास योजनाहरूमा वितरण व्यवस्था समाजको कमजोर वर्गको पक्षमा आधारित छ। अर्थ व्यवस्थाको मूल ढांचा परिवर्तन गर्न आन्तरिक एवं वाह्य स्रोतहरूको अधिकतम उपयोगको खाँचो पर्छ। यसतर्फ केही सकारात्मक प्रयासहरू गर्न सकिन्छ भन्ने मेरो विश्वास छ।

प्रश्न:– अहिले सरकारका प्रमुख आर्थिक उद्देश्यहरू के के छन् ?

उत्तर:– संविधानमा उल्लेखित पञ्चायत व्यवस्थाको विकासको उद्देश्य मुलुकको साधन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र स्रोतको उपयुक्त परिचालन गरी सबै क्षेत्रहरूको सन्तुलित विकासक आधारमा जनतालाई बराबरी फाइदा पुऱ्याउनु हो। पुनश्चः यसमा निजी व्यवसाय र उद्योगलाई प्रोत्साहन दिएर जनतालाई अझ राम्रो आर्थिक अवस्थामा पुऱ्याउने जस्ता व्यापक सामाजिक एवं आर्थिक उद्देश्य प्राप्त गर्न सकिन्छ। चालू छैठौं योजनामा उत्पादनको गति तीव्रतम पार्नु र जनताका आधारभूत आवश्यकता पूरा गर्नुमा नै मुख्य जोड दिइएको छ। संक्षेपमा हाम्रो वर्तमान आर्थिक उद्देश्य वस्तुहरूको उत्पादन बढाउनुको साथै आधारभूत सेवाहरू उपलब्ध गराउनु र दीर्घकालीन वृद्धि कायम राख्न उपयुक्त वातावरणको सृजना गर्नु हो। पञ्चायत व्यवस्थाको उद्देश्यसंग सम्बन्ध राख्ने छैठौं योजनाको एउटा अर्को उद्देश्यको चर्चा यहाँ गर्नु प्रासंगिक हुनेछ। आफ्ना गाउँ र जिल्लास्तरमा निर्माण हुने विकास आयोजनाहरू बारे निर्णय लिन सक्ने चेतनाको विकास नागरिकहरूमा गर्ने लक्ष्य पनि यस योजनाले राखेको छ।

प्रश्नः– कस्ता किसिमका विदेशी सहयोग नेपाललाई उपलब्ध छन्। सरकारबाट यसलाई कुन क्षेत्रमा केन्द्रित गरिबक्सिने बिचार छ? अरव मुलुकबाट सहयोग प्राप्त हुन्छ? सरकारबाट यसको चाहना गरिबक्सिन्छ? यसलाई कुन क्षेत्रमा लगानी गर्ने सरकारको इच्छा छ?

उत्तरः– सन् १९५० को दशक देखिनै हामीले वाह्य आर्थिक सहयोग पाउँदै आएका हौं। शुरूका वर्षहरूमा यी प्रायः जसो सहायता अनुदानको रूपमा थिए तर अब ऋण को मात्रा पनि क्रमशः बढ्दै गएको छ। यस बाहेक, द्विपक्षीय स्रोतभन्दा बहुपक्षीय स्रोतहरूबाट सहयोगको मात्रा प्रशस्त बढेको छ। हाम्रो आर्थिक विकासको कार्यक्रम हामीसंग भएका प्रगाढ जल सम्पदाको विकासमा केन्द्रित भएको हुँदा द्विपक्षीय र बहुपक्षीय स्रोतबाट प्राप्त हुने वाह्य सहयोग यसै क्षेत्रमा उपयोग गर्ने हाम्रो चाहना छ। यस बाहेक पूर्व–पश्चिम नेपाललाई जोड्ने महेन्द्र राजमार्गको सबैभन्दा पश्चिम खण्ड पूरा गर्न वाह्य स्रोतहरू खास गरेर सउदी विकास कोष र विश्व बैंकको अन्तर्राष्ट्रिय विकास संस्थाबाट सहयोगको आशा राख्दछौं।

अरव आर्थिक विकासका लागि कुवैती कोषले नेपालको एउटा जल विद्युत् आयोजनाका लागि सहयोग उपलब्ध गराएको छ। सउदी विकास कोष नेपालमा विकास कार्यक्रमहरूका लागि दश करोड साठी लाख सउदी रियाल उपलब्ध गराउन सहमत भइसकेको छ। अरव मुलुकहरूसंग हाम्रा सम्बन्ध प्रगाढ र मैत्रीपूर्ण रहेको हुँदा हाम्रा विकासका प्रयासहरूलाई वल पुऱ्याउन अरव सहायता कोषबाट सहयोग प्राप्त भइरहने हामी आशा राख्दछौं। अन्य कयौं विकासोन्मुख मुलुकहरू जस्तै नेपाललाई पनि विकास कार्यक्रमहरूमा लगानी गर्न आन्तरिक साधन मात्र पर्याप्त नहुने हुँदा द्विपक्षीय एवं बहुपक्षीय स्रोतहरूबाट वाह्य सहायताको खाँचो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः– नेपालमा विदेशी लगानी गर्न सकिन्छ भने कुन क्षेत्रमा सकिन्छ ? पूंजी र नाफाको बांडफांड सजिलो छ ?

उत्तरः– तोकिएको प्रतिरक्षा उत्पांदन बाहेक कुनै पनि मझौला वा ठूला उद्योगहरूमा विदेशी लगानीको हामी स्वागत गर्दछौं । विदेशी निजी लगानीकर्ता र स्थानीय उद्यमी मिलेर गरेका संयुक्त प्रयासहरूलाई पनि हामी प्रोत्साहन दिन्छौं । विदेशी लगानी तथा प्रविधि ऐनले विदेशी लगानीकर्तालाई पूंजी र नाफा नेपालबाट लैजाने अधिकार दिएको छ ।

प्रश्नः– नेपाललाई शान्तिक्षेत्र बनाउन सरकार किन जोड दिइबक्सन्छ ? भारत यस कुराको किन विरोध गर्छ ?

उत्तरः– यो जोड दिएकै कुरा मात्र होइन । बरू यो त हामी दुवै थरीलाई, यस क्षेत्रलाई र विश्वलाईनै हित गर्ने उद्देश्य प्रतिको विश्वास र सच्चा आकांक्षा हो । यस धारणामा विकासको बाटो फराकिलो पार्नको लागि शान्तिलाई संस्थागत रूपमा सुदृढ बनाउने नेपाली जनताको वास्तविक अभिलाषा मुखरित भएकोछ । हालसम्ममा शान्ति क्षेत्रको प्रस्तावलाई तीस राष्ट्रहरूको समर्थन प्राप्त भएको छ । यो कम महत्वको कुरा होइन । शान्तिक्षेत्र प्रस्तावले शान्ति बिना विकास संभव छैन भन्ने अटूट विश्वासलाई अझ टड्कारो बनाएको छ । त्यसैले शान्तिलाई सुदृढ बनाउने हाम्रा प्रयासहरू विकास प्रक्रियालाई गति प्रदान गर्ने प्रयास जस्तै हुन गएका छन् । त्यसकारण शान्तिक्षेत्र प्रस्तावलाई शान्ति र विकासको ब्यूह रचना भन्न सकिन्छ । जहाँसम्म छिमेकीहरूसंग हाम्रा सम्बन्धका कुरा छन्, यी सम्बन्ध एक अर्काको समस्याहरू, प्रतिको समझदारीयुक्त, घनिष्ठ र मैत्रीपूर्ण छन् । भारतको सम्बन्धमा, त्यस देशले शान्ति क्षेत्रको प्रस्तावको विरोध गरेको छैन र हाम्रो वार्तालाप चलिरहेकै छ ।

प्रश्नः– अरव देशहरूको भ्रमण सम्बन्धी कुनै कार्यक्रम छ कि ? सरकारमा कुनै अरवदेशबाट भ्रमणका लागि निमन्त्रणा चढाइएको छ कि ?

उत्तरः– मौका मिलेको बेलामा मैले धेरै अरव देशहरूको भ्रमण गरिसकेको छु र भविष्यमा पनि उपयुक्त अवसर मिलेमा अझै केही देशहरुको भ्रमण गर्ने उम्मीद राखेको छु ।

प्रश्नः– सरकारबाट प्यालेष्टिन मुक्ति संगठनलाई कूटनैतिक मान्यता दिने बारे केही सोचिबक्सेको छ वा उक्त संगठनलाई नेपालमा आफ्नो कार्यालय खोल्न अनुमति दिइनेछ ?

उत्तरः– मेरो सरकारले, प्यालेष्टिनी जनताको एकमात्र जायज प्रतिनिधिको रूपमा प्यालेष्टिनी मुक्ति संगठनलाई मान्यता प्रदान गरिसकेको छ । हामीले मध्यपूर्व समस्याको न्यायोचित चिरस्थायी र पूर्ण निराकरणका लागि बेला–बेलामा जोड दिंदै आएका छौं र प्यालेष्टिनी जनताको एकमात्र जायज प्रतिनिधि प्यालेष्टिनी मुक्ति संगठनको पूर्ण सहभागिताले मात्र मध्यपूर्वमा चिर शान्तिको रूप–रेखा निर्माण गर्न सक्नेछ भन्ने हाम्रो विश्वास रहिआएको छ । मेरो सरकारले प्यालेष्टिनीहरूको छुट्टै राज्यस्थापना गर्न पाउने अधिकारलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्यता दिन्छ । सन् १९६७ देखि इजरायल अधिकृत अरव भू–भागबाट इजरायल हट्नु पर्छ भन्ने पनि हामीले मांग गर्दै आएका छौं । मेरो सरकारले लेवनानमा भएका इजरायली सैनिक कारवाहीप्रति गम्भीर चिन्ता प्रकट गर्दै यस्ता द्वेषपूर्ण कार्यहरू तुरून्त बन्द गरिन र लेवनानबाट इजरायली सैन्यलाई विना शर्त हटाउन माग गरिसकेको छ । यसैगरी हालै लेवनानमा भएको आइमाई, केटाकेटीहरू समेत असैनिक नागरिकहरूको आमहत्या जस्तो मानवताका विरूद्ध बर्बरतापूर्ण अपराधको पनि मेरो सरकारले भर्त्सना गरेको छ । इजरायली सैनिक आक्रमण पच्चात लेवनानमा एकपछि अर्को गरी थपिंदै गइरहेका घटनाहरूको क्रममा निर्लज्ज हत्याको सो घटनालाई मात्र अलग्याउन सकिन्न भन्ने मेरो सरकार ठान्दछ ।

प्रश्नः– अपार जलस्रोतको धनी भइकन पनि नेपालले यस सम्पदाको उपयोग गरी छिमेकी देशबाट खास फाइदा लिन सकेको छैन । यसको कारण के हुन सक्ला ?

उत्तरः– नेपालको अर्थतन्त्रलाई बढावा दिने भरपर्दा स्रोतहरूमध्ये जलस्रोत एक हो । साथै प्रकृति प्रदत्त यस प्रचुर सम्पदालाई यस क्षेत्रका मानवमात्रको हितका निमित्त उपयोगमा ल्याउनु पर्छ भन्ने कुरामा पनि हाम्रो दृढ आस्था छ । यसैले गर्दा, हामी यस स्रोतलाई आफ्नै हितको दृष्टिकोणले मात्र हेर्दैनौं । हामीले संगै समृद्ध बन्ने यस योजनातर्फ प्रवृत्त गर्ने मात्र होइन कि हाम्रो स्वतन्त्रतालाई पारस्परिक निर्भरताबाट अझ जोड दिनका लागि पनि यस स्रोतलाई बांडीचुंडी उपभोग गर्न र संयुक्त रूपमा सहयोग गर्न पनि बारम्बार छिमेकीहरू समक्ष हाम्रो तत्परता रहेको कुरा दर्शाउँदै आएका हौं । मेरो सरकारले यस स्रोतको विकासबाट लाभान्वित हुने उद्देश्यले केही अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमहरू शुरू गरिसकेको छ र केही कार्यान्वयनको क्रममा पनि छन् । यस दिशातर्फ द्विपक्षीय र बहुपक्षीय प्रयासहरू पनि जारी नै छन् । जलस्रोतको उपयोग सम्बन्धी जुनसुकै कार्यमा पनि ठूलो पूंजी परिचालत हुने र उच्चस्तरको आर्थिक तथा प्राविधिक लगानी आवश्यक पर्ने खालको हुन्छ । विकासशील नेपाल हालको अवस्थामा बलियो वित्तीय साधन र प्राविधिक क्षमता सम्पन्न छैन तसर्थ यसलाई अन्तर्राष्ट्रिय समुदायको नैतिक समर्थनका साथै आर्थिक र प्राविधिक सहायता पनि चाहिएको हो । यसै परिप्रेक्ष्य-मा हामी जलस्रोत विकास कार्यक्रमहरूको शीघ्र कार्यान्वयनका लागि मित्रराष्ट्रहरूबाट उदार सहयोग पाउने इच्छा राख्दछौं ।

प्रचलित अन्तर्राष्ट्रिय धारणा र व्यवहारका साथै नेपाली जनता प्रतिको हाम्रा प्रत्यक्ष जिम्मेवारीहरूलाई समुचित ध्यान दिंदै हामीले हाम्रो जलसम्पदाको अधिकाधिक र प्रभावकारी उपयोगका लागि हामी हर संभव उपायहरू गरिरहेका छौं । छोटो अवधि भित्रै आफ्नो जनताको भलाईका लागि यस स्रोतलाई उपयोगमा ल्याउन सक्ने स्थितिमा हामी हुने छौं भन्ने कुरामा हामी आशावादी छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः- सरकारको मुलुक सुन्दर छ तर पर्यटन थोर मात्र विकसित भएको छ यस्तो किन भएको ?

उत्तरः- नेपालको पर्यटनको सबैभन्दा महत्वपूर्ण भाग कला, संस्कृति, सभ्यता र प्राकृतिक सौन्दर्य हो । मन्दिरशैलीको वास्तुकला, सुन्दर मूर्ति कला, जुगानुजुनदेखिका स्मारकहरू, रहरलाग्दा देवलहरू र अतिथि सत्कारमा रमाउने जनता नै विश्वका विभिन्न मुलुकबाट आउने पर्यटकहरूका लागि प्रेरणा र आकर्षणका स्रोत रहेका छन् ।

यस बाहेक अधिराज्यका उत्तरी सीमामा अवस्थित सगरमाथा शिखर लगायत मनोरम हिमाली पर्वतहरूले विश्वका पर्वतारोहीहरूलाई आकर्षित गरिरहेका छन् । त्यस-कारण पर्यटन नेपालको दोस्रो महत्वपूर्ण उद्योग हो जसलाई हामीले विकसित पार्नु छ भाग्यवश, यो उद्योग विगत वर्षहरूदेखि राम्ररी फस्टयाइरहेको छ । तर विश्व अर्थ तन्त्रमा देखा परेको अधोगति र अवमूल्यनले नेपालको पर्यटन विकासमा नराम्रो प्रभाव पारेका छन् । तर हामी यसको भविष्य बारे आशावादी छौं ।

गोरखापत्रमा प्रकाशित कार्तिक ३, २०३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्तिक्षेत्रप्रतिको बढ्दो समझदारीप्रति नेपाली जनता सन्तुष्ट

प्रश्नः– नेपालले स्वाधीनता र असंलग्नताको नीति अवलम्बन गरेको छ । सरकारबाट, नयाँ दिल्लीमा हुन लागेको असंलग्न राष्ट्रहरूको शिखर सम्मेलन पूर्व सो सम्मेलनको महत्व र नेपालले सो सम्मेलनमा खेल्न चाहेको भूमिका बारे केही हुकुम हुन्छ कि ?

उत्तरः– असंलग्न अभियानका संस्थापक सदस्य मध्येको एक नेपाल असंलग्नताका नीति र सिद्धान्त-हरूप्रति बचनबद्ध छ । राष्ट्रहरू बीचको शान्ति र सहयोगका कुरा तब मात्र पूरा र सुदृढ पनि हुन सक्छन् जब राष्ट्रहरूले नै एक अर्काप्रतिका सम्बन्धका कुराहरूमा सार्व-भौमिकता समानता, अहस्तक्षेप र शान्तिपूर्ण सहअस्तित्व जस्ता आचारलाई स्वीकार र सम्मान पनि गर्दछन् भन्ने हाम्रो विश्वास छ । हामी असंलग्न राष्ट्रहरूको दिल्ली सम्मे-लनलाई यसकारण महत्व दिन्छौं कि सदस्य राष्ट्रहरूलाई आफ्ना अगाडि आइपरेका राजनैतिक तथा आर्थिक हाँकहरूको सामना गर्न आफ्ना बीच अझ बढी एकता कायम गर्नु परेको बेलामा यो सम्मेलन हुन लागेको छ । यस सन्दर्भमा हामी असंलग्न अभियानका मूलभूत सिद्धान्तहरूका आधारमा यस अभियानको एकता शक्ति र प्रभावकारितालाई बढाउन प्रयास गर्ने छौं ।

प्रश्नः– दक्षिण एशियाली मुलुकहरू बीचका सहयोगमा हालैका वर्षहरूमा प्रगति भएको छ र द्विपक्षीय सम्बन्धहरू पनि सुध्रिएका छन् । नेपालले दक्षिण एशियाली क्षेत्रीय सहयोगको सम्बर्द्धन गर्नमा सक्रिय भूमिका खेलेको छ । सरकारबाट दक्षिण एशियाली क्षेत्रीय सहयोग यसको भविष्य बारे केही हुकुम हुन्छ कि ?

उत्तरः– क्षेत्रीय आधारमा आपसी सहयोग बढाउन दक्षिण एशियाली देशहरूले केही यता खेली आएको भूमिकालाई नेपाल महत्व दिन्छ । अहिलेसम्मको प्रगति उत्साहबर्द्धक नै देखिन्छ । सहयोग सम्बन्धी कार्यक्रमहरू सदस्य राष्ट्रहरूका लागि मात्र आर्थिक रूपले हितकर हुने होइनन् कि यस क्षेत्रको शान्ति र स्थायित्वमा पनि योगदान दिने छन् भन्ने हाम्रो विश्वास छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः— अन्तर्राष्ट्रिय मन्चहरूमा नेपालले जहिले पनि शक्तिको राजनीति र विदेशी आक्रमणको विरोध गर्ने न्यायोचित अडान लिंदै आएको छ । कम्पुचिया र अफगानिस्तान सम्बन्धी प्रश्नहरूमा सरकारको दृष्टिकोण स्पष्ट गरिबक्सन्छ कि ?

उत्तरः— कुनै पनि निहुँमा गरिने कुनै पनि विदेशी हस्तक्षेपको नेपाल जोडदार विरोध गर्दछ । यस्ता हस्तक्षेपहरू राष्ट्रहरू बीचका सम्बन्धमा आधारभूत आचारहरूका प्रतिकूल मात्र होइनन् कि शान्ति र स्थायित्वप्रतिनै खुला धम्की पनि हुन् । यसै भावनाबाट हामी जहाँ कहींका भएपनि विदेशी हस्तक्षेपहरूको निन्दा गर्दै आएका छौं । यसै सिद्धान्तलाई सामु राखी हामीले नामिबिया, अधीनस्थ सबै अरब भू–भाग र साइप्रसका साथै कम्पुचिया र अफगानिस्तानबाट विना शर्त र तुरून्त विदेशी सेना हटाउनु पर्छ भनी माग गरेका छौं । विदेशी अधीनस्थ सबै क्षेत्र र मुलुकहरूको समस्या विदेशी सेनालाई हटाई, सम्बन्धित देशका जनताको आत्म निर्णयबाटै बिना कुनै धम्की र बाहिरी हस्तक्षेपबाट समाधान गरिनु पर्छ भन्ने बिचार धारालाई नेपाल समर्थन गर्दछ ।

प्रश्नः— सरकारबाट सन् १९७५ मा नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखिबक्सेको हो र त्यस प्रस्तावले धेरै देशहरूको समर्थन पनि प्राप्त गरिसकेको छ । सरकारबाट, त्यस सम्बन्धमा हालसम्म भएको प्रगतिबारे र उक्त प्रस्तावका बारेमा नेपाल अझ के गर्न खोज्दै छ भन्ने सम्बन्धमा केही हुकुम हुन्छ कि ?

उत्तरः— शान्ति क्षेत्र सम्बन्धी प्रस्ताव प्रतिको बढ्दो समझदारी र हालसम्म प्राप्त समर्थनप्रति नेपाली जनता खुशी छन् । सो प्रस्तावको जानकारी प्राप्त गरी सकेका तर खुला रूपमा समर्थन गरिनसकेकाहरूसंग हाम्रो वार्तालाप जारी नै रहने छ । मलाई के लाग्दछ भने शान्तिको खोजी जस्तो सच्चा खोजी अरू केही हुन सक्दैन र शान्तिको चाहना जस्तो आकाँक्षा पनि अरू केही हुन सक्दैन भन्ने कुरा हामीले हाम्रा मित्रहरूलाई बोध गराउनु परेको छ । हामी नेपाललाई शान्ति क्षेत्र घोषित गराउन कृतसंकल्प छौं र यो अठोट हाम्रो संविधानमा पनि परिसकेको छ । जुनसुकै स्तरमा गएर पनि त्यस प्रति समर्थन लिन हाम्रो प्रयास हुनेछ ।

श्नः— नेपालले राष्ट्रिय अर्थतन्त्रको विकासमा सन्तोषजनक सफलता हासिल गरेको छ र जनताको जीवनस्तर उठाउने काममा पनि सकारात्मक प्रयास गरेको छ । अर्थतन्त्रको विकास सम्बन्धी नीति र भविष्यका सम्भावनाहरूबारे केही हुकुम हुन्छ कि सरकार ?

उत्तरः— हाम्रो आधारभूत समस्या निर्वाह गर्न सक्ने सम्मको आर्थिक स्थिति, उच्च जनसंख्या वृद्धि दर तथा चरन र वनको नाशबाट भएको भू–वातावरणीय असन्तुलन हो । यस स्थितिलाई हामी, उत्पादन वृद्धिबाट जनताका आधारभूत आवश्यकता जस्तै खाद्यान्न, कपडा, आवास, स्वास्थ्य र शिक्षा सम्बन्धी खाँचोहरू पूरा गरी सुधार्ने प्रयासमा छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो मुलुकको कठिन पवतीय भू–भाग र भू–परिवेष्ठिततालाई दृष्टिगत गर्दा हाम्रो काम त्यति सजिलो छैन । तर हामीसंग जमीन, यथेष्ट नदीनाला र सुलभ जनश्रम जस्ता पूंजी छन् । यिनलाई निजी तथा सार्वजनिक र आन्तरिक तथा वाह्य लगानीको सहभागिताबाट उचित रूपले उपभोगगर्नु परेको छ ।

यसै परिप्रेक्ष्यमा हामी कृषि विकास, साना र कृषिमा आधारित उद्योग र ब्यापार तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरूलाई उच्च प्राथमिकता दिन्छौं । हालै लागू गरिएको औद्योगिक ऐन पनि यस दिशातर्फको एक सही कदम हो भन्ने मलाई लाग्दछ । यसका अतिरिक्त गाउँ, शहर तथा जिल्लामा जनस्तरबाट गरिनु पर्ने कार्य धेरै नै छ । विकेन्द्रीकरण सम्बन्धी हालै गरिएका व्यवस्था तत्सम्बन्धी कदमहरू हुन भन्ने पनि हाम्रो पूरा विश्वास छ । सुखी समाजको आशा र वृद्धिको परिकल्पनाका लागिहाम्रा विकास प्रक्रिया प्रति पर्याप्त विश्वास जगाउनु जरूरी छ जसबाट आम जनताले त्याग गर्न र कडा परिश्रमलाई सार्थक ठान्न सकुन् ।

राष्ट्रिय अर्थतन्त्रलाई विकास गर्ने जस्तो कठिन र लामो अभियानका प्रयासमा हाम्रा मित्रहरूले हामीलाई टेवा, समर्थन र सहयोग दिने क्रम जारी नै राख्ने छन् भन्ने हामीले अपेक्षा गरेका छौं ।

प्रश्नः– चीन तथा नेपालका सम्बन्धहरू ज्यादै मैत्रीपूर्ण छन् र दुवैले अन्तर्राष्ट्रिय मामिलाहरूमा एक अर्कालाई समर्थन पनि गरेकाछन् । हालैका वर्षमा दुवै देश बीचका मैत्रीपूर्ण सम्बन्धहरू र खास गरी आर्थिक क्षेत्रमा सहयोग क्रमिक रुपले विकसित हुँदै गएका छन् । भविष्यमा दुवै देश बीचका मित्रता र सहयोगलाई अझ कसरी सुदृढ बनाउन सकिन्छ, यस बारे सरकारबाट केही हुकुम हुन्छ कि ?

उत्तरः– नेपाल–चीन सम्बन्ध मजबूत रहेका छन् । हामीले पन्चशीलका आधारलाई पालन गरेर शान्ति, समझदारी तथा मित्रताको वृद्धिमा योगदान गरी आउँदा वर्षहरूमा पनि हाम्रा मैत्रीपूर्ण सम्बन्धहरूलाई कायम राख्दै जानु पर्छ ।

अन्तर्राष्ट्रिय सम्बन्धमा यिनै मूल्यवान सिद्धान्तहरूमानै हाम्रो मित्रताको हातेमालो भएको हो र यसले हाम्रो पारस्परिक हितमा योगदान गर्नुका साथै हाम्रो यस क्षेत्रमा र विश्वभरकै शान्तिको उद्देश्य प्राप्तिमा पनि बल पुर्‍याएको छ ।परम्परागत रूपमा नेपाल तथा चीनको तिब्बत क्षेत्रबीच हुने मानिसहरू तथा सरसामानको आवागमनले निकै योगदान दिएको छ । हामीले सहयोग क्षेत्रहरूलाई अझ बढाउने र नयाँ क्षेत्रको खोजी गर्ने काम जारी नै राख्नु पर्दछ । नेपाल तथा चीन बीच रहेको विश्वासमा सुखद भविष्यका सम्भावनाहरू छन् । हाम्रा विकासका अकाँक्षाहरूलाई ध्यानमा राखी चीनले दिएको सहयोगको म नेपाली जनता मेरो सरकार र आफ्नै तर्फबाट समेत सराहना गर्दछु । तपाईहरूले यस उद्गारलाई आ–आफ्नो संचार माध्यमबाट अभिव्यक्त गरिदिनु हुने आशा छ ।

गोरखापत्रमा प्रकाशित माघ २१, २०३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रका समस्या र हाँकको सामना गर्न व्यवस्था सदा सचेत

प्रश्नः– नेपाललाई प्रायः "असंलग्नमध्य पनि असंलग्न" भनिन्छ । यस भावनालाई ध्यानमा राखी सरकारबाट अर्को महीनामा हुने शिखर सम्मेलनमा कस्तो भूमिका खेलिबक्सने बिचार राखिबक्सन्छ ?

उत्तरः– असंलग्न अभियान बहुपक्षीय अभियान हो । तसर्थ सबै सदस्य राष्ट्रहरूका बिचारहरू समान नै हुने छन् भन्ने अपेक्षा गर्न सकिंदैन तापनि असंलग्न राष्ट्रहरू एक अर्काको सार्वभौमिकता प्रति सम्मान, अहस्तक्षेप र शान्तिपूर्ण सह-अस्तित्व आदिलाई राष्ट्रहरू बीचको सम्बन्धका आधारभूत सिद्धान्त हुन् भन्ने कुरामा साझा रूपबाट बचनबद्ध भएकाले आपसमा आबद्ध रहेका छन् । नेपालले असंलग्नताका मूलभूत सिद्धान्तहरू तथा राष्ट्रसंघीय बडापत्रको निरन्तर सम्मान गर्दै आएको छ, यसैले गर्दा हामी असंलग्न राष्ट्रहरूमध्ये पनि असंलग्न हौं भन्ने धारणा बन्न गएको हुन सक्छ । तर त्यस्तो भए तापनि हामी वर्गीकरणमा विश्वास राख्दैनौं । मेरो बिचारमा, अब हामी सबैले गएका दिनहरूमा भन्दा बढी यस अभियानको एकता र सुदृढीकरणको लागि मूलभूत सिद्धान्तहरूका आधारमा काम गर्नु पर्दछ ।

प्रश्नः– सरकारबाट नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने प्रस्तावको विश्वब्यापी समर्थनको लागि बराबर जोड दिइबक्सेको छ । उक्त प्रस्तावले एशियाली राष्ट्रहरूबाट प्रचुर समर्थन पाइसकेको पनि छ । हाल समर्थन गर्न बांकी रहेकाहरूबाट समर्थन पाउनको लागि सरकारबाट प्रयास गरिबक्सने भएको छ कि ? यदि हो भने शिखर सम्मेलन त्यसको लागि उपयुक्त अवसर नहोला र ?

उत्तरः– शान्तिक्षेत्रको प्रस्ताव नेपाली जनताको आवश्यकता र आकाँक्षामा आधारित छ । हाम्रो देशको विकासले शान्ति र सुरक्षाको वातावरण भएमा नै मूर्तरूप लिन सक्छ भन्ने हामीलाई लाग्दछ । हामीले सम्पर्क राखेको एशियाका अधिकांश र छिमेकका गरी ती तीस देशहरू जसले यस प्रस्तावको समर्थन गरी पनि सकेका छन् ती यस क्षेत्रको शान्ति र स्थायित्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रति चिन्तित छन् । यस क्षेत्रमा अनि विश्वमा शान्ति कायम गर्नको लागि एक राष्ट्रको हैसियतले हामीले दिन सक्ने योगदान पनि सो प्रस्ताव हो । यस परिप्रेक्ष्यमा जुनसुकै तह र स्थानबाट भए पनि उक्त प्रस्तावको लागि समर्थन पाउन हाम्रो प्रयास निरन्तर जारी रहने छ ।

प्रश्नः– सम्पूर्ण दक्षिण एशियालाई नै शान्ति क्षेत्र घोषित गर्ने यस्तै अर्को मिल्दोजुल्दो प्रस्तावबारे सरकारको दृष्टिकोण कस्तो रहेको छ ?

उत्तरः– संघर्ष र विवादहरूबाट संत्रस्त यस विश्वमा जहाँ र जहिले सकिन्छ शान्ति कायम गर्दै त्यसलाई सुदृढ बनाउँदै जानु जतिको सान्त्वनादायी काम अरू हुन सक्दैन । हामी नेपाली-हरू शान्ति क्षेत्रहरूका आवश्यकता र महत्वलाई बुझ्दछौं । त्यसैले नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भनी हामीले प्रस्ताव राखेका छौं । संसारका कुनै पनि भाग-लाई हामी शान्ति क्षेत्रको रूपमा स्वागत र समर्थन गर्दछौं र यस्ता प्रयासहरू प्रति हाम्रो समर्थन सदा जारी रहने नै छ । विश्वको एक भागमा शान्तिमाथि आइपर्ने खतराले अर्को भागमा अस्थिरता पैदा गर्छ भन्ने कुरा सहज हाम्रो अनुभवले हामीलाई सिकाउँछ । मूलभूत रूपमा शान्ति अविभाज्य हुन्छ र संसारको कुनै पनि भागमा भएको [शान्तिले विश्वव्यापी शान्तिलाई नै सघाउ पुऱ्याउँदछ । त्यसैले म के ठान्दछु भने विश्वको कुनै एक भागलाई शान्ति क्षेत्र घोषित गर्न पैरवी गर्नेहरूले हामीले जस्तै अन्य भागमा शान्ति क्षेत्र स्थापनार्थ भइरहेका प्रयासहरूलाई पनि साथ दिनु पर्दछ ।

प्रश्नः– भारत भई बंगलादेश र नेपाल बीच सामुद्रिक सम्पर्क कायम गर्ने प्रस्तावलाई सरकार समर्थन गरिबक्सिन्छ ?

उत्तरः– यस क्षेत्रको अपूर्व प्राकृतिक स्रोतहरूमध्ये जलसम्पदा पनि एक हो र यसलाई साझा तथा सामूहिक हितका लागि बहुप्रयोजनीय उपयोगमा ल्याउन सकिन्छ भन्ने हाम्रो विश्वास छ । त्यसैकारण हामी जलस्रोतको विकासका निम्ति यस क्षेत्रका देशहरू बीच घनिष्ठ सहयोग हुनुपर्छ भन्ने कुराको पक्षमा छौं । जलस्रोतबाट हुन सक्ने फाइदाहरूमा हामीले यस क्षेत्रमा र समुद्रसम्म पुग्न नदी परिवहन सुविधाहरूलाई पनि समावेश गर्नु पर्दछ । नेपाल जस्तो भू–परिवेष्ठित मुलुकको लागि जल परिवहन र सामुद्रिक सम्पर्कले ठूलो महत्व राख्दछ र यसप्रति नेपाल अगाध अभिरूचि राख्दछ भन्ने कुरालाई बताइरहनु पर्दैन ।

प्रश्नः– नेपाल सिंचाई तथा विद्युत् उत्पादन सम्बन्धी चारवटा नयाँ परियोजनाहरूमा भारतसंग सहयोग गर्न क्रमशः अघि बढिरहेको छ । यसबारे भारतसंग द्विपक्षीय कुराकानी हुँदा बंगलादेशले यस उप–महाद्वीपको पूर्वी भागको जल–सम्पदाको विकासको निम्ति तटवर्ती देशहरू–भारत, नेपाल तथा बंगलादेश बीचको संयुक्त प्रयास हुनुपर्छ भन्ने तर्क प्रस्तुत गरेको थियो । यस विषयमा सरकारको कस्तो दृष्टिकोण रहेको छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरः- द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सहयोगबाटै जलस्रोतको विकास गर्न नेपाल प्रतिबद्ध छ। हामी नेपालकासाथै यस क्षेत्रका मुलुकहरूको हितका लागि आफ्नो अपार जलस्रोतको विकास गर्न चाहन्छौं ।

मेरो सरकारले कर्णाली, पश्चिम राप्ती र पन्चेश्वर– बहुउद्देश्यीय परियोजनाहरूका सम्बन्धमा भारत सरकारसंग बिचार विमर्श गरिरहेकै छ र निकट भविष्यमा यसबारे प्रगति हुने अपेक्षा गरिएको छ । पूर्वी नेपालमा पर्ने सप्तकोशीको सम्बन्धमा, त्यहाँ संचालन हुन सक्ने परियोजनाहरूलाई पनि यसले ध्यानमा राखिरहेको छ । भारत तथा बंगलादेशबाट संयुक्त रूपमा प्रस्ताव आएमा आफ्नो जलस्रोतको विकास सम्बन्धमा परीक्षण गर्दा ती दुवै देशहरूलाई कसरी फाइदा पुऱ्याउने भन्ने बिचार गर्ने कुरा नेपालले पहिले नै स्पष्ट गरिसकेको छ । मेरो सरकारले यस्तो प्रस्ताव उपर नेपालको सर्वागीण राष्ट्रिय हितलाई ध्यान राखी कदम उठाउने छ भन्ने कुरा मैले भनिरहनु परोइन् ।

प्रश्नः– बिगतमा देखा परेका केही विवादहरूलाई लिएर सरकारबाट गतवर्ष पञ्चायत व्यवस्थामा संशोधन ल्याउने निर्णय गरिबक्स्यो । गतवर्ष भएका परिवर्तनहरूले पञ्चायत व्यवस्थालाई स्थायित्व प्रदान गरेका छन् र अब अझ परिवर्तनको खाँचो छैन भन्ने सरकारबाट महसूस गरिबक्सन्छ ?

उत्तरः– पञ्चायत व्यवस्था आधारभूत रूपमा परिवर्तनशील व्यवस्था हो । राष्ट्रको आवश्यकताबाट उत्प्रेरित यो व्यवस्था आफ्नै स्वरूपको विकास गर्न कटिबद्ध छ । राष्ट्रमा बेला बखत आइपर्ने समस्या र हाँकहरूलाई सामना गर्ने कुरामा वर्तमान व्यवस्था सदा सचेत र उत्तरदायी रहिआएको छ । पञ्चायत व्यवस्था आइपर्ने समस्याहरूप्रति कुण्ठित धारणा राख्दैन बरू यसले मूलभूत सिद्धान्तहरूको सीमा भित्रै रही समयानुकूल परिवर्तनहरूको आधारमा विकसित हुने चाहना राख्दछ ।

प्रश्नः– एकताका नेपालमा राजनैतिक दलहरूलाई छूट दिइएको थियो । आगामी केही वर्षभित्र नेपाल फेरि त्यस्तै व्यवस्थातिर फर्कने कुनै संभावना सरकारबाट देखिबक्सेको छ कि ?

उत्तरः– यस कुराको जानकारी लिन मैले राष्ट्रिय जनमत संग्रह गराएको थिएँ र जनताले पञ्चायत व्यवस्थाकै पक्षमा आफ्नो निर्णय दिए, यो सर्वविदित कुरा हो । प्रजातान्त्रिक आदर्शहरूले युक्त यो व्यवस्था राष्ट्रिय एकता र राजनैतिक धारणाका साथै आर्थिक विकास गर्न कटिबद्ध छ । सन ५० को दशक तिर राजनैतिक दलहरूले गर्दा देशमा व्याप्त असुरक्षाका समस्याहरूको निराकरण गर्न यो व्यवस्थाको प्रादुर्भाव भएको हो । नेपाली जनताले पञ्चायत व्यवस्थाप्रति काम चलाउ उपायको रूपमा मात्र आफ्नो सहमति जनाएका होइनन् ।

प्रश्नः– आर्थिक स्रोतहरूको अपर्याप्तताको पृष्ठभूमिमा बढ्दै गइरहेका आकाँक्षाहरूबाट राष्ट्रिय स्थायित्वलाई खतरा हुन जाँदैन र ? यदि त्यसो हो भने नेपालको लागि दीर्घकालीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्थिक उपायहरू अपनाउने बारे केही बिचार गरिएको छ कि ? उदाहरणको लागि श्री लंकाले विकास प्रक्रियालाई गति प्रदान गर्ने क्रममा विदेशी लगानीलाई प्रोत्साहन दिएर सरकारी नियन्त्रण कम रहने गरी खुला बजार अर्थतन्त्रको अबलम्बन गरेको छ। त्यस्तै नीति नेपालको निम्ति पनि अनुकूल हुन्छ भन्ने के सरकारलाई लाग्दैन ?

उत्तरः– नेपाली जनताका चाहनाहरू बढ्दै गइरहेका छन् र हाम्रो देशमा चाहिए जति आर्थिक स्रोतहरू उपलब्ध छैनन्, यो कुरा सत्य हो। यसैले आर्थिक स्रोतहरूलाई आन्तरिक तथा वाह्य रूपले परिचालन गर्न र देशमा द्रुततर गतिमा लगानी बढाउनको लागि उपयुक्त वातावरण सिर्जना गर्ने कुरा हाम्रो अघि हाँकको रूपमा देखा परेको छ। वर्तमान योजना अवधिमा हामी आन्तरिक स्रोतहरूको परिचालन गर्नमा बिगत वर्षहरूमा भन्दा केही बढी सफल भएका छौं। यसले गर्दा सुविधायुक्त ऋणहरू नपाएको कारणले भोग्नु पर्ने समस्याहरूबाट हामीलाई केही त्राण मिल्न गएको छ। नेपाल जस्ता विकासशील मुलुकहरूलाई आर्थिक सहयोग उपलब्ध गराउने मुलुक तथा संस्थाहरूले यी समस्याहरूलाई बुझिदिने छन् भन्ने मैले आशा राखेको छु। खुला बजार अर्थतन्त्र र औद्योगिक लगानीको सम्बन्धमा हाम्रो छैठौं योजनाले निजी पूंजीलाई आकर्षित गर्ने नीति लिएको छ। विदेशी लगानी तथा प्रविधि ऐन र औद्योगिक ऐनमा विदेशी पूंजीलाई आकर्षित गर्ने लगानीको सुरक्षा सम्बन्धी व्यवस्थाहरू गरिएका छन्। हाम्रा सीमितताहरूलाई ध्यानमा राख्दा खुला बजार अर्थतन्त्रको विकासमा उपरोक्त व्यवस्थाहरू अनुकूल देखिन्छन।

गोरखापत्रमा प्रकाशित चैत्र ६, २०३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकास प्रयासमा सबै मित्र राष्ट्रबाट सहयोगको अपेक्षा

प्रश्नः– सरकार, राष्ट्रपति मित्तेराँको नेपाल भ्रमणबाट के आशा राखिबक्सन्छ ?

उत्तरः– नेपालमा फ्रान्सेली राष्ट्रपतिबाट सर्वप्रथम हुन लागेको राष्ट्रपति मित्तेराँको राजकीय भ्रमणलाई नेपाल र फ्रान्सबीच रहेको सम्बन्धमा एउटा नयां अध्यायको रूपमा हामी लिन्छौं र यस भ्रमणबाट हाम्रा दुई देशबीच विद्यमान मित्रता र सहयोगको अझ अभिवृद्धि हुनेछ भन्ने आशा गर्दछौं। तेस्रो विश्वप्रति र विशेष गरेर अल्पविकसित मुलुकहरूप्रति राष्ट्रपति मित्तेराँको सकारात्मक भावना रहेको छ भन्ने कुरा सर्वविदित छ। हामी आशा गर्दछौं कि हाम्रो मुलुकमा गरीबी र पछौटेपनाको विरूद्ध हामीले जुधिरहेका कुराको प्रत्यक्ष जानकारी यस भ्रमणबाट उहाँलाई प्राप्त हुनेछ। राष्ट्रपति महोदयलाई नेपालमा स्वागत गर्न हामी उत्सुक रहेका छौं।

प्रश्नः– नेपाल र फ्रान्स बीच सामाजिक–आर्थिक र राजनैतिक क्षेत्रहरूमा विद्यमान सम्बन्धहरूलाई सरकार कसरी हेरिबक्सन्छ ?

उत्तरः– झण्डै दुई शताब्दी अघिदेखिन् हाम्रा दुई देशहरूबीच अनौपचारिक सम्पर्क रहिआएको हो। धेरै समय अघिदेखि फ्रान्सेली विद्वानहरू र लेखकहरू नेपालमा आउने गरेका हुन्। उनीहरूले नेपाली इतिहास, संस्कृति र कलाका विषयमा लेखेका पुस्तकहरूले पश्चिमी जगतमा नेपाललाई राम्ररी परिचित गराएका छन्।

हर साल फ्रान्सबाट थुप्रै पर्यटकहरू र पर्वतारोहीहरूको नेपालमा आगमन हुन्छ। यसबाट एकातिर नेपालको पर्यटन उद्योगको विकासमा योगदान पुगेको छ भने अर्कोतिर यसबाट दुई देशका जनताहरू परस्पर राम्ररी परिचित हुन समेत पनि सघाउ पुगेको छ। नेपालका राजनैतिक दृष्टिकोणहरू असंलग्नताका आदर्शहरू र दर्शनमा आधारित छन। तर यसबाट हाम्रा दुई देशका सरकारहरूलाई विश्वका अनेकौं घटनाहरू प्रति समान दृष्टिकोण कायम राख्न कुनै अवरोध हुँदैन। वास्तवमा विश्वशान्ति अन्तर्राष्ट्रिय सहयोग र समझदारीको समर्थनमा नेपाल र फ्रान्सले परस्पर सरसल्लाह गरेर अन्तर्राष्ट्रिय क्षेत्रमा संगसंगै प्रचुर कार्यहरू गरेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः– नेपाल र फ्रान्सबीच कुन क्षेत्रमा सम्बन्ध विकास भएको सरकार देख्न चाहिबक्सन्छ ?

उत्तरः– कुनै पनि देशसितको सम्बन्धमा मित्रतालाई सुदृढ पार्नु नै हाम्रो आधारभूत उदेश्य रहेको छ। अल्पविकसित र भू–परिवेष्ठित देश भए तापनि आफ्ना आर्थिक विकासका प्रयत्नहरूमा नेपाल सबै मित्रराष्ट्रहरूबाट सहयोगको अपेक्षा राख्दछ। नेपाललाई फ्रान्सले सहयोग प्रदान गर्दै आएको छ र यसलाई हामी महत्व दिन्छौं। हामीले विभिन्न अवसरमा भनी आएकै छौं कि हिमालयको हिउँ पग्लेर हमेशा बगिरहेका नदीहरू हाम्रा अपार जलसम्पदा हुन् र बहुउद्देश्यीय उपयोगको निमित्त हामीले तिनको उपयोग गरेमा नेपालको निम्ति मात्र नभएर समस्त क्षेत्रकै लागि तिनबाट धेरै लाभ हुन सक्छ। यतिमात्र होइन, आर्थिक विकासको निमित्त हाम्रा कार्यक्रमहरूलाई टेवा दिन समेत यी राजस्वका स्रोत हुन सक्दछन्। आर्थिक रूपबाट लाभदायक ठहरिने अनगिन्ती आयोजनाहरू पहिल्याइसकिएका छन् र केही मुलुकहरूले यस क्षेत्रमा नेपाललाई सहयोग प्रदान गरिहेका छन्। यसमा फ्रान्सको सहयोग पनि स्वागतयोग्य हुनेछ।

हाम्रा आवश्यकताहरू हामीसित उपलब्ध स्रोतहरू भन्दा अधिक छन्। धेरै क्षेत्रमा हामीले थुप्रै काम गर्नु परेको छ। हाम्रा समस्त जनतालाई खाद्यवस्तु, लत्ताकपडा, आश्रय, औषधोपचार र शिक्षा सुलभ हुन् भन्ने हेतुले हाल कृषि, उद्योग र सामाजिक पूर्वाधारहरूको विकास गर्नका लागि मेरो सरकारका प्रयासहरू केन्द्रित भएका छन्। अत्यधिक विकसित मुलुक फ्रान्सले यी क्षेत्रहरू मध्ये कुनै पनि क्षेत्रमा निश्चय नै फलदायी सहयोग पुऱ्याउन सक्तछ। पारस्परिक लाभको आधारमा फ्रान्सेली निजी उद्यमीहरूलाई पनि आफ्ना विकासका प्रयत्नहरूमा सहभागी हुन नेपाल निमन्त्रणा गर्न चाहन्छ।

प्रश्नः– पञ्चायत शिविरभित्रबाट र बाहिरबाट समेत संविधानको चौथो संशोधनको आवश्यकताबारे आवाज उठेको छ। यसप्रति सरकारको कस्तो दृष्टिकोण रहेको छ ?

उत्तरः– वास्तवमा अधिराज्यका राजनैतिक क्षेत्रहरूक रायाअनुसार नै वर्तमान रूपमा संविधानको संशोधन भएको थियो। यसका सकारात्मक प्रतिफलहरू प्राप्त गर्नको लागि अधिराज्यभित्रका राजनैतिक रूपले सचेत तत्वहरूबाट इमान्दारीपूर्ण प्रयासको आवश्यकता छ, जुन प्रजातान्त्रिक पूर्वाधारहरूको विकास गर्ने र अझ निर्माण गर्नु पर्ने विषय हो। जहाँसम्म चौथो संशोधनको संभावनाको प्रश्न छ, यसको मौलिक चरित्रको सम्बन्धमा राष्ट्रिय स्तरमा कुनै सहमति भएको जस्तो मलाई लाग्दैन। तर हाम्रा समाजका खास यथार्थताहरूसित मिल्दोजुल्दो रूपमा नेपालमा प्रजातन्त्रलाई सुदृढ पार्नको लागि सबैबाट सहयोग र समझदारीको खाँचो छ। अनावश्यक अडकलबाजी र अप्रासंगिक आशाले हामीलाई कतैको पनि राख्दैन।

प्रश्नः– ल्हासालाई जोड्ने बाढीद्वारा विनष्ट भएको काठमाडौं–कोदारी राजमार्गको बिग्रेको भाग यसै वर्षभित्र बनाउने लक्ष्य राखेर निर्माण कार्य शुरू गरिएको छ र चीनले पनि ल्हासामा होटलहरू तथा अन्य पूर्वाधारहरूको निर्माण गरेर पर्यटकहरूको भ्रमण माथि लगाइ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एका प्रतिबन्धहरूलाई क्रमशः खुकुलो पार्दै लगेको छ । के ल्हासा र काठमाडौं बीच स्थल र हवाई मार्ग खोलेर पर्यटनको विकास गर्न सरकार चाहिबक्सन्छ ?

उत्तरः– घनिष्ट छिमेकीहरू बीच पर्यटनको विकास र पर्यटकहरुको आदान प्रदानले दुवै मुलुकलाई लाभ पुऱ्याउँछ । नेपाल र चीन बीच पदयात्रा र अन्तर्राष्ट्रिय पर्यटनको अभिवृद्धिको प्रबन्ध मिलाउनको लागि एक पर्यटन प्रतिनिधि मण्डल नेपालबाट चीन जाने भएको छ । यसरी भविष्यमा कुनै बेला स्थल वा हवाई मार्गहरू मध्ये कुनै एक वा दुवैबाट पर्यटकहरू दुई देश बीच भ्रमण गर्न समर्थ हुनेछन् भन्ने हामी आशा गर्दछौं ।

प्रश्नः– यूरोपेली क्षेप्यास्त्र सम्बन्धी वार्ता बारे विशेष गरेर एशियाली भू–भागमा सोभियत क्षेप्यास्त्रहरूको संभाव्य पुनर्स्थापनालाई लिएर सरकार के सोचिबक्सन्छ ?

उत्तरः– यूरोपमा होस् वा एशियामा होस्, आणविक क्षेप्यास्त्रहरूको विकास गर्ने र तैनाथ गर्ने कुराको नेपाल विरोध गर्दछ । यसबाट तनाव बढनेछ र जहाँसुकै असुरक्षाको भावना जाग्नेछ । हामी हृदयदेखि आशा गर्दछौं कि यूरोप त्यसदेखि बाहिरका लाखौं लाख जनताका आकाँक्षा अनुरूप नै यूरोपेली क्षेप्यास्त्र सम्बन्धी वार्ता टुंगिने छ ।

प्रश्नः– यदि म गल्तीमा छैन भने सरकारबाट बारम्बार दलविहीन पञ्चायत पद्धतिको क्रमिक विकासद्वारा नेपालमा प्रजातन्त्रको स्थापना हुन सक्तछ भनी कुहुम भएको छ । के विद्यमान पञ्चायत व्यवस्थालाई दलगत व्यवस्थामा लैजान संशोधन गरिने कुरा सरकारबाट सोचि बक्सेको छ कि ?

उत्तरः– वि. सं. २०३७ मा हामीले जनमत संग्रह गरेको थियो जसमा देशबासीहरूलाई उनीहरू देशमा कस्तो प्रकारको राजनैतिक व्यवस्था चाहन्छन्, त्यसमा आफ्नो मत प्रदान गर्न आह्वान गरिएको थियो । देशबासीहरूले आफ्नै माटामा जन्मेको, प्रजातान्त्रिक र जनतामा आधारित पञ्चायत व्यवस्थालाई नै रोजे । समयको प्रवाहमा हरेक व्यवस्थामा आफ्ना मौलिक विशेषताहरूलाई कायमै राखेर परिवर्तन हुने गर्दछ । अहिले दुई दशक आयु बिताएको पञ्चायत व्यवस्था पनि यस कुराको अपवाद हुन सक्तन । प्रजातान्त्रिक मान्यताहरू प्रति प्रतिबद्ध हुँदै यो व्यवस्थामा पनि नेपाली जनताको आकाँक्षा अनुरूप परिवर्तन र संशोधन हुन नसक्ने छैन । हामीले पत्ता लगाएका छौं कि कुनै पनि राजनैतिक व्यवस्थाले किंचितमात्र भए पनि मुलुकको संस्कृतिमा जरो गाडेको छैन भने त्यो अंकुरित हुन सक्तन । वि. सं. २०३७ मा भएको जनमत संग्रहमा पञ्चायत व्यवस्था-प्रतिको समर्थनमा जन आकाँक्षा अभिव्यक्त भएको छ । त्यसकारण वि. सं. २००७ साल देखि एक दशकसम्म परीक्षण गरेर अफाप ठानिएको जनइच्छा विपरितको राजनैतिक व्यवस्थामा फर्किन सकिने कुरा म देखिन ।

प्रश्नः– मलाई लाग्छ वाह्य मोर्चामा उत्तरपट्टि चीन र दक्षिणपट्टि भारत जस्ता दुई ठूला राष्ट्रको बीच रहेर स्वतन्त्र र तटस्थ रहन नेपाललाई गाह्रो पर्नेछ । पेकिङ र न्यू दिल्लीसितको नेपालको सम्बन्ध कस्तो छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरः– पहिले तपाईको प्रश्नको पछिल्लो भागको उत्तर दिन म चाहन्छु । हाम्रो दुवै घनिष्ठ छिमेकीहरूसित हाम्रो राम्रो सम्बन्ध छ । ती सम्बन्धहरू पारस्परिक समझदारी र शुभेच्छामा आधारित छन् । सार्वभौमिक समानताको सम्मान, क्षेत्रीय अक्षुण्णता तथा एकले अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने कुराहरूद्वारा छिमेकीहरूसितको हाम्रो सम्बन्ध निर्धारित भएको छ । नेपाल र भारत दुवै असंलग्न आन्दोलनका सदस्य हुन् र आपसी सम्बन्धहरू संचालन गर्न दुवैले असंलग्नताका सिद्धान्तहरूको अनुशरण गर्दछन् । चीनसितको नेपालको सम्बन्ध शान्तिपूर्ण सह अस्तित्वका पांच सिद्धान्तहरू तथा परस्परका उचित आकांक्षाहरूको समझदारीमा आधारित छन् ।

प्रश्नः– नेपाललाई अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त "शान्ति क्षेत्र" तुल्याउने सरकारको इच्छा प्रति भारतले केही मात्रामा विरोध जनाएको छ भन्ने मैले सुनेको छु । सरकार, निकट भविष्यमा यस धारणाप्रति अझ धेरै मुलुकहरूबाट समर्थन प्राप्त हुने आशा राखिबक्सिन्छ कि ?

उत्तरः– नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने मेरो प्रस्थापना विशुद्ध रूपमा नेपाली जनताको शान्ति र विकासप्रतिको उचित आकांक्षाहरूमा आधारित छ । कुनै पनि देशले यसप्रति विरोध जनाउने कुरा म देख्दिन साथै, यसको समर्थन नगर्नेले यसको विरोध गरेको हुन्छ भन्ने कुरा पनि साँचो होइन । नेपालको शान्ति क्षेत्रको प्रस्तावलाई हाल सम्ममा तीस देशले समर्थन गरिसकेका छन् र त्यसरी समर्थन गर्ने देशहरूको संख्या लगातार वृद्धि भइरहेको छ ।

प्रश्नः– फ्रान्सेली राष्ट्रपति महोदयको नेपाल भ्रमणको यस घडीमा नेपाललाई शान्ति क्षेत्र घोषणा गरियोस् भन्ने प्रस्तावको समर्थन होस् भन्ने सरकारका चाहिबक्सिन्छ ?

उत्तरः– सकेसम्म थुप्रै देशहरूले शान्ति क्षेत्रको प्रस्तावलाई समर्थन गरेमा हामीलाई खुशी लाग्नेछ नेपाल भ्रमणको यसै अवधिमा राष्ट्रपति मित्तेराँबाट यस प्रस्तावको समर्थन भएमा सो निश्चय पनि नेपाली जनताको निम्ति कृतज्ञताको विषय हुनेछ ।

प्रश्नः– मुलुकको सर्वाङ्गीण आर्थिक विकासको लागि सरकारबाट भएका अथक प्रयासहरूको बाबजूद पनि आर्थिक विकास स्थिर रहेको छ । यस समस्याको समाधानार्थ सरकारबाट कस्ता कदमहरू चालिबक्सने बिचार गरिबक्सेको छ र यथाशीघ्र कुन सबभन्दा अधिक आवश्यक देखिने विकास आयोजनाहरू कार्यान्वित होउन् भन्ने सरकारको सदिच्छा छ ?

उत्तरः– हाम्रो आर्थिक विकास स्थिर रहनाको मुख्य कारण पांचौं योजनाको अवधिसम्ममा, अर्थात वि. सं. २०३७ सम्ममा, हाम्रो लगानीको मोटो रकम विकासको लागि पूर्वाधार खडा गर्नमा नै लगाइएको थियो । चालू छैटौं योजनाले जनताका न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गर्नमा र यसको निमित्त निर्मित पूर्वाधारहरूको उपयोग गरेर प्रत्यक्ष रूपले उत्पादनशील हुने गतिविधिमा लाग्न जोड दिएको छ । कृषि नै बहुसंख्यक नेपाली जनताको मुख्य व्यवसाय भएको हुँदा यसको विकासको लागि सिंचाईको महत्वपूर्ण भूमिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको हुन्छ । त्यसकारण, कृषि, मत्स्य पालन, उर्जा, जल परिवहन सुविधा र पर्यटनको दृष्टिकोणबाट हाम्रा जलस्रोतहरूको बहुउद्देश्यीय प्रयोग महत्वपूर्ण छ । हाम्रा जनताका आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्नको लागि साना र मझौला खालका उद्योग धन्दाहरूको विकासलाई पनि हामीले जोड दिइरहेका छौं । यस्ता उद्योगहरूबाट तयार हुने उत्पादनहरूको लागि बजार पनि उपलब्ध छ । यस्ता श्रममूलक उद्योगहरूबाट स्वभावतः नेपालीहरूलाई काम र रोजगारीको अवसर प्राप्त हुनेछ । तर जनसंख्याको समस्या भने गंभीर भएको छ । समयमै यसलाई नियन्त्रण गरिएन भने जनताका आधारभूत न्यूनतम आवश्यकताहरू पूर्ति गर्ने आशा झन् झन् क्षीण भएर जानेछ । तसर्थ जन्म दरलाई घटाउने कार्यक्रम र आयोजनाहरू छैठौं योजना कालमा व्यापक रूपले चालू गरिने छन् ।

प्रश्नः— दक्षिण एशियाली क्षेत्रको आर्थिक लाभको निमित्त नेपालका अपार जलस्रोतहरूको विकासमा क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोगको लागि सरकारबाट आह्वान गरिबक्सेको छ । आगामी शरद ऋतुमा हुने सरकारको प्रस्तावित वासिंगटन भ्रमणका अवसरमा श्री रोनाल्ड रेगनसित यस प्रश्नमा वृहत रूपमा छलफल गर्ने विचार गरिबक्सेको छ कि ?

उत्तरः— नेपालको जलसम्पदाको सन्तोषजनक विकासको निम्ति वृहत् स्तरमा अन्तर्राष्ट्रिय आर्थिक सहयोगको आवश्यकता पर्दछ र यसको लागि हामीले मित्रराष्ट्रहरू र बहुउद्देश्यीय संस्थाहरूबाट सहयोग पाउने आशा राखेका छौं । जहाँसम्म राष्ट्रपति रेगनसंग छलफल गरिने प्रश्न छ म उहाँसित भेटेर द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय हितका विषयहरूमा छलफल गर्न उत्सुक छु ।

प्रश्नः— असंलग्न राष्ट्रहरूको अध्यक्षको हैसियतले श्रीमती इन्दिरा गान्धीले आगामी सेप्टेम्बर महीनामा हुने साधारण महासभामा सम्मिलित हुन सारा राष्ट्रप्रमुखहरूलाई निमन्त्रणा गर्नु भएको छ । के त्यस सभालाई सम्बोधन गर्न सरकार स्वयं न्यूयोर्क सवारी हुन चाहिबक्सन्छ ? यदि त्यसो हो भने कुन विषयहरूमा सरकार बढी जोड दिन चाहिबक्सन्छ ?

उत्तरः— संयुक्त राष्ट्र संघका उद्देश्य र सिद्धान्तप्रति नेपालको अटूट आस्था रहेको छ । हामीलाई लाग्दछ अधिक प्रभावकारी संयुक्त राष्ट्रसघले मात्र मानव जातिको शान्ति, न्याय र प्रगतिको सुरक्षा गर्न सक्तछ । यही विश्वास अनुरूप हामीले संयुक्त राष्ट्रका सभाहरूमा क्रियाशील रूपले भाग लिंदै आएकाछौं र उचित स्तरमा संयुक्त राष्ट्र संघको साधारण महासभामा भाग लिई शान्ति र विकासको उद्देश्यको निमित्त र खास गरेर अल्प विकसित मुलुकहरूको स्वार्थमाथि प्रकाश पार्न नेपाल प्रसन्न हुनेछ ।

प्रश्नः— द्विपक्षीय व्यापार तथा अर्थतन्त्रको विकासको लागि सडक वा रेलमार्गद्वारा भारत भएर नेपाल र बंगलादेशलाई जोड्ने कुनै आयोजना छ कि ? नेपालको भौगोलिक स्थितिलाई दृष्टि दिंदा यस प्रकारको सम्बन्ध नेपालको निमित्त ठूलो सम्पति हुने कुरा सरकारलाई अनुभव हुँदैन ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरः– तेस्रो मुलुकसितको नेपालको ब्यापारमा हाल भारतको कलकत्ता र बंगलादेशको चटगाउँका बन्दरगाहहरू हामीले प्रयोग गरिरहेका छौं। नेपालले यी दुवै देशसित पारवहन सन्धिमा हस्ताक्षर गरेको छ। बिगत केही वर्षहरूमा हाम्रो विदेशी ब्यापारको मात्रा विषेश गरेर आयात ब्यापार बंगलादेशको बाटो भएर वृद्धि भएको छ। हाललाई नेपाल–बंगलादेश बीचको द्विपक्षीय ब्यापार भारतको राधिकापुरको रेलमार्गबाट सम्पन्न हुन्छ र यही नै हाम्रा दुई देशबीचको सम्पर्क रेखा रहेको छ। यस सम्पर्कलाई बढी प्रभावकारी र कम खर्चिलो पारवहन सुविधायुक्त तुल्याउने कार्य नेपालको आर्थिक विकासको निमित्त वान्छनीय र सघाउ पुऱ्याउने खालको हुनेछ। यसरी भारत र बंगलादेश दुवै मुलुकबाट प्रदत्त पारवहन सुविधाद्वारा नेपालको वैदेशिक ब्यापारको बिस्तार र विविधीकरणमा सहयोग पुगेको छ।

गोरखापत्रमा प्रकाशित वैशाख १६, २१, २०४०

१३५९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रीय सहयोगको कार्यक्रम दक्षिण एशियाका सबै राष्ट्रको हितमा

प्रश्नः– सरकार, पाकिस्तान संग नेपालका सम्बन्धहरू सौहार्दपूर्ण र मैत्रीपूर्ण रहिआएका छन् खास गरी राष्ट्रपति मुहम्मद जिया उल हकको वर्तमान भ्रमणको परिप्रेक्ष्यमा यस सम्बन्धले भविष्यमा कस्तो रूप लेला भन्ने सरकारलाई लागेको छ ?

उत्तरः– साझा धारणा र हितको पारस्परिकतामा आधारित नेपाल र पाकिस्तानका आपसी सम्वन्धहरू संधै सौहार्द र मैत्रीपूर्ण रहिआएका छन् । यी सम्बन्धलाई एक अर्काका हित र लाभका निमित्त अझ सुदृढ बनाउन दुवै पक्षले जागरूक भई निरन्तर प्रयास गर्दै आएका छन् । पाकिस्तानका महामहिम राष्ट्रपति महारथी मुहम्मद जिया उल हकले गर्नु भएको नेपालको यस राजकीय भ्रमणबाट हामीलाई खुली लागेको छ । उहाँको भ्रमणले हाम्रा सम्बन्धहरूका सौहार्दता र न्यानोपनालाई अझै बढाउनुको साथै दुवै मुलुकका बीच विद्यमान मित्रता र समझदारीको संरचनालाई पनि अझ मजबूत बनाउनमा योगदान गर्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

प्रश्नः– सरकारको बिचारमा दुवै देशका बीच पारस्परिक सहयोगलाई बढावा दिन सकिने कुन कुन क्षेत्र होलान् । ?

उत्तरः– दुवै देशका बीच बिगत केही वर्षहरूमा आर्थिक सहयोग बढ्दै गइरहेको छ । व्यापार पर्यटन, विभिन्न क्षेत्रका तालीम र हालैको हवाई सेवाको सम्पर्क सहयोगका केही महत्व-पूर्ण क्षेत्रहरू हुन् । नेपालको औद्योगिक विकासको निमित्त हालै भएको सोलिडारिटी मन्त्रीस्तरीय बैठकमा पाकिस्तानले देखाएको अभिरूचिको हामी सह्राहना गर्दछौं । कपास उत्पादन, कपडा उद्योग र कृषि तथा पशुपालनका विविध क्षेत्रमा सहयोगका गुञ्जायस विद्यमान छन् । यो सहयोग हाम्रा दुवै देशका बीच सार्वजनिक क्षेत्रमा, निजी क्षेत्रमा वा संयुक्त लगानीको रूपमा हुन सक्दछ । जे भए तापनि पारस्परिक हितका निमित्त गर्न सकिने लगानीको पहिचानको लागि निरन्तर प्रयास हुनु पर्दछ र यस सन्दर्भमा नेपाल पाकिस्तान संयुक्त आर्थिक सहयोग नियोग उपयोगी हुने अपेक्षा गरिएको छ ।

प्रश्नः– दुवै देशका बीच हुने दोहोरो व्यापारको आयतनमा वृद्धि भएको छ तापनि मूल्यको हिसाब-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट यो सार्न छ । ब्यापार सन्तुलनको झुकाव नेपालको पक्षमा बढी न छ जबकि पाकिस्तानले यस देशलाई सजिलैसंग आपूर्ति गर्न सक्ने धेरै वस्तुहरू छन् । नेपालको पाकिस्तानसंगको बढ्दो ब्यापारमा पर्ने मुख्य अवरोधहरू के के हुन् र तिनलाई हटाउने बारेमा सरकारको कस्तो राय छ ?

उत्तरः— दुवै देश बीचको ब्यापारको आयतन खास ठूलो छैन तापनि दुवै पक्षको संयुक्त प्रयास भएमा यसलाई अझ बिस्तार गर्न सकिन्छ । पारवहनका बढी दर सम्बन्धी समस्या, महसूलहरूमा रहेको असन्तुलन र ब्यापार सम्बन्धी कागजातहरूको सरलीकरण बारे अध्ययन गर्ने काम शुरू गर्न सकिन्छ । वाणिज्य सूचनाहरूका आदान प्रदान, ब्यापारिक भ्रमण र ब्यापार मेलाहरूको आयोजनाले निश्चय पनि ब्यपाार बिस्तारका वस्तुहरूको पहिचान गर्नमा सघाउ पुऱ्याउने छ ।

प्रश्नः— औद्योगिक र अन्य क्षेत्रमा पाकिस्तानसंग संयुक्त लगानी गर्ने बारे सरकारबाट कुनै संभावना दृष्टिगत गरिबक्सेको छ कि ? छ भने, त्यसका लागि सरकारका ठोस प्रस्तावहरू पनि छन् ?

उत्तरः— संयुक्त लगानी भन्नाले हामीले सहयोगी मुलुकहरूबाट भौतिक, प्राविधिक र आर्थिक, साधनहरू आर्थिक क्षेत्रको उद्यमको स्थापनाका लागि संगसंगै लगाइने कुरालाई सम्झेका छौं । विकासशील मुलुकहरू बीचको सम्भाब्य संयुक्त लगानीका लागि हामीले लगानी गर्ने मुलुकको सामर्थ्य र लगानी गरिने मुलुकको वास्तविक आवश्यकतालाई ध्यानमा राख्नु पर्दछ । नेपालले खाद्य, कपडा, आवास, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत आवश्यकताहरूलाई पूरा गर्ने उद्योगहरूलाई प्राथमिकता दिइरहेको छ । उक्त आवश्यताकै सन्दर्भमा हामीले के पाएकाछौं भने पाकिस्तानले कपडा उद्योगका विभिन्न पक्षहरूमा आफ्ना विशेषताहरूको विकास गरिसकेको छ । हामी हाम्रो देशको कपडाको आवश्यकताको ७५ प्रतिशत भन्दा बढी आयात गर्ने भएकोले अरू कुराहरूका साथै कपडा उद्योगमा संयुक्त लगानीको संभावना हुन गएको हो ।

प्रश्नः— सरकारबाट नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भनी प्रस्ताव राखिबक्सेको छ । सरकारबाट यस प्रस्तावको अलिकति व्याख्याको साथै खासगरी के कस्तो कारणले गर्दा सो प्रस्ताव राखिबक्स्यो, त्यसबारे केही हुकुम हुन्छ कि ?

उत्तरः— हामी यस्तो युगमा बांचिरहेका छौं जहाँ शान्तिको कुनै विकल्प नै देखिंदैन । हाम्रा जनताको सुरक्षित तथा समृद्ध भविष्यको लागि हामीले शान्तिको महत्व र अत्यावश्यकतालाई स्वीकार गरिसकेका छौं । शान्तिप्रतिको हाम्रो साझा चाहना संयुक्त राष्ट्र सङ्घको वडापत्रमा अंकित भई प्रतिबिम्बित भएको छ । यसले हामी मध्ये कतिलाई असंलग्नताका सिद्धान्तहरूप्रति सम्बद्ध हुन डोऱ्याई पनि सकेको छ । नेपालले शान्ति क्षेत्रको प्रस्तावको माध्यमबाट राष्ट्र सङ्घीय वडापत्र र असंलग्नताका ती सिद्धान्तहरू जसलाई आदर गर्न हामी सबै बचनबद्ध छौं, तिनलाई कार्य रूपमा परिणत गर्न मात्र खोजिरहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। यो प्रस्ताव आफ्नो देशमा र वरपर शान्तिको वातावरणलाई अझ सुदृढ बनाउने नेपाली जनताको आकाँक्ष.बाट पूर्णतः निर्देशित छ जुन कुरालाई हामी हाम्रो आफ्नो विकास तथा सुरक्षाको निमित्त आवश्यक ठान्दछौं ।

प्रश्नः– दक्षिण एशियामा आणविक हतियार मुक्त क्षेत्र कायम गर्ने पाकिस्तानको प्रस्तावप्रति सरकारको कस्तो दृष्टिकोण छ ?

उत्तरः– शान्तिको लागि एक मुख्य खतरा, निस्सन्देह शस्त्रास्त्रको होडबाजी र खास गरी आणविक शस्त्रास्त्रको होडबाजी हो। भौतिक रूपमा यदि आणविक हात हतियारहरू मानव जातिको पूर्ण संहार गर्न सक्षम छन् भने मनोवैज्ञानिक रूपमा तिनले दर र अविश्वासको वातावरण उत्पन्न गराई शान्ति स्थापनाका प्रक्रियालाई कठिनतम बनाएका छन्। त्यस-कारण नेपाल आणविक भट्टीहरूलाई घटाउने र नयां नयां क्षेत्रहरूमा तिनको स्थापना र बढदो प्रसार माथि नियन्त्रण लगाउने पक्षमा रहिआएको हो। यसै परिप्रेक्ष्यमा नेपाल संसारका जुनसुकै भागमा पनि स्थापना गरिने शान्ति क्षेत्रहरू र आणविक हात हति-यारमुक्त क्षेत्रको दृढता पूर्वक समर्थन गर्दछ । दक्षिण एशियाको शान्ति र स्थायित्व हाम्रो निमित्त प्रत्यक्ष चासोको विषय भएकोले नेपाल, दक्षिण एशियालाई आणविक हात–हतियार मुक्त क्षेत्र बनाइनु पर्छ भन्ने प्रस्तावको समर्थन गर्दछ।

प्रश्नः– अफगानिस्तानमा भएको सोभियत सङ्घको सैनिक हस्तक्षेपको सन्दर्भमा यस क्षेत्रको सुरक्षा सम्बन्धी धारणा बारे सरकार टिप्पणी गरिबक्सन्छ कि ?

उत्तरः– एक असंलग्न राष्ट्र र संयुक्त राष्ट्र सङ्घको बडापत्रमाथि आस्था भएको राष्ट्रको नाताले नेपाल जुनसुकै रूपमा भए पनि एक देशको आन्तरिक मामिलामा अर्को देशबाट हुने हस्तक्षेपको विरोध गर्दछ । अझ हाम्रै छर–छिमेकमा यस्तो हस्तक्षेप हुन्छ भने हामीलाई त्यसप्रति बढी चासो लाग्नु स्वाभाविकै हो । त्यसैले हामीले अफगानिस्तान-बाट विदेशी सैन्य हटाउने र अफगान जनताको आत्म निर्णयको अधिकारलाई कदर गर्ने तथा लाखौं अफगान शरणार्थीहरूले सुरक्षित रूपमा इज्जतका साथ आफ्नो जन्मभूमिमा फर्किन पाउनु पर्छ भन्ने मांगको समर्थन गरेका हौं । राष्ट्र सङ्घका महा सचिवबाट अफगान समस्याको मान्य समाधान पहिल्याउनको लागि सम्बन्धित सबै पक्षलाई जुटाउन भइरहेको प्रयासको हामी स्वागत गर्दछौं ।

प्रश्नः– छिमेकीको हैसियतले पाकिस्तान तथा भारतबीचका सम्बन्धहरूलाई द्रुततर रूपमा सामान्य बनाउने बारेमा नेपालले पनि गहन रूपमा अभिरूचि राखेको होला । भारत-संगका आफ्ना सम्बन्धहरूलाई सामान्य बनाउन पाकिस्तानका तर्फबाट केही यता चालिंदै आएका कदमहरूबारे सरकारको कस्तो मन्तब्य छ ?

उत्तरः– पाकिस्तान तथा भारत आपसी सम्बन्धहरूमा सुधार ल्याउन प्रयास गर्दछन् । हामीलाई लाग्छ यो ज्यादै सकारात्मक प्रगति हो । दुवै पक्षबाट देखाइएका राजनयिक दूरदर्शिता-ले यस क्षेत्रका हाम्रा दुवै मित्रहरू बीच विश्वासको वातावरण ल्याओस् भन्ने हाम्रो आन्त-रिक अभिलाषा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः— दक्षिण एशियाली मुलुकहरू बीचको क्षेत्रीय सहयोगको धारणाले ठोस रूप लिन लागिरहेको छ। यस धारणालाई अझ मजबूत बनाउन र यथार्थमा परिणत गर्न सरकारबाट के के उपायहरू अबलम्बन गर्ने सुझाव बक्सन्छ ?

उत्तरः— क्षेत्रीय सहयोगको कार्यक्रम साझा हितमा र दक्षिण एशियाका सबै मुलुकहरूका भलाईको निमित्त छ भन्ने कुरामा कुनै शंकै छैन। यस्ता सम्पर्क र सहयोगहरूले यस क्षेत्रमा रहेका संसारका निर्धनतम देशहरूको आर्थिक विकासको प्रक्रियालाई गति प्रदान गर्नेमात्र होइन कि स्थायित्व र शान्तिका लागि समेत योगदान दिनेछ भन्ने हाम्रो आशा छ। यस सम्बन्धमा हामीले प्रारम्भिक भए तापनि केही महत्वपूर्ण पाइलाहरू चालिसकेका छौं, तर यसतर्फ निरन्तर लागिरहनु पर्छ र यी कदमहरूलाई अघि बढाइरहनु पर्दछ।

प्रश्नः— नयाँ दिल्लीमा भएको असंलग्न राष्ट्रहरूको सातौं शिखर सम्मेलनका परिणामहरूबाट सरकार सन्तुष्ट होइबक्सन्छ ? सरकारको बिचारमा यसका मुख्य उपलब्धिहरू के हुन् ? न्यायोचित आर्थिक प्रणालीको स्थापनाको लागि शिखर सम्मेलनका निर्णयहरू कतिसम्म प्रभावकारी होलान् भन्ने सरकारलाई लाग्दछ ?

उत्तरः— नयाँ दिल्लीमा हालै भएको असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनका परिणामबाट हामी सन्तुष्ट छौं। निस्सन्देह सातौं शिखर सम्मेलन विश्वब्यापी आर्थिक स्थिति प्रति केन्द्रित थियो र न्यायोचित आर्थिक प्रणालीको स्थापनाको सम्बन्धमा यसले केही मूल्यवान सुझावहरू दिएको छ। यस सम्बन्धमा हाम्रो जोड नै अन्तिम समाधान होइन। धेरै कुराहरू ती विकसित मुलुकहरूको व्यवहारमा निर्भर गर्दछ जो संग हामीले हाम्रा प्रयासहरूलाई संयोजित गर्नुका साथै वार्तालाप पनि जारी राख्नु छ।

प्रश्नः— नेपालको प्रगति र विकासका लागि पञ्चायत व्यवस्थाले कसरी योगदान गरेको छ ?

उत्तरः— तीन वर्ष अघि राष्ट्रब्यापी रूपमा भएको जनमत संग्रहमा जनताले पञ्चायत व्यवस्थाको पक्षमा आफ्नो निर्णय दिएका हुन्। यस व्यवस्थाको आधारभूत सिद्धान्त गाउँ र नगर. जिल्ला तथा राष्ट्रिय अर्थात सबै तहमा जनताको सहभागिता हो। विभिन्न तहमा हुने आवधिक निर्वाचनहरूबाट यसले जनतामा उनीहरूका अधिकार र कर्तब्य प्रति चेतना जगाउन मद्दत गरेको छ। विकेन्द्रीकरणको सिद्धान्तलाई व्यवहारमा उतारेर पञ्चायतका निकायहरूले स्थानीय रूपमा उलपब्ध स्रोतहरूलाई उपयोग गरी विकास गर्न खोजेका छन्। यसरी यसले उपलब्ध स्रोतहरू सीमित र ज्यादै थोरै भएको स्थितिमा पनि जनताका बढ्दो आकाँक्षा र चाहनाहरूको पूर्ति गर्ने लक्ष्य लिएको छ। पञ्चायत व्यवस्थाले राष्ट्रिय एकतालाई सुदृढ बनाएको छ र साथै विश्वका सबै राष्ट्रहरू संग शान्ति, मित्रता तथा सहयोगको सम्बन्ध कायम राख्न नेपाललाई प्राप्त सफलतामा यसको योगदान रहेको छ।

गोरखापत्रमा प्रकाशित जेठ १२, २०४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफू बाचौं अरूलाई पनि बाँचनदिउँ भन्ने धारणामा नेपाल अटल

प्रश्नः– सरकार सेप्टेम्बर महीनामा औपचारिक भ्रमणमा स्पेनतर्फ सवारी हुँदैछ । के सरकार पहिले कहिल्यै स्पेन सवारी होइबक्सेको छ र स्पेनसित सरकार परिचित होइबक्सन्छ ?

उत्तरः– झण्डै बीस वर्ष जति अघि विद्यार्थी हुँदा म स्पेन पुगेको थिएँ । हामी आगामी असोज (सेप्टेम्बर)महीनामा हुन लागेको हाम्रो राजकीय भ्रमणलाई उत्सुकतापूर्वक प्रतीक्षा गरिरहेका छौं । त्यतिबेला हामीले व्यक्तिगतरूपमा राजा ह्वाँ कार्लोस तथा रानी सोफियालाई भट्ने र स्पेनी जनताले आफ्ना मुलुकको विकासमा गरेका प्रगति राम्रोसित बुझ्ने सुअवसर पाउने छौं ।

प्रश्नः– स्पेन, राजा ह्वाँ कार्लोस तथा स्पेनी जनताप्रति सरकार कस्तो धारणा राखिबक्सन्छ ?

उत्तरः– हामीले जस्तै नेपाली जनता पनि राजा ह्वाँ कार्लोस प्रति उच्च सम्मान र आदरका भावना राख्दछन् र सन् १९७५ मा मौसूफको राज्यारोहण भएदेखि स्पेनलाई मार्गदर्शन बक्सनमा तथा स्पेनी जनताका हितको लागि प्रजातान्त्रिक संस्थागत परिवर्तनहरू ल्याउनमा मौसूफबाट खेलिबक्सेको विशिष्ट भूमिकाको निम्ति मौसूफको सराहना गर्दछन् । सन् १९७८ मा शान्तिपूर्ण रूपमा लागू भएको नयाँ संविधान तथा सन् १९८२ मा सम्पन्न भएको आम निर्वाचनबाट मौसूफले विश्वभरिका राष्ट्रहरूको प्रशंसा र स्पेनी जनताको माया र आदार प्राप्त गरिबक्सेको छ भन्ने कुरा स्वतसिद्ध हुन्छ ।

सन् १९६० र १९७० का दशकहरूमा स्पेनले गरेको द्रुततर आर्थिक प्रगतिबाट पनि हामी प्रभावित भएका छौं । विश्वभरि नै व्याप्त रहेका केही आर्थिक कठिनाईहरूको सामना स्पेनले पनि गर्नु परिरहे तापनि स्पेनी जनताले आगामी वर्षहरूमा अझ महान् उन्नति र प्रगति गर्नेछन् भन्ने हाम्रो कामना छ । हामीलाई शिवास छ कि भविष्यमा परिश्रमी स्पेनी जनताले सामाजिक तथा आर्थिक क्षेत्रमा महान् प्रगतिहरू हासिल गर्नेछन् ।

प्रश्नः– नेपाल र स्पेनबीचको द्विपक्षीय सम्बन्धहरूको वास्तविक स्थिति कस्तो छ ? वाणिज्य, पर्यटन तथा संस्कृति जस्ता विषयहरूमा अन्य केही कदमहरू चाल्न सकिन्छ कि ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरः– सन् १९६८, मे १३ मा नेपाल तथा स्पेनबीच औपचारिक रूपमा कूटनैतिक सम्बन्ध स्थापना भए तापनि सम्पर्कहरू भने ज्यादै सीमित रहेका छन् । हाम्रा बुबा स्वर्गीय श्री ५ महेन्द्र-बाट सन् १९७० मा स्पेनको अनौपचारिक भ्रमण गरिबक्सेको थियो र सन् १९७५ मा हाम्रो राज्याभिषेकका अवसरमा मिल्लावर्दाका मार्किस डा. क्रिष्टोवल एम. बोदर्चुले स्पेनी प्रतिनिधि मण्डलको नेतृत्व गर्नु भएको थियो । यसरी सम्पर्क सीमित रहे तापनि नेपाल र स्पेनबीचका मित्रताका सम्बन्ध सौहार्दता र एक अर्काका आकांक्षाहरूको पारस्परिक समझदारीमा आधारित छन् । यी दुवै राजतन्त्रात्मक मुलुकहरू हुन् र दुवैले संयुक्त राष्ट्र सङ्घको बडा पत्रका सिद्धान्तहरूमा गहन तथा अगाध आस्था राख्दै शान्तिपूर्ण परराष्ट्रनीतिको अनुशरण गरेका छन् ।

पर्यटन, वाणिज्य तथा संस्कृतिका विषयमा सहयोगको क्षेत्रलाई अझ फराकिलो पार्न सकिने स्थिति विद्यमान छ । विगत पांच वर्षहरूमा विभिन्न हिमाली टाकुराहरू आरोहण गर्नाको लागि पन्ध्रवटा स्पेनी पर्वतारोही दलहरू हाम्रो देशमा आएका थिए । सन १९८४ मा शिखरहरू आरोहण गर्नको लागि अन्य छ वटा टोलीहरूले अनुमति प्राप्त गरिसकेका छन् । यस्तै प्रकारले नेपाल भ्रमण गर्न आउने स्पेनी पर्यटकहरूको संख्यामा अभिवृद्धि हुँदै आएको छ । हाम्रा शिल्पकला तथा निर्यातहरूप्रति स्पेनी जनतामा अझ बढी अभिरूचि पैदा हुनेछ भन्ने हामीले आशा गरेका छौं । स्पेनमा प्रति वर्ष ४ करोडभन्दा बढी पर्यटकहरूको आवागमन हुन्छ । पर्यटनको विकासमा तपाईहरूको अनुभवबाट हामी पनि लाभान्वित हुन सक्छौं ।

प्रश्नः– संसारकासबभन्दा परम्परागत रूपका राजतन्त्रहरूमध्ये नेपाल पनि एक हो । बीसौं शताब्दीको अन्त्यमा निरंकुश राजाको रूपमा सरकार आफूलाई कसरी हेरिबक्सन्छ ?

उत्तरः– नेपालमा दुई दशक भन्दा अघिदेखि तीन पटक संशोधित संविधान लागू रहेको छ । राजाका अधिकार र उत्तरदायित्वहरू संविधानमा स्पष्ट रूपमा उल्लेख भएका छन् । हाम्रो मुलुकको भू–राजनैतिक स्थिति, ऐतिहासिक परम्परा तथा मान्यताहरूलाई पनि बिचार गर्दा नेपालका राजा नेपालको संविधान अनुसारकै संवैधानिक राजा हुन्, यो बाहेक अन्य प्रकारका शासक कसरी हुन सक्लान् र भन्ने हामीलाई लाग्दछ ।

प्रश्नः– के नेपालमा राजनैतिक विरोध छ ?

उत्तरः– हाम्रो पञ्चायत व्यवस्था राष्ट्रव्यापी जनमत संग्रहमा जनताद्वारा स्वीकृत प्रदान गरिएको दलबिहीन प्रजातान्त्रिक व्यवस्था हो । संसारको कुनै पनि ठाउँमा प्रचलित प्रजातान्त्रिक पद्धतिको सरकारमा जनताका निर्वाचित प्रतिनिधिहरूलाई आपना मनमा लागेका कुरा बोल्ने तथा कुनै पनि विषयको पक्ष वा विपक्षमा मत दिने अधिकारको व्यवस्था हुन्छ । हाम्रो पञ्चायत व्यवस्थामा पनि यस्तै व्यवस्था छ । हाम्रो व्यवस्था अन्य व्यवस्थाभन्दा के कुरामा फरक छ भने हाम्रा निर्वाचित प्रतिनिधिहरू कुनै पनि विषयको गुण र दोषलाई केलाएर हेर्दछन् र आफ्ना इच्छानुसार त्यसमा मत प्रदान गर्दछन् । हाम्रो व्यवस्थामा उनै सदस्यहरूले एउटा विषयमा परस्पर मिलेर तथा अर्को विषयमा परस्पर बाझिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि मतदान गर्न सक्छन् । हाम्रो दलबिहीन व्यवस्थामा सदस्यहरूको मतदान प्रत्येक विषयको गुण वा दोष अनुसार निर्धारित हुन्छ ।

प्रश्नः– नेपालको राजनैतिक व्यवस्था कस्तो प्रकारको छ ? राजा र व्यवस्थापिका बीचका सम्बन्धहरूमा सरकारबाट प्रकाश पारिबक्सन्छ कि ?

उत्तरः– संक्षिप्तमा पञ्चायत व्यवस्थाको संरचना गाउँ वा नगर पञ्चायत, जिल्ला पञ्चायत तथा राष्ट्रिय पञ्चायत यी तीन तहहरूमा आधारित छ । राष्ट्रिय पञ्चायत १४० जना सदस्यहरू भएको एक सदनात्मक व्यवस्थापिका हो । ती मध्ये ११२ जना सदस्यहरू वालिग मताधिकारको आधारमा मुलुकका ७५ जिल्लाहरूबाट निर्वाचित भएका हुन्छन् । बाँकी २८ जना सदस्यहरू वालिग मताधिकारमा आधारित निर्वाचन क्रममा कम प्रतिनिधित्व हुने महिला, बुद्धिजीवी र अल्पसंख्यक जातिहरू जस्ता वर्गहरूको प्रतिनिधित्व हुने गरी राजाबाट मनोनीत भएका हुन्छन् । राष्ट्रिय पञ्चायत (राष्ट्रिय व्यवस्थापिका) को नयां कानूनी प्रावधानहरूको निर्माण गर्ने उत्तरदायित्व हुन्छ । यसले मुलुकको अनुमानित वार्षिक आय–व्यय विवरण स्वीकृत गर्न, महालेखा परीक्षकको प्रतिवेदन उपर छलफल गर्ने तथा सरकारका कामकारवाहीहरूको जांच गर्ने कार्यहरू पनि गर्दछ । राष्ट्रिय पञ्चायतको सिफारिशमा राष्ट्रिय पञ्चायतकै सदस्यहरू मध्येबाट प्रधानमन्त्री, राष्ट्रिय पञ्चायतका अध्यक्ष एवं उपाध्यक्षहरू राजाबाट नियुक्त हुन्छन् । यसकै सदस्यहरू मध्येबाट प्रधानमन्त्रीको सिफारिशमा राजाबाट मन्त्रिपरिषदको गठन हुन्छ । राजाबाट नै राष्ट्रिय पञ्चायतका समस्त अधिवेशनहरू बोलाइन्छन् तथा स्थगित गरिन्छन् ।

प्रश्नः– चीन र भारत जस्ता आफ्ना महान् छिमेकीहरूप्रति नेपालको वास्तविक राजनैतिक स्थिति कस्तो छ ? कुन पक्षपट्टि नेपालको बढ्ता झुकाव रहेको छ ?

उत्तरः– आफ्नो भू–राजनैतिक अवस्था तथा सामाजिक र साँस्कृतिक अन्तर क्रियाका अनिवार्यताद्वारा आफ्ना नजिकका दुई छिमेकी भारत र चीनसित नेपालको उत्तिकै घनिष्ठ र स्नेहपूर्ण सम्बन्ध रहेको छ । हाम्रा दुवै छिमेकीहरूसित शान्ति, मित्रता तथा सहयोगका सम्बन्धहरू स्थापना गर्ने हाम्रो नीतिलाई असंलग्न आन्दोलनप्रतिको हाम्रो बचनबद्धताले मार्गदर्शन गरेको छ । एउटा छिमेकीसितको नेपालको सम्बन्ध अर्को छिमेकीसितको नेपालको सम्बन्धबाट स्वतन्त्र छ ।

प्रश्नः– सञ्चार, शिक्षा, धर्म तथा स्वास्थ्य जस्ता कुराहरूमा नेपालको अवस्थाबारे सरकारबाट निगाहपूर्वक केही हुकुम हुन्छ कि ?

उत्तरः– सञ्चारको क्षेत्रमा सन् १९७१ मा राष्ट्रिय सञ्चार सेवा योजनाको प्रारम्भ र कार्यान्वयन भएदेखि नेपालको सञ्चार क्षेत्र निकै विस्तृत र गतिमान हुँदै गएको छ । काठमाडौंमा सगरमाथा भू–उपग्रह केन्द्र स्थापना भएपछि नेपालको अन्तराष्ट्रिय सञ्चारमा एक नयाँ युग को थालनी भएको छ । निकट भविष्यमा प्रारम्भ गरिने डिजिटल टेलिफोन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रणालीबाट मुलुकमा विद्यमान टेलिफोन सेवामा सुधार आउने आशा गरिएको छ । मुलुकको कुना–कन्दराका दुर्गम जिल्लाहरूमा विश्वसनीय संचार सेवा उपलब्ध गराउनको लागि ग्रामीण दूर संचार सेवा स्थापना गर्ने तथा शिक्षा सूचना र मनोरञ्जन प्रदान गर्ने उद्देश्यले टेलिभिजन केन्द्र स्थापना गर्ने बिचार पनि भइरहेको छ । मुलुकको सर्वोपरि विकास क्रममा रेडियो नेपाल, शाही नेपाल चल चित्र संस्थान तथा प्रेस सबैले योगदान गरिरहेका छन् ।

शिक्षाको क्षेत्रमा बिगत तीन दशकको अवधिमा हामीले केही प्रगति गरेका छौं । साँच्चै भन्ने हो भने सन १९५० को दशकमा मात्रै नेपालमा जनप्रिय आधार र स्तरमा शिक्षाको थालनी भएको हो । मुलुकभरि विद्यालय र महाविद्यालयहरू खोलिएका छन् । हामीले शिक्षालाई मुलुकको आवश्यकता अनुरूपको तुल्याउने उद्देश्यले सन् १९७१ मा राष्ट्रिय शिक्षा प्रणाली योजना लागू गर्‍यौं । पांच कक्षासम्मको प्रारम्भिक शिक्षालाई निःशुल्क पारिएको छ र एक कक्षादेखि तीन कक्षासम्मका सारा बालबालिकाहरूलाई बिना मूल्य पाठ्यपुस्तकहरू वितरण गरिएका छन् । पढनयोग्य उमेरका पचहत्तर प्रतिशतभन्दा बढी बालबालिकाहरू अहिले विद्यालयमा पढ्दै छन् । इन्जिनीयरिङ, चिकित्सा शास्त्र, कृषि विज्ञान, वन विज्ञान तथा अन्य यस्तै क्षेत्रहरूमा मुलुकलाई आवश्यक पर्ने जनशक्तिको खाँचो पूरा गर्ने उद्देश्यले माध्यमिक विद्यालय र प्राथमिक विद्यालय दुवै स्तरमा प्राविधिक एवं व्यावसायिक शिक्षामा जोड दिइएको छ । विज्ञान शिक्षालाई सुदृढ पारिंदैछ । विज्ञान शिक्षण र पठन पाठनको स्तरलाई उकास्नको लागि एक आयोजना लागू गरिएको छ । प्रारम्भिक शिक्षामा गुणात्मक सुधार ल्याउनको लागि अर्को आयोजना पनि संचालन भएको छ । प्रचलित शिक्षण प्रणालीको स्तरमा सुधार ल्याउनु नै हाम्रो वर्तमान कार्य रहेको छ । यस दिशामा हामीले अझै धेरै कुरा गर्न बांकी नै छ भन्ने हामीलाई लाग्दछ । नेपाली शिक्षा पद्धतिलाई राष्ट्रिय रूपमा उपयुक्त र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धात्मक तुल्याउनको लागि मेरो सरकारले कदम उठाइसकेको छ र अन्य कदमहरू पनि चाल्दै जानेछ । नेपाल आजको विश्वमा एक मात्र हिन्दू अधिराज्य हो । हिन्दू धर्म केवल धर्ममात्र नभई जीवन पद्धति पनि हो । अर्थात यो धर्म सबैलाई स्वीकार गर्न सक्ने तथा सबैलाई आफूमा समेट्न सक्ने धर्म हो । हरेक धर्म आफूमा स्वतः महान् छ भन्ने तथ्यलाई हृदयंगम गरेर यहाँ कसैलाई पनि अरूको धर्म परिवर्तन गर्न दिइदैंन ।

अधिकांश विकासोन्मुख मुलुकहरूमा झैं स्वास्थ्यको क्षेत्रमा नेपालमा पनि बढ्दो जन्म तथा मृत्युदर, शिशु मृत्यु दर र अल्पायु जस्ता समस्याहरू मौजूद छन । यस सन्दर्भमा प्राथमिक तहको स्वास्थ्य सेवा नै मुलुकमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि मूल उपाय हुनेछ भन्ने हामीलाई लाग्छ । ग्रामीण क्षेत्रका जनतालाई प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्नको लागि ग्राम तथा वडा स्तरमा एक संगठित सामुदायिक प्राथमिक स्वास्थ्य सेवा कार्यक्रम लागू हुँदैछ । यस काममा छ हजार जति वडा स्तरीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयं सेवक स्वास्थ्य कार्यकर्ताहरू कार्यरत हुनेछन् । सन् १९८५ सम्ममा पचहत्तर जिल्लाहरू मध्ये प्रत्येक जिल्लामा कम्तिमा पनि १५ शैय्याको एउटा अस्पताल बन्नेछ र ग्रामीण क्षेत्रको सय वर्ग किलोमिटर भन्दा कम क्षेत्रभित्र बसोबाँस गर्ने करीब दशहजार जनताको निमित्त एउटा स्वास्थ्य केन्द्र खुल्नेछ । स्वास्थ्य केन्द्रलाई प्राथमिक स्वास्थ्य सेवाका आधारभूत कार्यगत सम्बन्धको तथा आधारभूत स्तरको मान्यता प्रदान गरिएको छ । जन्मदर घटाउन तथा प्रारम्भिक स्वास्थ्य सेवा प्रदान गर्नको लागि छैठौं योजना अवधिमा (१९८०–१९८५) एकीकृत ग्रामीण स्वास्थ्य तथा परिवार नियोजन सेवाको बिस्तार गरिने छ । नेपालका पचहत्तर जिल्लाहरूमध्ये अठ्चालिस जिल्लाहरूमा थप दुई सय स्वास्थ्य केन्द्रहरूलाई यस एकीकृत कार्यक्रम अन्तर्गत समावेश गरिनेछ । अस्पताल तथा स्वास्थ्य केन्द्रका अतिरिक्त औंलो उन्मूलन, क्षयरोग एवं कुष्ठरोग नियन्त्रण तथा उपचार र परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना जस्ता दीर्घकालीन स्वास्थ्य आयोजनाहरू पनि संचालित छन् । मेरो सरकारले [मितव्ययिता [तथा कार्य क्षमताका कारणहरूबाट सबै दीर्घकालीन आयोजनाहरूलाई साधारण स्वास्थ्य सेवा संरचनाभित्र एकीकृत गर्दैछ । परम्परागत जडीबूटीबाट गरिने आयुर्वेदीय चिकित्सा पद्धतिलाई पनि पाश्चात्य चिकित्सा पद्धतिको पूरकको रूपमा क्रमशः अन्य स्वास्थ्य सेवाहरूमा एकीकृत गरिने छ ।

प्रश्नः– स्वतन्त्र रहिआएको साथै वर्तमान प्रजातान्त्रिक यस नेपाल अधिराज्यमा राणावंशको अधिनायकत्वदेखि अहिलेसम्ममा आधुनिक पुनर्निर्माण कहिले शुरू भएको हो ?

उत्तरः– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट दुईसय वर्षअघि नेपालको एकीकरण भएको भए तापनि सन् १९६० मा पञ्चायत व्यवस्थाको उदय भएदेखि यतामात्र नेपालको वास्तविक पुनर्निर्माण शुरू भएको हो । राणाकालको समाप्ति पछिको दशक (सन १९५१ पछिको दशक) विभिन्न किसिमका सरकारहरूको प्रयोगको दशक थियो । त्यस अवधिमा अधिराज्यभरि राजनैतिक अशान्ति छाएको थियो । एक दशक सम्मको प्रयोगबाट दलीय सरकारहरू र संसदीय पद्धति नेपाली परम्परामा विलकूल अनुपयुक्त साबित हुन गए । नेपालमा पञ्चायत व्यवस्था लागू भएपछि देशमा विकासको एक नौलो युगको श्रीगणेश भयो । सन् १९६२ मा पन्चायत व्यवस्था प्रारम्भ भएदेखि यो व्यवस्था जनतामा सामाजिक तथा राजनैतिक चेतना जगाउन र देशमा राजनैतिक स्थिरता कायम गर्न सहायक सिद्ध भएको छ । मुलुकको सर्वोपरि विकास कार्यमा आम जनताको सहभागिता पञ्चायत व्यवस्थाको सबै तहमा सदा बिस्तार हुँदै गइरहेका विशेषताहरूमध्ये एउटा हो । निश्चय पनि हाम्रो जस्तो पर्वतीय प्रदेशमा यो कार्य औधी कठिन कार्य हो किनभने खास गरेर अरूहरूले एक शताब्दी अघिनै यी विभिन्न क्षेत्रहरूमा कार्य शुरू गरिसकेका थिए भने हामीले केही नभएको शून्य स्थितिबाट यसलाई शुरू गर्नु परेको छ ।

प्रश्नः– एक्काईसौं शताब्दीमा पुग्दा पूर्वीय तथा एशियाली र पाश्चात्य मुलुकहरूसितको नेपालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्बन्धको भविष्य कस्तो हुनेछ भन्ने सरकार सोचिबक्सन्छ ?

उत्तरः– बढ्दै गइरहेको शस्त्रास्त्रको होडबाजी, अतिमहाशक्ति राष्ट्रहरूबीच बढ्दै गइरहेको तनाव तथा सम्पन्न र विपन्न राष्ट्रहरू बीच बढ्दै गइरहेको असमानता जस्ता विद्यमान प्रवृत्तिलाई सावधानीपूर्वक विश्लेषण गर्ने हो भने एक्काईसौं शताब्दी खास गरेर हामी जस्ता साना, भूपरिवेष्ठित तथा विकासोन्मुख मुलुकहरूको लागि चुनौतीपूर्ण हुनेछ भनेर ठान्न सकिन्छ। यस्तो अवस्थामा समस्त राष्ट्रहरू बीच घनिष्ठ सहयोग र समझदारीको खाँचो पर्दछ। मेरो मुलुकले सबै मुलुकहरूबीच सहयोग र समझदारी कायम गराउन प्रयत्न गर्नेछ तथा हाम्रो असंलग्न परराष्ट्र नीतिको परिधिभित्र रहेर पूर्व तथा पश्चिमका मुलुकहरूसितको विद्यमान घनिष्ठ सम्बन्धहरूलाई सुदृढ तुल्याउने छ।

प्रश्नः– नेपालका हिन्दू र बौद्ध दुई धर्महरूबारे निगाहपूर्वक सरकारबाट केही हुकुम हुन्छ कि ? धार्मिक कलहविना यी दुई धर्महरूबीच शताब्दियौंदेखि शान्तिपूर्ण सह–अस्तित्व कसरी क़ायम हुन सकेको हो ?

उत्तरः– हिन्दू धर्म ज्यादै व्यापक धर्म हो र यसले अन्य धर्ममा भएका असल कुराहरूको सम्मान गर्दछ। वास्तवमा सम्पूर्ण ब्रह्माण्ड नै आत्मा अर्थात् ईश्वरको बिस्तार हो भन्ने कुरामा हिन्दू धर्म विश्वास गर्दछ। यस धर्मले शान्ति र प्रेम नै सारा जीवात्माहरूलाई एक सूत्रमा बाँध्ने उपाय हो भन्ने शिक्षा सदा दिन्छ। हिन्दू तथा बौद्ध दुवै धर्महरूले वास्तविक जीवनमा यी आदर्शहरू पालना गर्न अभिप्रेरित गर्दछन्। बुद्ध जन्मेको देश नेपालमा बौद्ध धर्मलाई हिन्दू धर्मकै एक शाखाको रूपमा लिइन्छ। हाम्रो नेपालमा हिन्दू तथा बौद्धमार्गीहरू दुवै एक अर्काका मन्दिरमा जान्छन् र यसरी व्यवहारमा तिनीहरूबीचको भिन्नता यति नगण्य छ कि साधारण व्यक्तिलाई एक थरीबाट अर्को थरीलाई छुट्याउन निकै गाहारो पर्दछ। नेपालभर जहाँ गए पनि यी दुईको सम्मिश्रण पाइन्छ र नेपालका कलाकृति तथा वास्तुकलामा समेत यसको गहिरो छाप परेको स्पष्ट छ। यसै अनुरूप नेपालले शान्ति र मित्रताको पक्ष लिंदै युद्ध तथा बिग्रहको संधै विरोध गर्दै आएको छ। मानव जातिको अविभाज्यतामा हामी विश्वास गर्दछौं। हामी आफू पनि शान्तिपूर्वक बाँच्न चाहन्छौं र अरूलाई पनि शान्तिपूर्वक बांच्न दिनु पर्छ भन्ने धारणामा अटल छौं। तसर्थ नेपाललाई शान्तिक्षेत्रको मान्यता प्रदान गरियोस् भनेर अन्य मुलुकहरूलाई मैले आह्वान गरेको हुँ।

प्रश्नः– वर्षौंअघि युरोप पश्चिमेलीहरूले नेपाललाई लागू पदार्थको निमित्त स्वर्ग सम्झन्थे। के त्यो सत्य थियो ? के यो आजसम्म पनि सत्य छ ?

उत्तरः– नेपालमा विदेशी पर्यटकहरूको आगमन हुनु अघिसम्म कुनै पनि नेपालीलाई लागू पदार्थबारे केही थाहा थिएन र तिनको प्रयोग पनि गर्दैनथें, तर पछि विदेशीहरूले यरता पदार्थहरू ल्याउन थालेपछि मेरो सरकारले मादक पदार्थ नियन्त्रण ऐन, १९७६ लागू गरेर निवारक कदमहरू चाल्यो। यस ऐन अन्तर्गत सबै किसिमका लागू पदार्थहरूको उत्पादन, संग्रह, वितरण र आयात माथि प्रतिबन्ध लागेको छ। तर खुला सीमा तथा पर्यटकहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवेशले गर्दा केही विदेशी नागरिकहरू मादक पदार्थको लुकीछिपी व्यापारमा संलग्न रहेको पाइएको छ। स्वभावतया यस्ता व्यक्तिहरूमाथि मुद्दा चलाइन्छ र जरूरत मुताबिक अधिकार प्राप्त अदालतहरूद्वारा दण्ड पनि दिइन्छ। नेपालमा वाह्य जगतबाट गैर कानूनी रूपमा भित्रिने लागू पदार्थहरू हाम्रो समाजको लागि एक गम्भीर हाँक हुन सक्नेछ। हाम्रा स्थानीय ऐजेन्सीहरूको माध्यमबाट र अन्तर्राष्ट्रिय सहयोगबाट समेत पनि यस हाँकबारे पूर्वाभास लिनु हाम्रो चिन्ताको विषय भएको छ। हामीलाई विश्वास छ इन्टरपोलले यसमा महत्वपूर्ण भूमिका खेल्नु पर्दछ र मेरो सरकार नशालु पदार्थहरूको लुकीछिपी व्यापारलाई निर्मूल पार्नमा अन्तर्राष्ट्रिय सहयोगको अपेक्षा गर्दछ।

गोरखापत्रमा प्रकाशित भाद्र २३, २०४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्ति क्षेत्र प्रस्ताव संपूर्ण विश्वकै लागि उपयोगी हुने

श्री ५ महाराजाधिराज सरकारबाट पब्लिक ब्रोडकाष्टिङ्ग सिस्टम (पी. बी. एस.) को टेलिभिजन समाचार कार्यक्रम म्याकनिल लेहरर रिपोर्टलाई बक्सेको भेटवार्तामा नेपाललाई शान्तिक्षेत्र घोषित गर्ने प्रस्तावको पृष्ठभूमिबारे व्याख्या गरिबक्स्यो। भेटवार्ता उत्तीखेरै टेलिभिजनमा देखाइएको थियो। सो अवसरमा मौसूफबाट संयुक्त राज्य अमेरिकाले सो प्रस्तावको समर्थन गर्ने आशा व्यक्त गरिबक्सिदै प्रस्तावले मूलतः नेपाली जनतालाई 'देश विकासको लागि बढी समय र साधन दिन चाहेको' कुरा उल्लेख गरिबक्स्यो। नेपालको प्रस्ताव र स्वीटजरल्याण्डको तटस्थता बीच समानता नभएको कुरामा दृढता व्यक्त गरिबक्सिदै श्री ५ महाराजाधिराज सरकारबाट यो एउटा यस्तो प्रस्ताव हो जसका लागि समर्थन जुटाउन हामीले आफ्ना मित्र देशहरूसंग द्विपक्षीय स्तरमा वार्ता गर्ने गरेका छौं हुकुम भयो।

हामी विश्वको जुन भागमा छौं त्यहाँ शान्ति स्थापनाको लागि योगदान हुन सक्यो भने त्यस क्षेत्र र सम्पूर्ण विश्वकै लागि उपयोगी हुनेछ भन्ने धारणाले अभिप्रेरित भएर शान्तिक्षेत्र प्रस्ताव ल्याइएको हो भनी श्री ५ महाराजाधिराज सरकारबाट स्पष्ट गरिबक्स्यो। नेपाल कुनै प्रकारको खतरामा छ कि भन्ने अन्तर्वार्ताकारको भनाईमा स्पष्ट शब्दमा खण्डन गरिबक्सिदै मौसूफबाट शान्तिक्षेत्र प्रस्ताव मूलतः मुलुकको विकासमा बढी श्रम र साधन लागोस् भन्ने भावनाबाट विकसित भएको कुरामा जोड दिइबक्स्यो।

श्री ५ महाराजाधिराज सरकारबाट नेपाललाई कुन किसिमको मार्गदर्शन बक्सेको छ र यसका लक्ष्य के हुन् भनी अन्तर्वार्ताकारले सोध्नु भएको प्रश्नको उत्तरमा मौसूफबाट आजको संसारका प्रत्येक मुलुकले इच्छा गरे जस्तै हामीले पनि न्यूनतम आवश्यकताको परिपूर्तिलाई मूलभूत उद्देश्य गराएका छौं भन्ने बिचार प्रकट गरिबक्स्यो। यसै सन्दर्भमा मौसूफबाट २००७ साल पछि विश्व सम्पर्कमा आएको ३० वर्ष जतिमा त्यति धेरै उपलब्धि हासिल हुन नसके तापनि यस अवधि बीच हामी विकास र विकासका लागि आवश्यक पर्ने संस्थाहरूको निर्माणमा दत्तचित्त हुन भने समर्थ भएका छौं भनी उद्गार पोखिबक्स्यो। नेपालले कस्तो प्रकारको विकास चाहेको छ भनी सोधनी गर्दा श्री ५ महाराजाधिराज सरकारबाट सडक जस्ता पूर्वाधारहरूको विकासमा जोड दिइबक्सनुका साथै जलस्रोतको परिचालनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उल्लेख गरिबक्स्यो । जलस्रोत "नयां क्षेत्र" हो र यसले दक्षिण एशिया कै लागि पनि योगदान गर्न सक्ने मौसूफबाट हुकुम भयो ।

नेपालमा केही उद्योग धन्दा संचालन भैरहेको चर्चा गरिबक्सिदै श्री ५ महाराजाधिराज सरकारबाट हामी अझै धेरै उद्योग व्यवसाय देख्न चाहन्छौं भनी हुकुम भयो । श्री ५ को सरकारले उद्योग व्यवसायीहरू नेपाल आउन् र उद्योग धन्दाको विकास गरून् भनेर "साह्रै उदार" नीति अपनाएको छ हुकुम हुँदै मौसूफबाट तर हाम्रो प्राथमिकता आधारभूत उद्योगहरूमा छ भनी प्रष्ट पारिबक्सियो । 'म्याकनिल लेहरर रिपोर्ट' एउटा ख्यातिप्राप्त टेलिभिजन कार्यक्रम हो र यो धेरैले टेलिभिजन हेर्ने समयमा प्रसार गरिन्छ । बुद्धिजीवी वर्गमा लोकप्रिय यस कार्यक्रमलाई हेर्ने दर्शकको संख्या चार करोड भएको अनुमान गरिन्छ । यसै बीच अर्को टेलिभिजन प्रसारण संस्था ए. बी. सी. ले वाशिंगटनमा तयार पारिएको शाही भ्रमण सम्बन्धी कार्यक्रम प्रसार गरेको छ । यो कार्यक्रममा राजदम्पती एण्ड्रयु एयरफोर्स विमानस्थलमा आइपुगिबक्सिंदाका दृष्यहरू पनि समावेश थिए ।

गोरखापत्रमा प्रकाशित मंसीर २२, २०४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा राजसंस्थाले एकताको भूमिका खेलेको छ

श्री ५ महाराजाधिराज सरकारबाट कोलम्बिया ब्रोडकाष्टिङ्ग सर्भिसको बिहानको समाचार प्रसारणमा दशौं लाख अमेरिकी दर्शकहरूलाई सम्बोधन गरिबक्सदै नेपालमा राज संस्थाले एकताको भूमिका खेलेको छ हुकुम भयो। यस प्रकारको भूमिका खेल्न निर्वाचित राष्ट्रपतिलाई पनि अप्ठेरो हुने तथ्य मौसूफबाट इङ्गित गरिबक्सियो। मौसूफबाट कोलम्बिया ब्रोडकाष्टिङ्ग सेवाका अन्तर्वार्ताकार जर्ज हर्मीन क्वेरिङको 'राज संस्था कहिं अराजकताको कुनै अर्थ त होइन' भन्ने प्रश्नको जवाफमा उक्त उद्गार व्यक्त गरिबक्सदै हुकुम भयो– प्रत्येक समाजको लागि एकता बनाउने कार्यको आवश्यकता हुन्छ र हाम्रो देशको संस्कृति परम्परा तथा यथार्थताको कारणले गर्दा राज संस्थले नेपालमा उक्त भूमिका खेल्दछ। उक्त अन्तर्वार्ताको अवसरमा श्री ५ महाराजाधिराज सरकारबाट नेपालको शान्ति क्षेत्र प्रस्तावमा अमेरिकाको समर्थनप्रति हर्ष व्यक्त गरिबक्सदै हुकुम भयो– हामीलाई अतीव हर्ष लागेको छ र शान्ति क्षेत्रको प्रस्तावको समर्थनका लागि हामी राष्ट्रपति रेगन, अमेरिकी सरकार तथा जनतामा धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

अन्तर्वार्ताकारका अनुसार सो अवसरमा श्री ५ महाराजाधिराज सरकारबाट कार्यालय समयको दैनिक कार्यमा मौसूफ तथा सम्भव व्यस्त रहि बक्सने कुराको जानकारी बक्सेको थियो। उक्त अन्तर्वार्तामा श्री ५ बडामहारानी सरकारको उपस्थिति थियो र अन्तर्वार्ताकारले मौसूफमा पनि श्री ५ महाराजाधिराज सरकारबाट दैनिक कार्य यथा समयमा सम्पादन गरिबक्सन भ्याइबक्सिन्छ कि भनी गर्नु भएको प्रश्नको उत्तरमा श्री ५ बडामहारानी सरकारबाट मधुर मुस्कान सहित 'यदाकदा सकिबक्सिन्छ' हुकुम भएको थियो। कोलम्बिया ब्रोडकाष्टिङ्ग सेवाको उक्त बिहानको प्रसारणमा नेपालका विभिन्न दृश्यहरू लगायत श्री ५ महाराजाधिराज सरकारको शुभराज्याभिषेकका दृश्यहरू सहित नेपालको परिचय पनि दिइएको थियो। दृश्य सहितको उक्त परिचयमा अन्य कुराहरूका साथ नेपालको असीमित जलस्रोत शक्ति यसको साँग्रीला सदृश्य एकान्तपना र यसको रहस्य तथा नेपालको शान्ति क्षेत्रको प्रस्ताव प्रति बढ्दो अन्तर्राष्ट्रिय समर्थन प्रति विशेष जोड दिइएको थियो। उक्त ब्रोडकाष्टिङ्ग सेवाका अन्तर्वार्ताकारले श्री ५ महाराजाधिराज सरकारको बेलायत तथा अमेरिकामा भएको शिक्षा-दीक्षालाई विशेष महत्त्व दिई दर्शाउनुको साथै नेपाललाई 'एक पाइला नयां विश्वमा र अर्को पाइला पुरानो विश्वमा' राख्नेको रूपमा परिचय दिंदै मौसूफ सरकार काठमाडौंमा या वाशिंगटनमा जहाँ होइबक्से

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि त्यति कै सहज होइबक्सेको उल्लेख गरेका छन् ।

यसै बीच वाशिंगटन पोष्टको आजको अंकमा श्री ५ महाराजाधिराज सरकारबाट हिजो उक्त पत्रिकाको सम्पादकीय मण्डललाई बक्सेको दर्शन भेट सम्बन्धी पत्रकार स्टुअर्ट औरबाखको 'नेपालका श्री ५ महाराजाधिराजबाट जलस्रोतका योजनाहरूमा अमेरिकी सहयोगको आह्वान' शीर्षकमा समाचार छापिएको छ । समाचारमा मौसूफ सरकारबाट देशको महत्वपूर्ण जलस्रोत आयोजनाहरूको विकासमा अमेरिकाले सहयोग गर्ने आशा राखिबक्सेको कुरा पनि उल्लेख गरेको छ । साथै मौसूफ सरकारबाट नेपालको जलस्रोतको विकासमा विश्व बैंकको कोषबाट सहयोग दिलाउन राष्ट्रपति रोनाल्ड रेगनसित छलफल गरिबक्सेको कुरा पनि समाचारमा उल्लेख भएको छ । श्री औरबाखको समाचारमा जलस्रोत योजनाको प्राविधिक सम्भाव्यता अध्ययनमा सहयोग गर्न अमेरिका तत्पर रहेको बताउँदै कर्णाली बाँध विकासको अध्ययन कार्यमा अमेरिकाले तत्काल तीन करोड डलरको सहयोग गर्ने भएको पनि जनाइएको छ ।

वाशिंगटन पोष्टको समाचार अनुसार श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भएको छ, हामी विश्वमा विवाद उत्पन्न गर्ने जस्ता विषयहरू सुल्झाउने क्षेत्रमा बढी सहयोग गर्न इच्छुक छौं । अन्तर्राष्ट्रिय शान्तिमा प्रभाव पार्ने खालका प्रश्नहरूको गुणस्तर हेरी त्यसमाथि निर्णय लिन सक्ने स्थितिमा पुग्न हामीलाई त्यस्तै विषयहरूमा संलग्न् हुनु परेको छ । श्री ५ महाराजाधिराज सरकारबाट असंलग्न अभियानको प्रमुख हाँक वास्तवमा बढी सहिष्णु मध्यमार्गी देशहरूलाई दुई पक्षका उत्तेजनात्मक हुँकारमाथि प्रभाव जमाउन सक्ने बनाउनु भएको छ हुकुम भएको कुरा पनि वाशिङ्गटन पोष्टको समाचारमा जनाइएको छ । मौसूफबाट आन्तरिक मामिलाको सम्बन्धमा कसको नक्कल नगरी देशमा संस्कृतिसित मेल खाने खालका प्रजातान्त्रिक संस्थाहरू स्थापना गर्नु पर्ने हाँक आएको उक्त पत्रिकाका सम्पादक मण्डललाई हुकुम भएको कुरा पनि समाचारमा जनाइएको छ ।

गोरखापत्रमा प्रकाशित मंसीर २४, २०४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलस्रोत विकासमा सकारात्मक अमेरिकी दृष्टिकोणप्रति खुशी व्यक्त

श्री ५ महाराजाधिराज सरकारबाट नेपालको जलस्रोत विकासमा अमेरिकी सहयोग प्राप्त गर्ने बारे संयुक्त राज्य अमेरिकाको सरकारसंग भएको वार्ता प्रति खुशी व्यक्त गरिबक्सिएको छ। मौसूफ सरकारबाट हिजो वाशिंगटन डी. सी. मा नेशनल प्रेस क्लबमा भाषण बक्सेपछि नेपालको जल विद्युत् समस्यामा सघाउन बित्तीय सहायताका लागि संयुक्त राज्य अमेरिकाबाट के आश्वासन प्राप्त गरिबक्सियो भनी सोधिएको प्रश्नको उत्तरमा सो कुरा हुकुम भएको हो ।

एक प्रश्नको उत्तरमा मौसूफ सरकारबाट जलविद्युत क्षेत्रमा हामीले अमेरिकी सरकारसंग वार्ता गरेका छौं जस प्रति सकारात्मक अमेरिकी दृष्टिकोण पाउँदा हामीलाई खुशी लागेको छ हुकुम भयो । श्री ५ बाट जल विद्युत् यस्तो क्षेत्र हो जसमा थुप्रै स्रोतको आवश्यकता पर्छ र यस काम द्विपक्षीय आधारमा मात्र गर्न सकिदैन विद्यमान विश्व संस्थाहरूबाट मद्दत लिनु पर्छ भन्ने बिचार व्यक्त गरिबक्सियो । भारत र पाकिस्तानसंग नेपालको निकट सम्बन्धको लेखाजोखा गर्न बिन्ती चढाउँदा श्री ५ बाट पत्रकारहरूलाई भारत र पाकिस्तान दुवैसंग नेपालको सम्बन्ध राम्रो रहेको छ हुकुम हुँदै वास्तवमा हामी पछि आर्थिक क्षेत्रमा पनि बिस्तार गर्न समर्थ हुने आशामा छौं किनभने हामी दक्षिण एशियाई क्षेत्रीय सहयोग प्रयासमा सहभागी बन्ने प्रयास गरिरहेका छौं भन्ने जानकारी दिइबक्सियो ।

नेपालमा भूक्षय रोकन र प्राकृतिक श्रोत बचाउने प्रयासमा अमेरिकी संरक्षण संगठन सहयोगी हुने छ कि भनी गरिएको प्रश्नको उत्तरमा श्री ५ बाट सहयोगी हुन सकिन्छ किन भने यस कामका लागि बित्तीय तथा जनशक्ति संलग्नता आवश्यक छ भन्ने बिचार व्यक्त गरिबक्सियो । पर्यावरणको क्षेत्रमा जब हामी यस्तो कुरा गर्छौं यसको अर्थ हुन्छ कि यस क्षेत्रमा विकासोन्मुख मुलुकहरूले मात्र एक्लै केहीं गर्न स्थिति छैन भन्ने कुरा श्री ५ बाट औंल्याइबक्सियो । संयुक्त राज्य अमेरिकाको जल सेना हिन्द महासागर र दिएगो गार्सियामा रहेको कुरालाई श्री ५ बाट समर्थन गरिबक्सन्छ भन्ने एक अर्को प्रश्नको उत्तरमा श्री ५ बाट हुकुम भयो— कुनै पनि ठाउँमा सैनिकको उपस्थितिले तनाव उत्पन्न गर्ने कुरा हामी ठान्छौं र हामीले हिन्द महासागरलाई शान्तिक्षेत्रको रूपमा स्वीकारेका छौं ।

त्यसैले जुन चीजले तनाव पैदा गर्छ त्यसले सम्बद्ध क्षेत्र र सम्पूर्ण विश्वलाई नै लाभ गर्दैन भन्ने हाम्रो बिचार छ यसकारण हाम्रो प्रयास तनाव खतम गर्ने तिर हुनेछ भन्ने कुरा श्री ५ बाट हुकुम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो । नेपालमा पर्यटन प्रवर्द्धन गर्ने के योजना छ भन्ने प्रश्नको उत्तर श्री ५ बाट आर्थिक दृष्टिकोणले नेपालमा पर्यटन राजस्व आर्जन गर्ने क्षेत्र हो यसैले स्वाभाविक रूपमा हामी पर्यटन प्रवर्द्धन गर्न हरेक सम्भव प्रयास रहने छौं हुकुम भयो । यस प्रसंगमा श्री ५ बाट नेपाल आउने र भ्रमण गर्ने पर्यटकको बढ्दो संख्याको मांग पूर्ति गर्न पर्यटन मन्त्रालयले योजना बनाएको छ भन्ने जानकारी अमेरिकी पत्रकार-हरूलाई दिईबक्संदै यदि तपाई मध्ये कोही पर्यटकको रूपमा नेपाल आउनु भए स्वागत छ हुकुम भयो । नेपालमा महिलाहरूलाई दोश्राश्रेणीको स्थान मिल्छ भनिन्छ,यस प्राचीन पूर्वाग्रहलाई निराकरण गर्न के गरिंदैछ भनी गरिएको प्रश्नको उत्तरमा श्री ५ बाट– कानूनी रूपमा र संविधानतः नेपाली महिलाहरूको समान अधिकार भएको कुरा हुकुम भयो । महिलाहरूको स्थिति बारे नेपालमा मात्र होइन विश्वका अरू देशकाहरू धेरै भागमा यस्तो प्रश्न गर्न सकिन्छ भन्ने बिचार व्यक्त गरिबक्संदै श्री ५ बाट सांस्कृतिक तथा सामाजिक दृष्टिमा यस्ता चीजहरू रात भरमा परिवर्तन गर्न सकिंदैन यो समयको कुरा हो र समयमा परिवर्तनहरू हुनेछ हुकुम भयो । शिक्षाबाट यस दिशामा परिवर्तन हुन सक्छ र शिक्षा पनि रात भरमा हुने कुरा होइन भन्ने बिचार श्री ५ बाट हुकुम भयो ।

हिन्द महासागरमा तनाव बढाउने कुनै कुराको पनि विरोध गर्दा मौसूफ सरकारबाट– त्यस क्षेत्रमा भारतीय जल सेनाको वृहत वृद्धि र बिस्तारबाट डर लिइबक्सेको छ कि भनी गरिएको प्रश्न-मा श्री ५ बाट– नेपाल भू–परिवेष्ठित मुलुक भएकोले जल सेना बारे हामी ज्यादा चासो लिदैनौं हुकुम भयो । सानो भएकोले र सही अर्थमा असंलग्न राष्ट्र भएकोले नेपाललाई अन्तर्राष्ट्रिय रङ्गमञ्चमा सक्रिय भूमिका निर्वाह गर्न सम्भव छ भनी सोधिएको प्रश्नको उत्तरमा श्री ५ बाट – हामीले संयुक्त राष्ट्र सङ्घमा असंलग्न अभियानमा सहभागी बन्दै धेरै प्रश्नहरूमा हाम्रो दृष्टिकोण स्पष्ट रूपमा छौं हुकुम भयो । मूलतः हामी जुनसुकै प्रश्नमा त्यसको गुणको आधारमा दृष्टिकोण राख्छौं भन्ने कुरा श्री ५ बाट हुकुम भयो ।

नेपाल जस्तो देश र आफूले जे सही ठानेको छ त्यो भनाई स्पष्ट राख्ने स्थितिबाट शान्तिलाई योगदान गर्ने सक्षम हुनेछ र नेपालले त्यो काम जारी राख्नेछ भन्ने कुरा श्री ५ बाट स्पष्ट पारिबक्सियो ।

गोरखापत्रमा प्रकाशित मंसीर २४, २०४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालमा कृषि क्षेत्रको विकास र उपयोगमा विशेष जोड

श्री ५ महाराजाधिराज सरकारबाट नेपालको शान्ति क्षेत्र प्रस्तावलाई राष्ट्रपति रेगन, अमेरिकी सरकार तथा जनताका तर्फबाट मिलेको समर्थनप्रति प्रसन्नता व्यक्त गरिबक्संदै सन् १९७५ मा प्रस्ताव घोषित भए यता मौसूफबाट यसको समर्थन जुटाउन सबै मित्र राष्ट्रहरूसंग सम्पर्क राखिएको जानकारी बक्सेको छ ।

वाशिंगटनमा भ्वाइस अफ अमेरिकालाई बक्सेको एवं आज बिहान यहाँ ६ बजे टिपिएको रेडियो अन्तर्वार्तामा मौसूफबाट संयुक्त राज्य अमेरिकासंग नेपालको सम्बन्ध स्थिर र शुद्ध भएको उद्गार व्यक्त गरिबक्संदै वर्तमान राजकीय भ्रमणले दुई देशका बीच विद्यमान सुमधुर सम्बन्धलाई ठोस आधार-मा आगामी प्रस्ताव एवं वर्षहरूमा अरू सुदृढ गराउन सहायक हुने विश्वास व्यक्त गरिबक्स्यो । भ्वाइस अफ रेडियोको प्राप्तः रविवार कार्यक्रमका निम्ति रेडियोका तर्फबाट प्याट गेट्सले लिनु भएको विशेष अन्तर्वार्तामा मौसूफ सरकारबाट नेपालको कृषि विकास कार्यक्रम माथि प्रकाश पारिबक्सन चढाइएको एक प्रश्नकोजवाफमा हुकुम भयो– नेपाल मुख्यतया कृषि प्रधान देश भएकोले यस क्षेत्रमा हामीले महत्व दिएका छौं । नेपालको वर्तमान विकास चरण तथा कृषि क्षेत्रको वास्तविकता अनुरूप हामीले सिंचाई उन्नत बीउ बिजन, रासायनिक मल एवं कृषि उत्पादन वृद्धिलाई दोब्बर गराउने आवश्यकता माथि जोड दिएका छौं । मौसूफ सरकारको मुलुकमा जलस्रोत विकास गर्ने विशेष अभिरूचि बारे अन्तर्वार्ताकारले प्रश्न गर्नुहुँदा मौसूफबाट हुकुम भयो– हाम्रा हिमालयहरूमा हिउँले गर्दा पहाडी नदी-नालाहरूमा प्रशस्त पानी बगेको छ र यो पानीलाई जल विद्युत्, सिंचाई, मत्स्य पालन एवं अन्य सम्बन्धित विकास कार्यहरूका निम्ति उपयोग गर्न सकिन्छ ।

नेपालमा अमेरिकी शान्ति सेनाका स्वयं सेवकहरूको कामहरूलाई लिएर चढाइएको प्रश्नमा श्री ५ महाराजाधिराजबाट– यी स्वयं सेवकहरू खास गरेर नगरी क्षेत्र बाहिर खटिएका र आफू खटिएको भेगको विकासमा उनीहरूबाट योगदान भइरहेकोमा सन्तोष व्यक्त गरिबक्स्यो । मौसूफ सरकारबाट हुकुम भयो– उनीहरूबाट सकारात्मक योगदान भइरहेको हामीले महसूस गरेका छौं र मेरो बिचारमा यी स्वयंसेवकहरूले स्थानीय जनताहरूसंग मिलेर आपनो जिम्मा दिइएका क्षेत्रमा योगदान दिइरहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै अमेरिकीहरू नेपालको विश्व प्रसिद्ध सर्वोच्च हिम शिखर सगरमाथा एवं अरू उच्च पहाडहरूले आकर्षित भएर नेपालको भ्रमणमा जाने गरेका हुनाले पर्वतारोहण एवं पैदल पर्यटनका लागि नेपालमा पर्यटकहरू जाने मुख्य कारण हुन् कि पर्यटकहरूका लागि केही अन्य आकर्षण पनि छन् भन्ने एक प्रश्नको उत्तरमा श्री ५ महाराजाधिराजबाट– हिमालको आकर्षण पर्वतारोहण र पैदल पर्यटनका लागि मात्र होइन नेपालको साँस्कृतिक परम्परा एवं नेपाली जनताको जीवनशैली पर्यटकहरूका लागि अरू आकर्षण हुने गरेका यथार्थमा प्रकाश पारिबक्स्यो ।

मौसूफ सरकारबाट केही वर्ष अगाडि मुलुकको पैदल भ्रमण गरिबक्सेको कुरा आफू हालै नेपाल जाँदा थाहा पाएको उल्लेख गर्नु हुँदै रेडियो अन्तर्वार्ताकार प्याट् गेट्सले त्यस भ्रमण बारे केही हुकुम हुन बिन्ति चढाउनु हुँदा श्री ५ महाराजाधिराजबाट प्रत्युत्तर बक्स्यो– नेपालमा पैदल भ्रमणका प्रशस्त अवसर छन् यसैले मैले पनि आफैं पैदल भ्रमणका अवसर उपयोग गरेको छु। यसरी पैदल भ्रमण गर्दा साँच्चिकै फुर्सदी बनेर सर्वसाधारणसंग शान्त तथा संताप रहित वातावरणमा भेटघाट गर्न सकिन्छ।

मौसूफ सरकारबाट अमेरिका भ्रमण कालमा हार्वार्ड सवारी होइबक्सि विद्यार्थी होइ-बक्सिंदाको समयका पुराना मित्रहरूसंग भेटघाट गरिबक्सने र विश्व विद्यालयको प्राध्यापक मण्डलसंग अर्ध औपचारिक रात्रिभोज ज्यूनार गरिबक्सने कार्यक्रम भएको रेडियो अन्तर्वार्तामा उल्लेख गरिबक्स्यो। फूटबल खेलप्रति मौसूफ सरकारको अभिरूचिका सम्बन्धमा प्रश्न गर्दा मौसूफबाट डलासमा फूटबल प्रतियोगिता नजर गरिबक्सने जानकारी बक्स्यो। रेडियो अन्तर्वार्ताको अन्त्यमा मौसूफबाट मौसूफ तथा श्री ५ बडामहारानी सरकारको राष्ट्रपति रेगन, अमेरिकी सरकार र जनताका तर्फबाट भएको हार्दिक आतिथ्यप्रति पनि कृतज्ञता ज्ञापन गरिबक्स्यो ।

गोरखापत्रमा प्रकाशित मंसीर २६, २०४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आम जनताका आधारभूत आवश्यकता पूरा गर्नु हाम्रो दीर्घकालीन लक्ष्य

प्रश्नः– के यस प्रस्तावले नेपालको तटस्थता र स्वतन्त्रतालाई सुनिश्चित पार्ला ?

उत्तरः– यो प्रस्ताव दुई उद्देश्यहरूमा आधारित छ । प्रथमतः यस क्षेत्रलाई सम्भाव्य तनावहरू-बाट मुक्त राखी हामीलाई यसले हाम्रो मुलुकको आर्थिक विकासमा सम्पूर्ण प्रयास केन्द्रित गर्न अवसर दिन्छ दोश्रोकुरा यसले क्षेत्रीय शान्तिका निमित योगदान पुऱ्याउन सक्दछ । हुन सक्छ हामी विश्व शान्तिक लागि पनि योगदान दिन सक्ने होऔं ।

प्रश्नः– नेपाली सेनाले राष्ट्र संघीय शान्ति सेनामा सम्मिलित भई कस्तो भूमिका खेलेका छन् ?

उत्तरः– भारत–पाकिस्तान युद्ध, लेवनान तथा सानाइका युद्धमा शान्ति कायम गर्ने कार्यमा हामी संलग्न भएकाछौं । शान्तिको काममा नेपालीहरू संलग्न नभएको कुनै क्षेत्र छैन ।

प्रश्नः– तर लेवनानबाट त नेपाली सेनालाई फिर्ता बोलाइयो ।

उत्तरः– लेवनानमा इजरायलले प्रवेश गरेपछि राष्ट्र सङ्घीय शान्ति सेनाका निमित्त त्यहाँ कुनै भूमिका नरहेको कुरा हामीले अनुभव गऱ्यौं । भविष्यमा शान्ति सेनाले प्रभावकारी भूमिका खेल्न सक्ने देखिएमा हामी फेरि सम्मिलित हुने छौं ।

प्रश्नः– क्यानाडा तथा संयुक्त राज्य अमेरिका दुवैको बराबर जल विद्युत् उत्पादन गर्न सक्नेक्षमता नेपालको छ भनिन्छ । जल विद्युतको यस्तो विकासले नेपालका लागि के माने राख्दछ ?

उत्तरः– उर्जा शक्ति भन्नासाथ यसबाट स्वयमेव पूरक लाभहरू प्राप्त हुने कुरा बुझिन्छ । यसबाट जङ्गलको कटानीलाई रोक्न र वातावरण जोगाउन मद्दत पुग्छ । साथै जल विद्युत् बिक्री गरेर हामीले आम्दानी आर्जन पनि गर्न सक्नेछौं ।

प्रश्नः– विद्युत् उत्पादनका निमित्त जलस्रोतलाई उपयोग गर्ने नेपालका प्रयासका सम्बन्धमा राष्ट्रपति रेगनले कस्तो मदत दिनु हुने भयो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तर:– मूलतः हामी सो स्रोत नेपालमा छ र नेपाली जनताको जीवनस्तर उकास्नका निमित्त त्यसको उपयोग हुनु पर्छ भन्ने कुरा बुझाउन आएका छौं । राष्ट्रपति रेगनलाई हामीले सहयोग गर्न निकै तत्पर रहेको पायौं ।

प्रश्नः– के उहाँले यस सम्बन्धमा अमेरिकाबाट दिइने सहयोगलाई प्रष्टसंग भन्नु भएको छ ?

उत्तर:– सिंचाई, खानेपानी, जल परिवहन, मत्स्य पालन र पर्यटन जस्ता विभिन्न क्षेत्रलाई ओगट्ने सो योजना बारे अध्ययन गरिनु पर्ने प्रश्नने पहिले आउँदछ । अनि मात्र खास योजना कार्यान्वयन गर्ने कुरा उठ्छ ।

प्रश्नः– सरकारबाट विश्व बैंकका अधिकृतहरूसंग पनि भेंट गरिबक्सेको छ । के सो योजना बहुराष्ट्रिय प्रयासबाट कार्यान्वयन गर्ने परिकल्पना हो ?

उत्तर:– हामीले अनेकौं राष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूसंग सम्पर्क राखेका छौं ।

प्रश्नः– नेपालले विगतमा गाँजा जस्ता वस्तुको अवैध व्यापारमा समस्या झेल्नु परेको थियो। के अहिले त्यो नियन्त्रित भइसकेको छ ?

उत्तर:– नेपालबाट वा नेपाल भित्र यस्ता अवैध वस्तुको ओसार प्रसारको समस्या त्यति ठूलो छैन यो समस्या त्यस्ता कुराको प्रशोधनबाट शुरू हुन्छ र प्रशोधनको विधि पश्चिमबाट आएको हो । यो खतराजनक कुरा हो र यसलाई निश्चयनै बन्द गरिनु पर्छ भन्ने मलाई लाग्दछ । नेपालमा जताततै गाँजा उम्रिन्छ । तर बहुसंख्यक नेपाली जनता यसपट्टि संलग्न छैनन् । हामी यस वस्तुको खराबीलाई महसूस गर्छौं र यसलाई नियन्त्रण गर्न सचेष्ट छौं । हामीले सम्बद्ध सबै अन्तर्राष्ट्रिय कानूनहरूमा हस्ताक्षर गरिसकेका छौं र यसलाई नियन्त्रण गर्ने कुरामा सहयोग गर्न तयार छौं । तर नेपाल एकलैले मात्र यो समस्याको समाधान गर्न सक्ने स्थितिमा नभएको कुरा बुझिदिनु पर्छ ।

प्रश्नः– नेपालमा रेडियो शिक्षा कार्यक्रम संचालन भएको छ, यसका उद्देश्यहरू के हुन् ?

उत्तर:– ग्रामीण क्षेत्रका शिक्षकहरूलाई शिक्षण प्रविधि बारे ज्ञान दिन रेडियोको प्रयोग भइरहेको छ । पर्वतीय मुलुक भएकोले नेपालमा संचार कठिन छ । हामीले जतिसुकै गरे पनि अझै पर्याप्त भएको छैन । त्यसकारण गाउँसम्म पुग्न एउटै माध्यम रेडियो भएको छ । मुलुकभर साक्षरता कार्यक्रमलाई अघि बढाउन यो एक प्रभावकारी टेवा हुन पुगेको छ भन्ने हामीलाई लाग्दछ ।

प्रश्नः– सरकारबाट संयुक्त राज्य अमेरिकाको भ्रमणबाट के उपलब्धि हासिल हुने आशा राखिबक्सेको छ ?

उत्तर:– यसअघि १६ वर्ष पहिले विद्यार्थी छंदा मैले अमेरिकाको भ्रमण गरेको थिए । हाल मेरो हैसियत बेग्लै छ मैले अमेरिकामा सम्पर्क बढाई मित्रहरू बनाउने आशा राखेको छु र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमेरिकाबाट सिक्ने आशा पनि छ । यो सम्पर्कहरूले नेपाली जनतालाई लाभ होला भन्ने पनि मेरो आशा छ ।

प्रश्नः– पश्चिमी देशका व्यापारिक लगानीका लागि नेपालमा कस्तो वातावरण छ ?

उत्तरः नेपालमा निजी लगानी कर्ताहरूलाई प्रोत्साहित गर्न सक्दो सबै कुरा गरिरहेका छौं । हामी विदेशका व्यापारीहरू आफैं यहाँ आई वास्तविक स्थिति बुझुन् भन्ने चाहन्छौं । हाम्रो देशमा विदेशी लगानीको लागि वातावरण अनुकूल छ भन्ने विश्वास दिलाउन चाहन्छु । हामी निजी व्यापारी र संयुक्त लगानीकर्तालाई आमन्त्रित गर्दछौं । श्री ५ को सरकारले यस्तालाई प्रोत्साहित गरेको छ । मलाई लाग्छ यो हाम्रो आधारभूत आवश्यकता परिपूर्तिका लागि सहायक हुनेछ ।

–:०:–:०:–

गोरखापत्रमा प्रकाशित पुस २६, २०४०

१३६७६
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu